# 'श्रमिक' को 'सम्पादकीय सङ्कलन : तेस्रो खण्ड' र 'एकक्षण' पुस्तकाकारमा प्रकाशित

भक्तपुर । 'श्रमिक' साप्ताहिकद्वारा प्रकाशित पुस्तकहरू 'सम्पादकीय सङ्कलन : तेस्रो खण्ड' तथा 'एकक्षण : सामयिक टिप्पणी सङ्कलन' वैशाख १९ गते एक समारोहबिच सार्वजनिक गरिएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले पुस्तक तथा पत्रपत्रिकामा भाषालाई शुद्ध बनाउनको लागि सम्पादकहरूको महत्त्वपूर्ण भूमिका रहनेमा जोड दिनुभयो ।

'मजदुर' र 'श्रमिक' भक्तपुरको मात्र नभई सबै श्रमजीवीहरूको पत्रिका भएको उहाँले जिकिर गर्नुभयो ।




पत्रिकामा लेख्नेदेखि वितरणमा लाग्ने सबैको उत्तिकै महत्त्व रहने हुनाले बौद्धिक कार्यक्रमहरूमा सबैको उपस्थिति हुनुपर्ने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ पुस्तालाई अगाडि ल्याऔँ । त्यसले कम्युनिस्ट आन्दोलनलाई ठूलो टेवा दिनेछ ।"

स्रष्टा समाजका अध्यक्ष लक्ष्मणराज जोशीले कुनै पनि पत्रकारिता निष्पक्ष हुँदैन भन्नुभयो ।

बाँकी पृष्ठ ११ मा

साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क १५ ✪ २२ वैशाख २०८३, मङ्गलबार ✪ 5 May 2026, Tuesday ✪ मूल्य रु. १०/-

## पन्धौँ दैलेख जिल्ला सम्मेलन सम्पन्न
# पार्टी कार्य समिति पार्टीको उद्देश्यअनुसार अगाडि बढ्नुपर्ने




दैलेख । नेपाल मजदुर किसान पार्टी दैलेख जिल्ला समितिको १५ औं जिल्ला सम्मेलनको उद्घाटन कार्यक्रम वैशाख १९ गते दैलेखको राकममा सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले पार्टीले स्थापनाकालदेखि नै देश र जनताको नि:स्वार्थ सेवा गर्ने राजनीतिलाई अगाडि बढाउँदै आएको र जिल्ला सम्मेलनबाट गठन हुने नयाँ कार्यसमिति पार्टीको उद्देश्यअनुसार अगाडि बढ्न सक्षम हुने शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "भदौ २३ गतेको शान्तिपूर्ण भनिएको नयाँ पुस्ताको आन्दोलनमा भएको घुसपैठ र हत्या तथा भदौ २४ गतेको आगजनीका दोषीहरूलाई सरकारबाट कारबाही हुनु आवश्यक छ । यो घटना हुनुमा ३५ वर्षयता पालैपालो सरकारमा गएका पार्टी र तिनका नेताहरू नै दोषी हुन् । शासक दलहरू प्रतिपक्षीमा बस्न नचाहने र सरकारको भागबन्डामा जाने भएको हुँदा यो घटनामा मलजल पुगेको हो ।"

"तत्कालीन सरकारका प्रधानमन्त्री केपी ओली र राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २३ र २४ गतेको घटनाबारे पूर्वअनुमान गर्न नसक्नु दुवैको अक्षमता र नालायकीपन हो । राष्ट्रपति पौडेलले भदौ २४ गते देश जल्नुअघि नै संविधानको पालना गरी संसद्बाट निकास दिनुपर्ने थियो । त्यसो नगरी बिनासूचना राष्ट्रपतिको सरकारी निवासबाट बाहिर निस्कनु र प्रधानमन्त्री केपी ओली पनि राजीनामा दिएर बिनासूचना सरकारी निवास बालुवाटारबाट निस्कनु नालायकीपन र अक्षमता नै हो । ती दुवैले जनतालाई स्पष्टीकरण दिनु आवश्यक छ", प्रमुख अतिथि सुवालले बताउनुभयो ।

उहाँले कर्फ्युको बेला भदौ २६ गते राति ११:०० बजे पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको मल्ल होटेल अगाडि कुनै व्यक्तिसँग भेटेपछि निर्वाचन सरकारको प्रधानमन्त्री सुनिश्चित हुनुको रहस्यको जवाफ अझै नआएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "कार्की आयोगको बयानमा भदौ २३ र २४ गतेको घटनाबारे नेपाल प्रहरीका अधिकारीहरूले संसद् परिसरभित्र रहेको नेपाली सेनाको टोली ५ मिनेटमै बाहिरिएको, सेना र सशस्त्रको मौनताले प्रहरीमात्र प्रहारको बिन्दुमा परेको, सेना र सशस्त्र नै भिड नियन्त्रण नगरी पछाडि हटेको उल्लेख हुनुले नेपालको सुरक्षा संयन्त्रबिच समन्वय र सहकार्य अभाव भएको पुष्टि हुन्छ । यसका जिम्मेवारहरूमाथि छानबिन र कारबाही हुनु आवश्यक छ ।"

बाँकी पृष्ठ ११ मा

# १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस जुलुस र सभा गरी मनाइयो




भक्तपुर । नेपाल क्रान्तिकारी मजदुर सङ्घको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस वैशाख १८ गते जुलुस र सभा सम्पन्न भयो ।

दूधपाटीबाट सुरु भएको जुलुस नगर परिक्रमापछि सूर्यमढीमा पुगी सभामा परिणत भएको थियो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले सङ्घर्षबाटै देश र जनताको मुक्ति हुने उल्लेख गर्दै जनताको सङ्गठित शक्तिले नै जनताका हक अधिकार प्राप्त भएको विचार व्यक्त गर्नुभयो ।

आन्दोलनबाट प्राप्त अधिकार कुनै सरकारले खोसेमा निर्वाचित सरकारलाई जनआन्दोलनबाटै हटाइने विचार व्यक्त गर्दै उहाँले जनताको विश्वास नभएर या असन्तोष बढेरै सरकार असफल हुन्छ भन्नुभयो ।

सन् १९१७ मा लेनिनको नेतृत्वमा भएको क्रान्ति सफल भएरै समाजवाद स्थापना भएको उल्लेख गर्दै उहाँले समाजवादी क्रान्ति पछि देशमा परिवर्तन आएको बताउनुभयो । उहाँले निर्दोषको ज्यान लिने र देशको सम्पत्ति नष्ट गर्ने व्यक्तिमाथि कारबाही हुनुपर्छ भन्नुभयो ।

भदौ २३ र २४ गतेको आन्दोलनमा साम्राज्यवादी या विदेशी शक्ति राष्ट्रहरूको घुसपैठतर्फ जनता सचेत हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले अपराधीहरू सजायभागी हुनुपर्छ भन्नुभयो ।

राजनीतिक चेतनाको अभाव र साम्राज्यवादीहरूको चलखेलले पेरिस कम्युन असफल भएको तर्फ सबैले शिक्षा लिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले समाजवादी व्यवस्थाको निम्ति न्यायप्रेमी जनता एक हुनुपर्नेमा जोड दिनुभयो ।

विदेशी सहयोगको भरमा देश विकास र आत्मनिर्भर नहुने स्पष्ट पार्दै उहाँले राजनीतिमा खेलबाड गरेर निरङ्कुशता लाद्नेहरू नटिक्ने बताउनुभयो ।

दुईदिनको बिदाले सरकारी अस्पतालमा स्वास्थ्य सेवामा असर पर्ने उल्लेख गर्दै उहाँले यसले महँगो निजी अस्पताल पोस्ने काम गर्छ भन्नुभयो ।

इमानदारीपूर्वक जनताको सेवा नगर्नेहरू जनसेवक नहुने उल्लेख गर्दै उहाँले गरिब जनतालाई स्वास्थ्य सेवामा राहत दिन, स्वास्थ्य सेवामा सहज बनाउन व्यवस्था गरिएको स्वास्थ्य बीमाबारे सरकार मौन रहेको बताउनुभयो ।

संसद् छलेर अध्यादेश ल्याउन नहुनेमा जोड दिँदै उहाँले भन्नुभयो, "सरकारले महँगी नियन्त्रण गर्नुपर्छ । कृषि उत्पादनमा जोड दिनुपर्छ । युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्न र जनताका आधारभूत आवश्यकता पूर्ति गर्न कलकारखानाहरू खोल्नुपर्छ ।"

नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईंले साम्राज्यवाद अन्त्य नभएसम्म संसारमा शान्ति र सुरक्षाको अनुभूति नहुने

बाँकी पृष्ठ ११ मा

# 'सुकुमवासी' हरूको व्यवस्थापन कि विस्थापन ?

केही दिनदेखि खोला किनारा, पर्ती र सार्वजनिक जग्गा अतिक्रमण गरेर दशकौँदेखि बसोबास गरी आएका सुकुमवासीहरूका घर टहराहरू नेपाल सरकारले भत्काउँदै छ । हजारौँ घर टहराहरू भत्काइसकेको छ भने त्यो क्रम तिव्र गतिमा अघि बढ्दै छ । त्यहाँ बसोबास गर्ने सबै धनी, ठग र हुकुमबासीमात्र होइनन् । त्यसरी परिभाषा गर्नु न्यायोचित हुँदैन । त्यहाँ वास्तविक सुकुमवासीहरू पनि धेरै छन् । तिनीहरूको पहिचानै नगरी धमाधम घर, टहरा भत्काउनु समस्याको समाधान होइन ।

गरिबहरूको सर्वस्व भनेकै एउटा सानो छाप्रो वा झुपडी हो । सरकारको कदमपछि उनीहरू अहिले सडकमा पुगेका छन् । उनका बालबच्चाहरूको पढाइ छुटेका छन्, सुत्केरीहरू विचल्लीमा परेका छन्, बिरामीहरूको बिजोग छ । त्यो कहालीलाग्दो दृश्य अहिले ठाउँ ठाउँमा देखिएका छन् । सुकुमवासीको पहिले नामावली तयार गरी व्यवस्थापन गरेको भए सरकारको यति विरोध हुने थिएन । सरकारी विद्यालय देशकै सम्पत्ति हो । ३ वटा सार्वजनिक विद्यालयसमेत भत्काउँदा अहिले ५०० भन्दा बढी विद्यार्थीहरू विचल्ली भएका छन् ।

'नौ जना अपराधी छुटून् तर एकजना निर्दोष मान्छेले सजाय नपाओस्' भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त छ । वर्तमान सरकार त्यस सिद्धान्तविपरीत अघि बढ्दै छ । डोजर चलेदेखि अहिलेसम्ममा दुई जनाले आत्महत्या गरिसकेका छन् । अब कतिले आत्महत्या गर्छन्, कति रोग र भोकले मर्छन् ? त्यो भने हेर्न बाँकी नै छ । त्यसको जिम्मेवारी सरकारले लिने कि नलिने ? जसको कुनै घर जग्गा छैन त्यस्ताहरूलाई पहिले नै व्यवस्था गर्नुपर्थ्यो । जबरजस्ती डोजर लगाएर क्रुता प्रदर्शनले समस्यालाई झन् जटिल बनाउनेछ । हरेक नागरिकलाई आवासको अधिकार संविधानले सुनिश्चित गरेको छ भने आवास ऐनमा पनि कसैलाई पनि आवासबाट बञ्चित नगरिने कानुनी व्यवस्था छ ।

निर्वाचनको बेला रास्वपाका सभापति रवि लामिछानेले ठाउँ ठाउँका सुकुमवासी बस्तीमा गएर डोजर चल्यो भने सबभन्दा अगाडि मेरो छातीमा चल्नेछ भनेर भोट मागेका थिए । सरकार बनेको दुई महिना नहुँदै सुकुमवासी र अव्यवस्थित बस्तीमाथि अन्धाधुन्ध डोजर चलाएर राज्य आतङ्क सिर्जना गरेको छ । अझ उनी जनआक्रोशबाट बच्न स्थानीय तहहरूले रास्वपाको काँधमा बन्दुक राखेर रास्वपाको बदनाम गरिरहेको भनी निर्लज्जतापूर्वक आपत्ति व्यक्त गर्दै छन् । उनले आफ्नो सरकारको कमजोरीलाई ढाँक छोप गर्न स्थानीय तहहरूलाई दोष दिँदै छन् । के प्रहरी, सशस्त्र प्रहरी र सेना स्थानीय तहहरूले खटाएका हुन् ? रवि लामिछानेको यो दुई जिब्रे पारा नभए के हो ?

हुकुमबासीहरूले जग्गा अतिक्रमण गरिरहेको पाइएमा त्यस्तालाई कानुनबमोजिम कारबाही गर्नुपर्छ । सार्वजनिक जग्गा अतिक्रमण गर्नेलाई कसैले पनि संरक्षण दिनु हुँदैन । यस अघिका एमाले, नेका र माओवादीले जे गरेका थिए, त्यो पनि गलत थियो । उनीहरूले गरेको काम गलत भन्दैमा त्यसरी बसोबास गरिरहेकाहरूलाई २४ घण्टाको सूचनामा जबरजस्ती उठाउनु पनि त उचित होइन नि ।

कति ठाउँहरूमा रास्वपा सांसदहरूलाई प्रवेश निषेधसम्म घोषणा गरेका समाचारहरू आइरहेका छन् । पर्ती, सार्वजनिक जग्गा अतिक्रमण गरेर बसेकाहरू काठमाडौँ उपत्यकामा मात्र होइन, देशैभरि छन् । ती सबैको लगत सङ्कलन गरी व्यवस्थित

बाँकी पृष्ठ १२ मा


# विश्व प्रसिद्ध मजदुर आन्दोलन तथा समाजवाद र सान्दर्भिक विषयवस्तुबारे अन्तरक्रिया




बाँके । नेपाल मजदुर किसान पार्टी बाँकेले कोहलपुरमा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेमकिपाका अध्यक्ष रोहितद्वारा लिखित विश्व प्रसिद्ध मजदुर आन्दोलन तथा समाजवाद र सान्दर्भिक विषयवस्तुबारे वैशाख १८ गते अन्तरक्रिया कार्यक्रम गऱ्यो ।

कार्यक्रममा नेमकिपा लुम्बिनी प्रदेश संयोजक हरिसुन्दर वासीले ८ घण्टा काम र ज्याला बढाउन सफल

बाँकी पृष्ठ १२ मा



कार्ल मार्क्स

सर्वहाराहरूसित गुमाउनका लागि आफूलाई बाँधेको सिक्रीबाहेक केही छैन । तिनीहरूसित जित्नका लागि सारा संसार छ ।

## सम्पादकीय

# आफूले गुण गर्दैमा सबै गुण फर्काउँछ भन्ने होइन !

'गुणका वैरी मानिस जाती'...'मानिस बाँकी रहँदासम्म' ।

'पिँजडाको सुगा' कवितामा कवि लेखनाथ पौड्यालको यस्तो भनाइ छ भने एक नेपाली उखानमा 'मानिसभन्दा कुकुर गुणी हुन्छ' यद्यपि, 'कसैको गुण बिर्सिनु हुन्न' र 'गुणको बदला गुणैले तिर्नुपर्छ' भन्ने भनाइहरू पनि समाजमा नभएका होइनन् । यस्ता भनाइ र उखानहरू आ-आफ्ना समाज र फरकफरक जातजाति, भाषाभाषीमा पनि होलान् । यही कुरा देशहरूका माझ पनि हुन्छन् । गुणको पैँचो तिर्ने भावना आफ्नै समाजमा होस् वा देश - देशको बिचमा पनि होस्, हुने पनि गर्छ हुनु आवश्यक पनि छ ।

यही विषयलाई सरलतापूर्वक लागू भएमा देश - देशको बिचको मैत्री सम्बन्ध व्यवहारमा राम्रै हुने देखिन्छ । सुरुमा चिनियाँहरूले नेपालमा बाटोघाटो, कलकारखाना, ट्रली बस आदि सहयोग दिँदा त्यसबारे नेपालीहरूले सोध्दा तल्लो वर्गका ती चिनियाँहरूले नेपाल र नेपाली सरकारले हाम्रो देशको स्वतन्त्रतालाई मान्यता दिएको र संयुक्त राष्ट्र सङ्घमा नेपालले चीनको सदस्यताको पक्षमा बोलेर सहयोग गरेको आदि जवाफ दिन्थे ।

भारतीयहरूसँग पनि उनीहरूले नेपाललाई गरेको सहयोगबारे प्रश्न गर्दा तल्ला तहका भारतीयहरू भन्थे, 'हामीले तिमीहरूलाई राणा शासनबाट मुक्त गरिदियौँ, 'बाइरोड' बनाइदियौँ, हजारौँ नेपाली युवाहरूलाई नापी नक्सा बनाउने र जान्ने सुन्ने बनायौँ, प्राध्यापक, शिक्षक र डाक्टरहरू दियौँ र छात्रवृत्तिहरू दियौँ ।'

अब नेपालले भारतलाई के के दियो भनिरहनु परेन !

त्यस्तै अमेरिकाले नेपालमा तराईको सबभन्दा ठुलो समस्या 'मलेरिया' रोगबाट मुक्त गर्न, तराईमा बसोबास गर्न लायक बनाउन 'मलेरिया उन्मूलन गर्न' सहयोग गर्‍यो र शिक्षा क्षेत्रमा मद्दत गर्‍यो । उनीहरू भन्थे, नेपालका ठुलाबडाका सन्तानहरूलाई अमेरिकी विचारअनुसार 'योग्य र सक्षम' बनायौँ र शासन गर्ने नेता दियौँ ।

ती गुणको बदलामा अमेरिकालाई नेपालले के दियो भनी सोधे नयाँ पुस्ताले भन्नेछन् - "हामीले अमेरिकालाई नेता होइन, मालिक बनायौँ र संसारमा सबैभन्दा बढी ऋणको ब्याज दियौँ र दिँदै छौँ। हामी नेपालीलाई डलरमा बेच्दै छौँ ।"

नेपालीले सबभन्दा बढी गुण मान्ने देश बेलायत हो । अहिले पनि नेपालीहरू अङ्ग्रेजहरूलाई मान्दै आएका छन् । तिनीहरूले इतिहासमा छलछाम गरेर हामीलाई लडाइँमा हराए । हाम्रा झण्डै तीन भागको एक भाग भूमि बेलायती भारतमा मिलाए । अनि फेरि तिनीहरूले हाम्रा सबल युवाहरूलाई छानीछानी र गनीगनी लिई जागिर दिए । लप्टन र कप्तानजस्ता दर्जा दिए, नेपाली जनतालाई थाहै नदिई तिनीहरूको अनेक लडाइँमा सिक्नको निम्ति अगाडि राखेर 'वीर सिपाहीँ' बनाए । संसारमा 'गोर्खाली' बहादुर भनी चिनाए । भारत, चीन, अफ्रिका र अन्य विभिन्न उपनिवेश देशहरूमा नेपाली गोर्खाहरूलाई बलिदानी भनी 'सुवर्ण अक्षर' लेखाए । ती देशका स्वतन्त्रता माग्ने देशभक्तहरू र स्वतन्त्र सङ्ग्रामीहरूलाई हत्या गर्न दिए - टर्की र फोकल्यान्डमा जस्तै । धेरै नेपाली आमाको काख रित्याए, धेरै नेपाली युवतीहरूको सिन्दुर पुछ्न बाध्य पारे, कति लाला-बालाहरूलाई टुहुरा बनाए, अङ्ग्रेजहरूले ल्हासामा सर गर्दा हामी नेपालीहरूलाई गुप्ती र जासुस बनाए । भरिया र ठेकेदार बनाए ।

हालका समयमा पनि लेनिनको देशमाथि हमला गर्न हामीले नेपालीहरूलाई वैध अवैध ढङ्गले युक्रेन र इजरायलमा पठायौँ - नयाँ नयाँ लडाइँको कला-कौशल सिकाउन अनि प्यालेस्टिनीहरूको पुस्तै नाश होस् भनी महिला र केटाकेटीहरूलाई मात्रै मार्ने पापमा सघायौँ ।

हो, नेपाललाई अङ्ग्रेजहरूले बिजुली, पुल, सडक, दरबार हाइस्कूल, त्रिचन्द्र कलेजलगायत अङ्ग्रेजी भाषा सिकाउने जस्ता 'विकास' मा सघाए । सिंहदरबार र अन्य दरबारहरू बनाउन योग्य नेपाली इन्जिनियरहरू बनाइदिए । ऐस-आरामका सबै वस्तु तिनीहरूले नै दिए । हो, त अफ्रिकामा ऐना र काँचका टुक्रा दिएर त्यहाँका जनताबाट सुनका टुक्रा र हिराहरूसँग साटे, आज तिनीहरूकै मालिक अमेरिकाले अन्य देशमा जस्तै हाम्रो देशमा पनि सेतो झन्डा लिएर एमसीसी भनी नेपाल पसे - दक्षिण एसियामा युद्धका बीउ छर्दै !

नेपालीहरूमध्ये नेवारहरू राजधानीमा बस्छन्-'अलकापुरी, कान्तिपुरी नगरी' भन्दै भानुभक्तलाई सम्झिँदै । तर, नेवारहरूलाई बडा इज्जतपूर्वक जान्ने, सुन्ने र भोग्नेहरूले भन्छन् - 'नेवार असल नोकर र खराब मालिक तथा काम नलाग्ने शासक ।'

किन ?

किनभने नेवारहरूलाई राजनीति पच्दैन रे !

यसकारण, देश र जनताको निःस्वार्थ सेवा गर्न सिकाएका नेवारहरू भोलि शत्रुको झोलामा पुग्छन् - साथीको आलोचनालाई गाली सम्झेर शत्रुको हेलालाई आशीर्वाद सम्झन्छन् - गुण गरेका बाजे पुस्ता र बा, काकाका छोराछोरीसमेत शत्रुको निम्ति स-साना पदमा पुग्छन् । एउटा उखान छ - 'सिँगान सफा गरिदिनेलाई नाक काट्न खोजेको सम्झन्छन् ।' सारा नेपाली सचेत नभए हामी मानिस होइनौँ, दास बन्नेछौँ - अमेरिकी परचक्रीको !

# घुसपैठ, हत्या र आगजनीका दोषीहरू को को हुन् ?

✍ प्रज्ज्वल

६ महिनायता देशमा उथलपुथल हुनुमा पैतीस वर्षयता सरकारमा गएका दलहरू नेका, एमाले, माओवादी, राप्रपालगायत जिम्मेवार छन् । भदौ २३ गतेको शान्तिपूर्ण आन्दोलनमा घुसपैठ ? निहत्थाको हत्या कसरी गराइयो र भदौ २४ गते संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत देशभरि आगजनी कसरी भयो ? के नेपाली जनताले सरकारी सम्पत्तिमा एकै दिन आगजनी गर्न सक्छन् ? यो आगजनीमा अगाडि देखिएका नेपाली अनुहार अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका गोटी नै हुनु पर्दछ । यो यथार्थ खुलिरहेको छ, खुल्दै आउनेछ ।

कुनै पनि पार्टी र कोही नेता दुई–चार वर्षमा परिपक्व हुन सक्दैनन् । रास्वपा गठन भएको ६ महिनालगतै २०७९ को प्रतिनिधिसभा निर्वाचनमा २० स्थान पुग्यो । २०८२ को प्रतिनिधिसभा निर्वाचनमा रास्वपाको स्थान २८२ पुग्यो । पछिल्लो नतिजा आउनुमा पैतीस वर्षयता एकल र संयुक्त सरकारमा गएका नेका, एमाले, माओवादी र राप्रपा पनि दोषी हुन् । निर्दलीय पञ्चायत र राजतन्त्रको विरोध गरेका यी शासक दलका नेताहरू फासीवादी र निर्वाचित राजाजस्तै भए । यी शासक दलहरूले देश र जनताको निःस्वार्थ सेवा गरेनन् । जनताको समस्या समयमा समाधान गरेनन् र सम्भावित दुर्घटनाबारे पूर्वानुमान गर्न पनि सकेनन् ।

भदौ २३ र २४ गतेको घटनायताको देशको अवस्था अध्ययन गर्दा सरकारका सुरक्षा निकायबिच समन्वय नभएको पुष्टि हुन्छ । कार्की आयोगमा बयान दिएका नेपाल प्रहरीका अधिकारीहरूले स्पष्टसँग भने– भदौ २४ गते देशभरि आगजनी भइरहँदा सशस्त्र प्रहरी बल, नेपाल र नेपाली सेनाको सहयोग र सहकार्य प्राप्त भएन । सुरक्षा निकायबिच यस किसिमको असहयोगको अवस्था आउनेबारे पैतीस वर्ष सरकार चलाएका नेका, एमाले, माओवादी, राप्रपालाई थाहा नभएको होला ? निश्चय नै थाहा भएको हुनुपर्दछ ।

भदौ २४ गते देशमा आगजनी भइरहँदा प्रधानमन्त्रीको कुर्सीमा रहेका एमालेका केपी ओली राजीनामा दिएर जनतालाई जानकारी नदिई कहाँ गए ? देशमा आगजनी भइरहँदा राष्ट्रपति रामचन्द्र पौडेल प्रम ओलीको राजीनामा स्वीकृत गरी जनतालाई जानकारी नदिई कहाँ गए ? के एमालेबाट सभामुख भएका देवराज घिमिरेले यो सङ्कटको अवस्थामा सर्वदलीय बैठक बोलाउनु पर्दैन ? यी प्रश्नहरूसँगै तत् पदाधिकारीहरूलाई इतिहासले जिम्मेवार ठहऱ्याउने नै छ ।

भदौ २३ गतेको आन्दोलनका आयोजकहरूले शान्तिपूर्ण हुने भनेका थिए । तर, आन्दोलनमा माइक व्यवस्थापन, पानी खुवाउने नाममा घुसपैठ भएका को को हुन् ? टीओबी मोटरसाइकलमा ठुलठुलो आवाज पड्काएर प्रदर्शनकारीहरूलाई उत्तेजित पार्ने को हुन् ? प्रदर्शनमा भाला, रड, झम्पल, गुलेली, घन, बेल्चा, पेट्रोल बम बोकेर आएका, मादक पदार्थ र लागूपदार्थमा लठिएका, आपराधिक पृष्ठभूमिका लुटेरा, मनोरोगी, भगौडा प्रहरी, गुण्डाहरू 'राजा आउ देश बचाउ' भनी नारा लगाउँदै शान्तिपूर्ण आन्दोलनलाई अपहरण गर्ने को हुन् ? सहकारी ठगी र सङ्गठित अपराधमा थुनामा रहेका रास्वपा सभापति रवि लामिछानेलाई जेल फोडेर बाहिर ल्याउने को हुन् ? नेताखोर भर्सेल एप बनाएर आगजनी गर्नुपर्ने भवनको नक्सासमेत मोबाइलमा पठाई भीड जम्मा गर्ने को हुन् ? रास्वपाबाट गृहमन्त्री भएका सुधन गुरूङले भदौ २४ गते प्रहरी महानिरीक्षकबाट आफूलाई प्रहरी मुख्यालय आगजनीबाट जोगाउन मद्दत मागेको र बचाइ दिएको भन्न सक्ने आँट उनलाई कहाँबाट प्राप्त भयो ? यो प्रश्नको जवाफ पनि खुल्नेछ ।

भदौ २३ र २४ गतेको दुर्घटना घटाउन संरा अमेरिकी सहयोग संस्था IRI, NED, SFT, बारबरा फाउन्डेसन, हामी नेपाललगायत संस्थाको हात रहेको पनि खुल्दै छ । भदौ २३ र २४ गतेको विध्वंसमा संलग्नहरूलाई रास्वपाबाट उम्मेदवार बनाउने र जिताउने तारतम्य मिलाउने शक्ति नेपालीसँग मात्र नहोला । वरिष्ठ पत्रकार अनिल गिरीले एक सञ्चारमाध्यममा प्रश्न गरे– एक लाख सेनामध्ये असी हजार परिचालन भरी बालेनलाई प्रम बनाउने प्रधानसेनापति भदौ २४ गते सिंहदरबार आगजनी हुँदा निभाउन किन गएनन् ? केही विश्लेषकहरूले सिधा प्रहार टीभी, प्राइम टीभीमा केही सेनापतिहरूको नागरिकतामा जन्म मितिबारे प्रश्न उठाए भने सुकुमवासी उठाउन नेपाली सेना प्रयोगबारे आपत्ति जनाए ।

नेपालभरी कतै घरजग्गा नभएकालाई सरकारले बसोबास र रोजगारीको व्यवस्था गर्नु जरूरी हुन्छ । यतिखेर अन्यत्र जग्गा भएका र रास्वपाबाट प्रतिनिधिसभामा निर्वाचित भएकाहरू केपी खनाल, सागर ढकाल, प्रशान्त उप्रेती, भरत पराजुलीलगायतको सरकारी ऐलानी जग्गामा घर बनेको सार्वजनिक भयो । देशका पूर्व पश्चिम उत्तर दक्षिणबाट बसाइँसराइ भई सरकारी ऐलानी जग्गामा बसोबास गरेका लाखौँ जनता भएको र त्यस्तो घरजग्गा अनौपचारिकरूपमा लाखौँ करोडौँ रुपैयाँमा बेचबिखनसमेत भइरहेको पनि खुलिरहेको छ । रास्वपाले यो गम्भीर अवस्थालाई थामथुम पार्न यतिखेर प्राधिकरण गठन गर्नुपर्ने प्रस्ताव यसकारण सारेको पनि सार्वजनिक भयो ।

रास्वपाको विधानमा शोषणरहित समाज र निर्वाचन वाचापत्रमा आर्थिक उदारीकरणजस्ता एक अर्को विपरीत आशय उल्लेख छ । आर्थिक उदारीकरणमा सार्वजनिक संस्थान निजीकरण हुने र विदेशी पुँजी लगानी खुला हुने हुँदा शोषणरहित समाज सम्भव हुँदैन । शोषणरहित समाजको निम्ति उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादी व्यवस्था आवश्यक हुन्छ ।

रास्वपा सरकारको बहाली भएको दिन गत चैत १३ गते एक सय कार्यसूची तय गरियो । सरकारी सुविधा प्राप्त नहुने क्षेत्रको ट्रेड युनियन यथावत हुनु आवश्यक छ । यो जनताको मौलिक अधिकार हो । सम्पत्ति छानबिन राणा र पञ्चायतकालदेखि नै हुनु आवश्यक छ । विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क नभएसम्म कक्षा ५ सम्म आन्तरिक परीक्षा बन्द गरेर मात्र उपलब्धि हुनेछैन । अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्कटको अध्ययन कार्यदल गठन गरेर पुग्दैन । सार्वभौम देशहरू इरान, भेनेजुयला, प्यालेस्टिनलगायत माथि ट्रम्प र न्येतन्याहु प्रशासनको सैन्य हमलाको विरोध हुनु आवश्यक छ । रास्वपा सरकारको आर्थिक र विदेश मामिला यसअघिका शासक दलहरूको भन्दा फरक छैन ।

# सरकारको उदासिनताले अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरले संवैधानिक हक पाउन सकेन




शुक्र

गत शुक्रबार विश्वभरि नै १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइयो । मे दिवस मजदुरहरूको हक, अधिकार र मजदुरहरूको योगदानको सम्मानमा गर्ने दिन हो ।

श्रम सर्वेक्षण, २०७५ ले १५ वर्षमाथिको २ करोड ७ लाख ४४ हजार जनसङ्ख्यामध्ये ७० लाख ८६ हजार (४४ लाख ४६ हजार पुरुष र २६ लाख ४० हजार महिला) जना रोजगारीमा रहेको उल्लेख छ । रोजगारीमा रहेका मध्ये ८४.६ प्रतिशत (करिब ५९ लाख ९४ हजार) मजदुर अनौपचारिक क्षेत्रमा कार्यरत छन् । औपचारिक क्षेत्रका करिब १५ प्रतिशत मजदुरमात्र व्यवस्थित तथा सुनिश्चित रोजगारीमा छन् भने ८५ प्रतिशत अनौपचारिक क्षेत्रका मजदुर अनिश्चित रोजगारी र कम ज्याला मजदुरीमा बाँचिरहेका छन् ।

सरकारी तथ्याङ्कअनुसार कृषि, वन र मत्यपालनमा २१.५ प्रतिशत, व्यापारमा १७.५ प्रतिशत, निर्माणमा १३.८ प्रतिशत, सेवा तथा बिक्रेता पेसामा २३.८ प्रतिशत, यातायातमा ४.५ प्रतिशत मजदुर आबद्ध छन् । उनीहरूले हप्तामा ४४ देखि ५५ घण्टासम्म काम गरेर औसत मासिक १७ हजार ८०९ रुपैयाँ आम्दानी गर्ने गरेको केन्द्रीय तथ्याङ्क कार्यालयले जनाएको छ । कृषि क्षेत्रमा १४ लाख ३४ हजार, गैरकृषिमा २९ लाख ४ हजार र घरेलु श्रममा ७३ हजार मजदुर कार्यरत रहेको तथ्याङ्क छ ।

अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरलाई कारखानामा, सामाजिक सुरक्षा र उपदानको सुविधा दिइएको छैन । २०७६ साउन १ गतेदेखि सबै मजदुरको लागि योगदानमा आधारित सामाजिक सुरक्षा लागू गरिएको भनिए पनि अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरलाई यसले समेट्न सकेको छैन । २०८३ वैशाख १७ गतेसम्ममा २३ हजार ४ सय ६० रोजगारदाताले ६ लाख ९३ हजार १ सय ६० जना मजदुरलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध गरेको जनाइयो । सोमध्ये अनौपचारिक क्षेत्रमा कार्यरत ९ सय १५ जना मजदुर र स्वरोजगारमा रहेका ९ सय ३२ जना मात्रै सामाजिक सुरक्षा कोषमा आबद्ध भए । यो तथ्याङ्कबाट सामाजिक सुरक्षा कोषले अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरलाई समेट्न नसकेको देखाउँछ । नेपालको संविधानले रोजगारीको हक, उचित पारिश्रमिक तथा योगदानमा आधारित सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गरे पनि सरकारको उदासिनताले अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरले संवैधानिक हक पाउन सकेन ।

नेपालमा १५ वर्ष वा सोभन्दा माथिको उमेर समूहका करिब ९ लाख ८ हजार व्यक्ति बेरोजगार रहेको तथ्याङ्क छ । केन्द्रीय तथ्याङ्क कार्यालयद्वारा प्रकाशित श्रमशक्ति सर्वेक्षण, २०७४/७५ अनुसार बेरोजगारी दर ११.४ प्रतिशत रहेको उल्लेख छ । बेरोजगारमध्ये ५ लाख ११ हजार पुरुष र ३ लाख ९७ हजार महिला छन् । बसोबासका आधारमा ६ लाख ४० हजार सहरी क्षेत्रमा र २ लाख ६८ हजार ग्रामीण क्षेत्रमा छन् ।

नेपालले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) को नीतिमा हस्ताक्षर गरेको छ । उक्त नीतिअनुसार श्रम बजारलाई पूर्ण रूपमा औपचारिक बनाउने उल्लेख छ । श्रम मन्त्रालयको पञ्चवर्षीय रणनीतिक योजना बनाइयो । कृषि, निर्माण र यातायात क्षेत्रका साथै महिलाकेन्द्रित हुने गरी क्षेत्रगत औपचारिकीकरणको निदान गर्ने, घरेलु मजदुरको प्राथमिकता, क्षमता र आवश्यकताको पहिचान गर्ने, अनौपचारिक रोजगारी/स्वरोजगारमा रहेका मजदुरलाई सामाजिक सुरक्षाका कार्यक्रममा पूर्ण सहभागी गराउन उनीहरूको प्राथमिकता, आवश्यकता र क्षमताबारे राष्ट्रिय सर्वेक्षण गर्नेलगायत कार्ययोजना बनाए पनि अहिलेसम्म कार्यान्वयन गरिएको छैन । यसले हालसम्मका सरकारहरू मजदुरहरूको नभएको पुष्टि गर्छ ।

# मजदुरवर्ग आफ्नो अधिकारको लागि निरन्तर लडिरहन्छ

✍ विवेक

*नेपालमा पनि धेरै राजनीतिक पार्टीहरू कम्युनिस्ट पार्टीको झन्डा बोकेर समाजवाद स्थापनाको बाटोमा अगाडि बढ्दै छन् । नेमकिपा, एमाले, माओवादी, माले, नेकपा (संयुक्त), नेकपा मसाल, नेकपा (विप्लव समूह) लगायतका पार्टीहरू समाजवादी क्रान्ति गर्ने दीर्घकालीन उद्देश्यसहित अगाडि बढ्दै छन् । २०४६ सालपछि एमाले र माओवादी पटक पटक सरकारको नेतृत्वमा पुगे र धेरैवटा सरकारमा सहभागी भए । निर्वाचन जितेरै समाजवादी व्यवस्था स्थापना गर्ने उनीहरूको योजना असफल मात्रै भएनन् ती पार्टीहरू नै पुँजीवादी व्यवस्थाको दलदलमा उम्कनै नसक्ने गरी चुर्लुम्म डुबे । पुँजीवादी व्यवस्था परिवर्तनका लागि हिँडेकाहरू स्वयं पुँजीवादी पार्टीमा रूपान्तरण भए । यसले नेपालको कम्युनिस्ट आन्दोलनमा ठुलो क्षति पुगेको छ ।*

संसारभरका मजदुरहरूले मे १ का दिन विभिन्न कार्यक्रमहरूका साथ अन्तर्राष्ट्रिय मजदुर दिवस मनाए । दिनको ८ घण्टाको काम र ज्याला बढाउने मागलाई लिएर भएको आन्दोलनमाथि तत्कालीन अमेरिकी सरकारले चर्को दमन गर्यो तर दमनले मजदुर आन्दोलन रोकिएन । मजदुरहरूले आफ्नो माग पूरा गरेरै छाडे । त्यो विजयको दिनको सम्झना र खुशियालीमा सन् १९८९ देखि मे १ लाई अन्तर्राष्ट्रिय मजदुर दिवसको मनाउन सुरु गरिएको हो ।

पुँजीपतिवर्गको दृष्टिमा मजदुरहरू मान्छे होइनन् । उनीहरूले मजदुरहरूलाई मान्छेको रूपमा व्यवहार पनि गर्दैनन् । पुँजीवादी व्यवस्थामा मजदुरहरूको जीवनको कुनै मूल्य हुँदैन । मजदुरहरू कीराफट्याङ्ग्राजस्तै बाँच्छन्, मारिन्छन् तर कसैले मतलब पनि गर्दैनन् । बढीभन्दा बढी नाफाको निम्ति मजदुरहरूलाई मर्न पनि दिँदैन र बलियो हुन पनि दिँदैन । किनभने, मजदुरहरू बलियो भयो र सङ्गठित भयो भने पुँजीपतिवर्गलाई मसानघाटमा पुऱ्याउँछ भन्ने उनीहरूलाई राम्रोसँग थाहा छ ।

मार्क्स एङ्गेल्सले सन् १८४८ मा कम्युनिस्ट पार्टीको घोषणापत्रमा लेख्नुभयो, 'सर्वहारावर्गसँग हार्नको लागि बाँधिएको सिक्रीबाहेक अरू केही छैन, जित्नको लागि सारा संसार छ ।' घोषणापत्रमा पुँजीपतिवर्गको उत्थान, विकास र पतनको बारे प्रस्ट विश्लेषण गरिएको छ । मजदुरवर्ग र पुँजीपतिवर्गको बिचमा निरन्तर सङ्घर्ष हुने, अन्तिम विजय मजदुरवर्गकै हुने र सर्वहारावर्गको राज्यसत्ता वैज्ञानिक समाजवादको स्थापना हुने बताइएको छ ।

'समाजवाद कसरी प्राप्त गर्न सकिन्छ' भन्ने सन्दर्भमा कम्युनिस्ट घोषणापत्रमा प्रस्टसँग लेखिएको छ- सर्वहारावर्गले बल प्रयोगबाट पुँजीपतिवर्गलाई हटाएर आफ्नो सत्ता कायम गर्दछ ।' यसको अर्थ हो, शासन सत्ता दयामायाले सहज तरिकाबाट एउटा वर्गले अर्को वर्गलाई हस्तान्तरण गर्ने होइन । मजदुरवर्गको सङ्गठित शक्तिले बल प्रयोग गरेर सरकारलाई फालेर आफ्नो शासन सत्ता कायम गर्ने हो । मार्क्स र एङ्गेल्सको महत्त्वपूर्ण शिक्षा यही हो । यही नै मार्क्सवाद हो ।

केही विद्वानहरूले मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेख्नुभन्दा धेरै अगाडिदेखि नै समतामूलक आदर्श समाज निर्माणको कल्पना गरे । त्यसरी आदर्श समाजको कल्पना गर्नेहरूमध्ये एक हुन्, थोमस मोर । उनले १५ औँ शताब्दीमा कल्पनालोक (इटोपिया) भन्ने पुस्तक लेखे । पुस्तकमा सारा जनताको शिक्षा, स्वास्थ्य राम्रो हुनुपर्ने, दुःखविनाको मानिस खुसी हुने कुरा लेखिएको छ ।

सेन्ट साइमन (१७६०-१८२५) ले समतामूलक समाज निर्माणको लागि छिट्टै मजदुरहरूको पार्टी बन्ने र भविष्य त्यही पार्टीको हुने भविष्यवाणी गरे । चार्ल्स फ्युरियो (१७७२-१८३७) ले पुँजीवादी समाजभन्दा बेग्लै समाजको कल्पना गरे । त्यो समाजमा गाउँ र सहरको बिच भेद नहुने, एउटै समूह वा घरमा बस्ने, तिनीहरू विभिन्न दलहरूमा विभाजित हुने, आफ्नो रुचिअनुसारको काम गर्ने तथा गाउँ वा नगरमा करिब १६ सय जना स्थायी बासिन्दा भएको एक आदर्श समाजको कल्पना गरे । रोबर्ट ओबेन ( १७७१-१८५८) ले पनि सामूहिक बस्तीको कल्पना गरे । हरेक परिवारको लागि छुट्टाछुट्टै कोठा रहने, सबै मिलेर गाउँ वा जिल्लाको स्थापना गर्दै र मनोरञ्जनको सामूहिक स्थान बनाउनेसमेतको कल्पना गरे । ती सबैलाई काल्पनिक समाजवादीहरू भनिन्छ ।

मार्क्स र एङ्गेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र लेख्नुभन्दा अघिसम्म समतामूलक समाज निर्माणको कल्पना गरिए पनि त्यो समाज कसरी प्राप्त गर्न सकिन्छ भनी बाटो देखाउन सकेनन् । मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्रमार्फत सशस्त्र क्रान्तिबाट मजदुरवर्गले आफ्नो सत्ता प्राप्त गर्न सकिने बाटो देखाइदिए । त्यो नै मार्क्सवादको महत्त्वपूर्ण पक्ष हो ।

सन् १८७१ मा संसारमा पहिलो पटक फ्रान्सको पेरिस सहरका मजदुरवर्गले सत्ता कब्जा गर्यो । अनुभवबिहीन, सक्षम नेतृत्व नहुनु, र निश्चित सिद्धान्तको आधारमा सशक्त पार्टी नहुनु जस्ता अनेकौँ कमीकमजोरीले पेरिस कम्युन धेरै दिन टिक्न सकेन । पुँजीपति षड्यन्त्र र चालबाजी बुझ्न नसक्दा त्यो असफल भयो । तर, सर्वहारावर्गको आन्दोलन विश्वव्यापी रूपमा निरन्तर अगाडि बढिरह्यो ।

पेरिस कम्युनबाट शिक्षा लिएर लेनिन र स्तालिनको नेतृत्वमा सोभियत सङ्घमा सन् १९७१ मा समाजवादी क्रान्ति भयो । समाजवादको स्थापनापछि जनतालाई शिक्षा र स्वास्थ्य उपचार गर्नु निःशुल्क र प्रत्येक नागरिकले रोजगारीको सुनिश्चितता पाए । उनीहरूलाई कुनै दुःख थिएन । धर्तीमा सुखी जीवन कहीं थियो भने त्यो सोभियत सङ्घमा थियो । पुँजीवादी देशहरूले २, ३ सय वर्षमा गर्न नसकेको काम पनि समाजवादी सोभियत सङ्घका जनताले ३०।४० वर्षमा गरेर देखाए । त्यो देखेर पुँजीवादीहरू आतिए । उनीहरू कुनै पनि मूल्यमा समाजवाद समाप्तितिर लागे ।

साम्राज्यवादीहरूको घुसपैठ, नयाँ नेतृत्वमा राजनीतिक सचेतनाको अभाव, विभिन्न गैरसरकारी संस्थाहरूमार्फत युवाहरूमा समाजवादप्रतिको नकारात्मक भावना फैलाउनेजस्ता विकृतिहरूको परिणाम अन्ततः सन् १९९१ मा सोभियत सङ्घमा पुँजीवादको पुनःस्थापना भयो । त्यसपछिका दिनहरूमा त्यहाँका जनताले अन्य पुँजीवादी देशका जनताले झैँ दुःख पाउँदै छन् । महिलाहरू जीवन बाँच्न यौन व्यापार गर्नुपर्ने, युवाहरू वैदेशिक रोजगारमा जान बाध्य हुने जस्ता समस्याहरूले त्यहाँका जनताले अहिले नर्कको जीवन बिताउँदै छन् । अझ देश नै १४/१५ टुक्रामा विभाजित भएपछि सोभियत सङ्घ अत्यन्त कमजोर मात्र भएन विभाजित देशहरू रुस र युक्रेनबिच नै वर्षौंदेखि भिषण युद्ध भइरहेको छ । त्यस युद्धको कारण हजारौँले ज्यान गुमाए, खरबौँ डलरको भौतिक सम्पत्ति ध्वस्त भयो । यो सबै समाजवादी सिद्धान्त त्यागेर पुँजीवादी व्यवस्था पुनःस्थापनाको परिणाम हो ।

नेपालमा पनि धेरै राजनीतिक पार्टीहरू कम्युनिस्ट पार्टीको झन्डा बोकेर समाजवाद स्थापनाको बाटोमा अगाडि बढ्दै छन् । नेमकिपा, एमाले, माओवादी, माले, नेकपा (संयुक्त), नेकपा मसाल, नेकपा (विप्लव समूह) लगायतका पार्टीहरू समाजवादी क्रान्ति गर्ने दीर्घकालीन उद्देश्यसहित अगाडि बढ्दै छन् । २०४६ सालपछि एमाले र माओवादी पटक पटक सरकारको नेतृत्वमा पुगे र धेरैवटा सरकारमा सहभागी भए । निर्वाचन जितेरै समाजवादी व्यवस्था स्थापना गर्ने उनीहरूको योजना असफल मात्रै भएनन् ती पार्टीहरू नै पुँजीवादी व्यवस्थाको दलदलमा उम्कनै नसक्ने गरी चुर्लुम्म डुबे । पुँजीवादी व्यवस्था परिवर्तनका लागि हिँडेकाहरू स्वयं पुँजीवादी पार्टीमा रूपान्तरण भए । यसले नेपालको कम्युनिस्ट आन्दोलनमा ठुलो क्षति पुगेको छ ।

एमाले र माओवादीको शासनकालमै पनि नेपालका उद्योगहरू निजीकरणले निरन्तरता पायो, वैदेशिक रोजगारीको नाउँमा युवाहरू देश निकाला गरियो, भ्रष्टाचार व्याप्त भयो, महँगी चरम चुलीमा पुग्यो, योग्यताले भन्दा भागबन्डाले प्राथमिकता पाउँदै गयो । यसले नेपाली जनतामा कम्युनिस्ट पार्टीहरूप्रति नकारात्मक भावनाको विकास भयो । जनताले सबै पार्टीहरू एकै ड्याङका मुलाको रूपमा अनुभति गरे । जनताको व्यापक असन्तुस्तीको बिच भदौ २३ र २४ गते अप्रत्यासित घटना घट्यो । दुई दिनको आन्दोलनले नै झण्डै दुईतिहाई प्राप्त एमाले र काङ्ग्रेससहितको गठबन्धन सरकार तासको घरझैँ भत्कियो ।

२०८२ फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाले झण्डै दुईतिहाइ नजिक जित हासिल गर्यो । यतिखेर विभिन्न देशको लगानीमा सञ्चालित गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी (एनजीओ र आइएनजीओ) संस्थाहरूका सञ्चालकहरू सांसद र मन्त्री भएका छन् । निर्वाचन जितेका सांसदहरूले एक महिनामै आआफ्नो चरित्र प्रदर्शन गर्न थालेका छन् ।

नयाँ जोगीले बाक्लो खरानी घसेझैँ स्वतन्त्र पार्टीको सरकारले शिक्षकहरूले राजनीति गर्न नपाउने, विद्यार्थी सङ्गठन खारेज गर्ने, विद्यालय र अस्पतालहरूमा दुई दिन बिदा दिने, संसद् छलेर थुप्रै ऐन कानुनहरू अध्यादेशबाट संशोधन गर्ने, वैकल्पिक व्यवस्थाबिना हजारौँ सुकुमवासी बस्ती हटाउनेजस्ता कार्यहरू गरेर सरकार निरङ्कुशतातर्फ जाने सङ्केत गर्दै छ ।

विभिन्न क्षेत्रबाट रास्वपा सरकारको विरोध सुरु भएको छ । अहिलेको काम कारबाहीलाई हेर्दा रास्वपा सरकार प्रजातन्त्रको बाटो त्यागेर निरङ्कुशतातर्फ अघि बढ्ने सङ्केत देखिन्छ । परम्परागत निरङ्कुशताभन्दा जननिर्वाचित निरङ्कुशता झन् खतरनाक हुन्छ । जनताको हक अधिकार खोसिएमा जस्तोसुकै निरङ्कुशताविरुद्ध पनि जनता सडकमा उत्रन्छन् । सुशासन नारामा होइन व्यवहारमा देखिनुपर्छ । डर, त्रास देखाएर निरङ्कुशता लाद्नु सुशासन होइन । बोली र व्यवहार उल्टो गर्नु पाखण्डी हो । निरङ्कुशता र पाखण्डी व्यवहार सुशासन हुन सक्दैन । त्यो त विगतमा राजा ज्ञानेन्द्र, एमाले, नेका र माओवादीकै पदचापमा हिँड्नु हो । रास्वपाले पनि इतिहासबाट शिक्षा लिन सकेन भने त्यही फोहर नालीमा फालिनेछ । कामदार वर्ग भने आफ्नो लक्ष्य प्राप्तिको बाटोमा निरन्तर अघि बढिरहनेछ ।

# श्रमिकलाई केन्द्रमा राखेर कानुन बनाउन आवश्यक

सत्तासीन दलका नेताहरू विदेशको भरमा बसेको कारण युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्नेतर्फ कहिले पनि लागेनन् । देशमा जनताका आधारभूत आवश्यकता पूर्ति गर्न र रोजगारीको बन्दोबस्त गर्न बन्द भएका उद्योग सञ्चालन गर्ने र अन्य नयाँ नयाँ उद्योग तथा कारखाना खोल्नेतर्फ पनि सरकारको ध्यान गएको देखिँदैन । सत्तारुढ दलहरू देश र जनताप्रति जिम्मेवार नभएकै कारण युवाहरू कामको खोजीमा विदेश लागे । युवाहरूलाई कमाउनको निम्ति विदेश पठाउने योजना सरकारले बुन्यो । झन्डै एक करोड युवाहरू विदेश छिरे । यसैलाई सरकार राम्रो काम सम्झन्थ्यो । यसबाट देशको आयस्रोत बढेकोमा सरकार खुसी छ । युवाहरू विदेश पस्दा रोजगारीको बन्दोबस्त गर्न नपर्ने, आन्दोलन गरेर सरकार उल्टाउला भन्ने कुनै डर हुँदैनथ्यो । यसकारण, सरकार युवाहरू जति विदेश पलायन भए पनि मतलब राख्दैनथ्यो । वैशाख १९ गतेको नयाँ पत्रिकामा लेखियो, "खाडीमा आधुनिक दासत्व भोग्दै नेपाली महिला: खाडीमा नेपाली महिला श्रमिक आधुनिक दासको रूपमा घरभित्र काम गर्न बाध्य छन् ।'

नेपालका युवाहरू वैदेशिक रोजगारी जाने अवस्था सिर्जना गर्ने काम शासकहरूले गरे । शक्तिशाली देशहरू एकातिर अरु देशको स्रोत र साधन कब्जा गर्दै छन् भने अर्कोतिर सस्तोमा यहाँका श्रमिकहरू लगेर फाइदा लिँदै छन् । देशमा काम नपाउने, काम पाउने वातावरण तयार नगर्ने सरकारको कारण युवाहरू बाध्य भएर बिदेसिएका छन् । आय आर्जनको व्यवस्था गर्नेतर्फ सरकार नलाग्दा देशमा बेरोजगारीको सङ्ख्या बढ्नु स्वाभाविक हो । विदेश पुग्नेबित्तिकै काम पाउने होइन । कामको खोजीमा जाँदा काम गर्न नपाउँदै युवाहरू भोक र शोकले थला पर्छन् । काम पाए पनि कामअनुसार ज्याला पाइँदैन । काम कष्टकर हुन्छ । कामकै सिलसिलामा शारीरिक र मानसिक यातना खप्नुपर्ने हुन्छ । मे १ को आन्दोलनले दिएको उपलब्धि कतिले अहिले पनि पाएका छैनन् । त्यसमाथि महिलाहरूको त झनै समस्या छ । यौनहिंसा भोग्नुपर्ने हुन्छ । ओभर टाइमको ज्याला हुँदैन । निर्घातसित पिटिन्छ । दोब्बर समय काम गर्न बाध्य हुन्छ । उनीहरूको मृत्यु बलात्कार र हिंसाको कारण हुन्छ । रोजगारको निम्ति विदेश जाने कामदारको जीवन सुरक्षित हुँदैन । महिलाहरू त घरभित्रै दासी जीवन बिताउन बाध्य हुन्छन् । कष्टकर जीवन बिताउन बाध्य भएको कारण कति महिला कामदारहरू चाहेर पनि नेपाल फर्कन पाउँदैनन् । नेपाल फर्कने वातावरण तयार गरिँदैन ।

सुख र सुविधाको निम्ति विदेश गएका युवाहरू लास भएर नेपाल भित्रिन्छन् । कतिको विदेशमै आत्महत्या हुन्छ । विदेश पुगेका युवाहरूले अर्कै स्वास्नी ल्याएर स्वदेशमा रहेका पत्नीलाई पीडा थपेको हुन्छ । कति स्वदेशमा रहेका पत्नी अर्को केटासँग लागेर विदेशमा रहेको युवाहरूको मन छियाछिया हुन्छ । यसरी रोजगारीको सिलसिलामा विदेश जाने क्रममा परिवारका सदस्यहरूबिच विखण्डन भएको, परिवार छुटेको, झगडा भएको, विश्वासघात गरेको, पैसा हात पारेर अन्यत्र गएका घटनाहरू बग्रेल्ती छन् । स-साना सन्तान छोडेर महिलाहरू विदेश जाँदा आफ्ना सन्तान र वृद्धवृद्धाहरूको स्थिति के होला ? यहाँका बालबालिका र वृद्धवृद्धाहरूको दयनीय अवस्थाले उनीहरूमा मानसिक चिन्ता बढ्नु स्वाभाविक हो । मानसिक चिन्ताकै कारण कतिको मानसिक सन्तुलन गुमेको हुन्छ ।

सरकार रेमिट्यान्सले देश धानेको ठान्छ; त्यसलाई देशकै आयस्रोत मान्छ । तर, यो देशको मुख्य स्रोत होइन, यो स्थिर हुँदैन । देशकै उत्पादनबाट आम्दानीको स्रोत खोजे त्यो स्थिर हुन्छ । आयस्रोत बढ्छ । देश विकास गर्ने बाटो खुल्छ । सरकार श्रमिक या कामदारलाई केन्द्रमा राखेर कानुन बनाउँदैन । गरिबी र असमानता हटाउनेतर्फ सरकारको ध्यान पुगेको छैन । श्रम शोषण अन्त्य भएको छैन । श्रम, समय र सीमा खर्चेर देशको निम्ति काम गर्ने कृषक र मजदुरहरू नै अपहेलित हुन्छन्; उनीहरू नै दबिएका हुन्छन् । संसारका विभिन्न मुलुकमा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइरहँदा सरकारले श्रमिकहरूको पीडा बुझ्नुपर्छ; पीडा बुझेर समस्याको निकास खोज्नुपर्छ । अनि देश बन्छ र देश समुन्नत बनाउन बाटो खुल्छ ।

# विद्यार्थी नयाँ नयाँ कुरा सिक्न जागरुक हुनुपर्ने

भक्तपुर । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस र २०८ औँ मार्क्स जयन्तीको अवसरमा प्रशिक्षण तथा अभिभावकसँग विद्यार्थीको भेटघाट कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सल्लाहकार बजिरसिंह विश्वकर्माले राजनीति भनेको विद्यार्थी कालमै सिक्नुपर्ने बताउनुभयो ।

विद्यार्थीहरू भोलिका कर्णधार भएको कारण अहिले नै सिद्धान्त र विचारप्रति परिपक्व हुनुपर्नेमा जोड दिँदै उहाँले विद्यार्थीहरू सधैं नयाँ नयाँ कुरा सिक्न जागरूक हुनुपर्छ भन्नुभयो ।

नयाँ ज्ञान, सीप र विचार सिक्न कार्यक्रममा उपस्थित हुनुपर्नेमा जोड दिँदै उहाँले समाजवाद प्राप्तिका लागि विद्यार्थी, महिलालगायत सबै शोषित जनताले राजनीति गर्नुपर्नेमा जोड दिनुभयो ।

नेक्राविसङ्घ उपत्यका क्याम्पस परिचालन समितिका अध्यक्ष तारा न्यौपानेले मार्क्स र मे दिवसको बारेमा प्रशिक्षण दिनुभयो । उहाँले सन् १८८९ मा अमेरिकाको सिकागो सहरमा मजदुर आन्दोलन भएको बताउनुभयो ।

पेरिस कम्युन मजदुर (सर्वहारा) हरूको पहिलो राज्यसत्ता भएको पनि उहाँले बताउनुभयो ।

मजदुरहरूको आन्दोलनले ८ घण्टा काम गर्ने र ज्याला बढाउने जस्ता उपलब्धिहरू हासिल भएको उल्लेख गर्दै उहाँले दर्शन, सिद्धान्त र विचारविना कुनै पनि पार्टी पूर्ण नहुनेमा जोड दिनुभयो ।

नेमकिपा सुर्खेत जिल्ला समितिका पूर्वअध्यक्ष बमबहादुर शाहीले शोषित वर्गको उत्थान समाजवादी व्यवस्थामा मात्र हुने उल्लेख गर्दै शोषित वर्ग शोषणबाट मुक्त हुन कम्युनिस्ट सङ्गठनहरूमा आबद्ध हुनुपर्ने बताउनुभयो ।

उहाँले पार्टी सङ्ख्या नभई सिद्धान्त र विचार हुनुपर्ने बताउनुभयो ।

नेमकिपा कर्णाली प्रदेश समितिका सदस्य शिवलाल डाँगीले व्यक्तिवादी सोचाइ र धनको लोभ गर्नेहरूले निःस्वार्थपूर्वक देश र जनताको सेवा गर्न नसक्ने उल्लेख गर्नुभयो ।

नेक्राविसङ्घ कालीकोट-काठमाडौँ सम्पर्क समितिका अध्यक्ष रमेश पाण्डेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा अन्जिरबहादुर शाही, हरिचन्द्र पाण्डे, मनिसा थापा र राजन भण्डारीले पनि बोल्नुभएको थियो ।

# सन्दर्भ : मार्क्स जयन्ती


# कार्ल मार्क्सको सङ्क्षिप्त जीवन परिचय


✍ हरिबहादुर श्रेष्ठ

सन् १८१८ मई ५ को दिन जर्मनीको पश्चिमी भाग, राइन प्रान्तको ट्रियर नगरमा कार्ल मार्क्सको जन्म भएको थियो। एक सभ्य र सुसंस्कृत परिवारमा उहाँ हुर्कनुभयो। राइन प्रान्तमा त्यसबेला तीव्रगतिमा औद्योगिकीकरण अगाडि बढिरहेको थियो।

कार्ल मार्क्स सानैदेखि परिश्रमी हुनुहुन्थ्यो। बालककालदेखि नै उहाँ आफ्नो धेरै समय अध्ययनमा बिताउनुहुन्थ्यो। सन् १८३० देखि १८३५ सम्म उहाँको शिक्षा 'ट्रियर जिम्नेजियम' स्कूलमा भयो। उहाँ त्यसबेला 'ट्रियर जिम्नेजियम' का एक तीक्ष्ण छात्र हुनुहुन्थ्यो। सम्पूर्ण समाजको निम्ति सोच्ने विचार उहाँमा सानैदेखि प्रबल रूपमा देखिन्थ्यो। उहाँले स्कूलको अन्तिम परीक्षामा एक निबन्ध लेख्नुभयो। त्यस निबन्धको शीर्षक थियो, 'पेसा चुन्ने सम्बन्धमा एक तरुणको विचार'। यसमा उहाँले एक युवकले कस्तो पेसा छान्नुपर्छ भन्ने विषयमा निकै राम्रो तर्क दिनुभएको थियो। उहाँले त्यस निबन्धमा नि:स्वार्थरूपले मानवको सेवा गर्ने कुरा लेख्नुभयो। उहाँले विद्यालयको सबैजसो विषय विशिष्ट श्रेणीमा उत्तीर्ण गर्नुभएको थियो।

स्कूल अध्ययनपश्चात् मार्क्सले बोन र बर्लिन विश्वविद्यालयमा कानुनको अध्ययन गर्नुभयो। उहाँ दर्शनशास्त्र र इतिहासमा गहिरो चाख राख्नुहुन्थ्यो। विभिन्न विद्वानका दर्शनशास्त्र र हरेक देशको इतिहासलाई ठुलो चाख लिएर पढ्नुहुन्थ्यो। आफ्नो परिश्रम एवम् तीखो बुद्धिले गर्दा उहाँले विद्यार्थी जीवनमै राम्रो ज्ञान प्राप्त गरिसक्नुभएको थियो।





बर्लिनको 'स्नातक क्लव' मा अर्का जर्मन दार्शनिक हेगेलको दर्शनबारे युवाहरूको छलफल हुन्थ्यो। हेगेल हरेक वस्तु परिवर्तनशील छ र समाज पनि परिवर्तनशील छ भन्ने तर्क गर्नुहुन्थ्यो। मार्क्स पनि त्यस छलफलमा उपस्थित हुनुहुन्थ्यो।

सन् १८४१ मा उहाँले विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि (डक्टरेट डिग्री) प्राप्त गर्नुभयो। उहाँ प्राध्यापक भएर जनताको सेवा गर्ने ठुलो इच्छा राख्नुहुन्थ्यो। त्यसैले उहाँ प्राध्यापनको लागि बोन जानुभयो। तर, सरकारको प्रतिक्रियावादी नीतिले गर्दा उहाँको इच्छा पूरा भएन। त्यसबेलाको सरकारले विश्वविद्यालयमा स्वतन्त्र तथा प्रगतिशील विचार भएको व्यक्तिलाई स्थान दिँदैनथ्यो।

मार्क्स गरिब जनतालाई असाध्यै माया गर्नुहुन्थ्यो। उहाँ सधैँ गरिब जनताको मुक्तिको निम्ति नयाँ-नयाँ विचारहरू मनमा खेलाइरहनुहुन्थ्यो। त्यसैबेला युरोपमा (खास गरेर बेलायत र फ्रान्समा) पुँजीवादको विकास भइरहेको थियो। त्यसताका शासन जमिनदार र सामन्तवर्गको हातमा थियो। यसले गर्दा पुँजीपतिवर्ग धेरै चिढिएका थिए। पुँजीपति र सामन्तवर्गबिच भयङ्कर सङ्घर्ष भइरहन्थ्यो। किसानहरू कमाराजस्तै थिए। तिनीहरू भू-दासत्वबाट मुक्त हुन सकेका थिएनन्। गरिब जनताको यस्तो अवस्था देखेर उहाँ धेरै दु:खी हुनुहुन्थ्यो। गरिब जनतालाई पुँजीपति र सामन्तवर्गको पन्जाबाट छुटाउने सम्बन्धमा धेरै चिन्तनशील हुनुहुन्थ्यो। प्राध्यापक हुने इच्छा छोडेर उहाँले पत्रकार बन्ने निश्चय गर्नुभयो। यसबाट उहाँले गरिब जनतालाई सहयोग गर्ने इच्छा राख्नुभयो।

सन् १८४२ मा जनताको पक्षमा कोलोन भन्ने ठाउँबाट 'राइनिश्चे जाइटुङ' (राइन समाचार) नामक समाचारपत्र प्रकाशित भयो। केही समय कार्ल मार्क्सले त्यस समाचारपत्रमा काम गर्नुभयो र पछि आफै प्रधानसम्पादक हुनुभयो। त्यसमा धेरैजसो लेखहरू जनतामाथिको अत्याचारको विरोधमा छाप्नुहुन्थ्यो। त्यस पत्रिकाले गरिब जनतालाई धेरै चेतना दिने काम गऱ्यो। जनताले त्यस पत्रिकालाई धेरै मन पराउन थाले। त्यसको लोकप्रियतालाई देखेर सरकारले सन् १८४३ मा पत्रिकामाथि प्रतिबन्ध लगायो। मार्क्स त्यसबेला २४-२५ वर्षका युवा हुनुहुन्थ्यो। युवा उमेरमै कार्ल मार्क्स जनताको हितचिन्तक र सरकारविरोधी भइसक्नुभएको थियो।

कार्ल मार्क्सका बुबा हेनरिक मार्क्स एक वकिल हुनुहुन्थ्यो। मार्क्स परिवारको सम्बन्ध भोन वेस्टफालेन भन्ने एक सम्भ्रान्त परिवारसँग थियो। किशोर मार्क्सको पनि त्यस घरमा आवतजावत थियो। त्यहाँ एउटा पुस्तकालय पनि थियो र मार्क्स पुस्तकालयमा अध्ययन गर्नुहुन्थ्यो। त्यस परिवारकी छोरी जेनीसँग कार्ल मार्क्सको प्रेम बसेको थियो। जेनी भोन वेस्टफालेनको जन्म १८१४ मा भएको थियो। उहाँका बुबा लुडविङ भोन वेस्टफालेन राजसभाका सल्लाहकार हुनुहुन्थ्यो। जेनीका हजुरबुवा एक महत्त्वपूर्ण सैनिक व्यक्ति हुनुहुन्थ्यो। वेस्टफालेन परिवार एक सम्भ्रान्त परिवार थियो र जेनीका जेठा दाजु प्रशिया सरकारका गृहमन्त्री थिए।

जेनी एक शिक्षित, बुद्धिमत्ता र अत्यन्त राम्री हुनुहुन्थ्यो। सन् १८४३ मा २५ वर्षको उमेरमा मार्क्सले जेनीसित विवाह गर्नुभयो।

### मार्क्स र एङ्गेल्सको भेट

सन् १८४३ मा मार्क्स फ्रान्सको राजधानी पेरिस जानुभयो। पेरिस पुगेपछि उहाँले राजनीतिशास्त्र र समाजवादको अध्ययन गर्नुभयो। यसले उहाँको राजनैतिक चिन्तनमा अझ स्पष्टता ल्यायो। सन् १८४४ मा पेरिसमा फ्रेडरिक एङ्गेल्ससित मार्क्सको पहिलो भेट भयो। भेटमा उहाँहरूले आफ्ना विचारहरूमा धेरै समानता पाउनुभयो। त्यसैबेलादेखि दुई प्रगतिशील लेखकहरूको गहिरो मित्रता सुरु भयो। प्रशिया सरकारको दबाबका कारण फ्रान्सेली सरकारले मार्क्सलाई पेरिसबाट निष्कासन गऱ्यो। त्यसपछि उहाँ सन् १८४५ मा ब्रुसेल्स जानुभयो। ब्रुसेल्स बेल्जियमको राजधानी हो। त्यहाँ उहाँले अर्थशास्त्रमा गम्भीर अध्ययन सुरु गर्नुभयो। त्यसबेलाका समाजवादीहरूसित सम्बन्ध राख्न सन् १८४६ मा 'कम्युनिस्ट पत्र व्यवहार समिति' खोल्नुभयो। सन् १८४७ मा सबै समाजवादीहरूको निमन्त्रणालाई स्वीकार गर्दै मार्क्स र एङ्गेल्स 'न्याय समिति' (League of Justice) मा सामेल हुनुभयो। त्यसपछि उहाँले त्यसको नाम 'कम्युनिस्ट लीग' (कम्युनिस्ट दल) राख्नुभयो। त्यसबेला मार्क्स २९ वर्षका हुनुहुन्थ्यो।

'कम्युनिस्ट लीग' को दोस्रो सम्मेलन नोभेम्बर १८४७ मा लन्डनमा भयो। त्यसमा मार्क्स र एङ्गेल्सले पनि भाग लिनुभयो। सम्मेलनमा उपस्थित सबैको अनुरोधमा उहाँहरूले प्रसिद्ध 'कम्युनिस्ट घोषणापत्र' लेख्नुभयो। यो 'कम्युनिस्ट घोषणापत्र' फ्रेब्रुअरी १८४८ मा प्रकाशित भयो। यो मार्क्स र एङ्गेल्सको बौद्धिकताको निचोड थियो। त्यस 'घोषणापत्र' ले संसारका सबै सर्वहारावर्गलाई मुक्तिको बाटो देखायो। 'कम्युनिस्ट घोषणापत्र' को सुरुआत यसरी गरिएको छ -"अहिलेसम्मको समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो।" 'घोषणापत्र' को अन्तमा लेखिएको छ - "मजदुरहरूसँग हार्नको निम्ति आफूलाई बाँधेको सिक्रीबाहेक अरू केही पनि छैन। जित्नको निम्ति उसको अगाडि सारा संसार छ !"

त्यस 'घोषणापत्र' ले त्यसबेलासम्म सामन्त र पुँजीपतिवर्गबिचको वर्गसङ्घर्षलाई प्रस्ट्याइदियो। साथै, संसारका मजदुर, किसान, सुकुमवासी र सर्वहारावर्गलाई बाँधेको बन्धनलाई चुँडाल्ने शिक्षा दियो। संसारका सर्वहारावर्गमा एकता ल्याउन 'घोषणापत्र' को अन्तमा लेखिएको छ - "संसारका मजदुरहरू एक होऔँ !"

'कम्युनिस्ट घोषणापत्र' प्रकाशित भएकै वर्ष फ्रान्समा 'दोस्रो राज्य क्रान्ति' सुरु भयो। 'संसारका मजदुरहरू एक होऔँ' को शिक्षा लिएर फ्रान्सको मजदुरवर्ग अगाडि बढ्यो। त्यस क्रान्तिको प्रमुख स्रोत मार्क्सलाई नै ठानेर सरकारले उहाँलाई बेल्जियमबाट पनि निष्काशन गऱ्यो। दृढ निश्चयी मार्क्स बेल्जियमबाट फेरि पेरिस फर्कनुभयो। तर, पेरिसमा पनि मार्क्सले धेरै अप्ठ्याराहरूको सामना गर्नुपऱ्यो। त्यसैले ५ वर्षको निष्काशनकाल सकिएपछि सन् १८४८ मा उहाँ आफ्नो देश जर्मनी फर्कनुभयो।

मजदुर तथा गरिब जनताको निम्ति मरिमेट्ने मार्क्स चुप लागेर बस्नुभएन। स्वदेश फर्केर उहाँले १ जून १८४८ देखि कोलोनका मजदुरहरूको पक्षमा 'न्यु राइनिश्चे जाइटुङ' (नयाँ राइन समाचार) नामक दैनिक पत्र निकाल्नुभयो। यसको प्रधानसम्पादक उहाँ आफै हुनुहुन्थ्यो। उहाँ एक देशका जनताको मात्रै प्रिय नेता नभई सम्पूर्ण सर्वहारावर्गका महान् नेता हुनुभयो। 'नयाँ राइन समाचार' मा उहाँले फ्रान्सेली जनताको क्रान्तिकारी उत्साहको प्रशंसा गर्नुभयो। फ्रान्समा सामन्तवर्गको हातबाट पुँजीपतिवर्गको हातमा शासन सत्ता गयो। पछि, पुँजीपतिवर्गले जनतालाई धोका दिएर निर्मम दमन गऱ्यो। जर्मनीमा पनि क्रान्तिविरोधी शक्तिहरूको विजय भयो। यसपछि उहाँलाई स्वदेशमा बस्न मुश्किल भयो। सरकारले 'नयाँ राइन समाचार' माथि प्रतिबन्ध लगाउन अनेक षड्यन्त्र गर्न थाल्यो। यसले गर्दा १८ मई १८४९ मा सो पत्रिकालाई सरकारले बन्द गरिदियो, 'नयाँ राइन समाचार' को अन्तिम प्रकाशन रातो अक्षरले लेखिएको थियो। कोलोनका मजदुरसित बिदा माग्दै उहाँले भन्नुभयो, "सबै ठाउँबाट आफ्नो अन्तिम साससम्म मजदुरवर्गको मुक्तिको लागि आफ्नो सङ्घर्ष चालू राख्नेछौँ !"

३१ वर्षको उमेरमा सन् १८४९ मा मार्क्सलाई जर्मनी सरकारले देश निकाला गऱ्यो। त्यसपछि उहाँ पेरिस जानुभयो। तर, पेरिसबाट पनि निकालिनु भएपछि उहाँ लन्डन जानुभयो। त्यसबेला जेनी र तीन स-साना बच्चाहरू पनि साथमै थिए। लन्डनमा जेनीले एक शिशु जन्माउनुभयो। प्रवासमा रहँदा सबैको जीवन निश्चय नै कष्टपूर्ण हुन्छ। उहाँको जीवनमा पनि यस्ता कष्टपूर्ण घटनाहरू कैयौँ पटक घटे। उहाँ आफ्नो जीवन निर्वाहको लागि 'न्युयोर्क ट्रिब्युन' नामक पत्रिकामा लेख लेख्नुहुन्थ्यो। तर, घरको खर्च, घर भाडा इत्यादिमा उहाँलाई धौ - धौ पर्थ्यो। कैयौँ दिनसम्म केबल आलु खाएर दिन काट्नुहुन्थ्यो। बाल-बच्चा बिरामी हुँदा औषधि - उपचारसमेत गराउन सकिन्नथ्यो। यसकारण, चार सन्तानमध्ये दुई जना मृत्यु भए। सन् १८५० मा पाँचौँ छोरी जन्मिइन्। उनको पनि गरिबीकै कारण मृत्यु भयो। त्यसबेला मार्क्स परिवारको अवस्था सार्है दयनीय थियो। पाँचौँ छोरी सन् १८५२ मा बितिन्। छोरीको शव उठाउन कात्रो किन्ने पैसा पनि जेनीसित थिएन। यस सङ्कटमा एक छिमेकी प्रवासीले जेनीलाई कात्रो किन्न दुई पाउन्ड मद्दत गरे। त्यसले आफ्नी मृत छोरीको निम्ति जेनीले कात्रो किन्नुभयो।

यस्तो गरिबीको अवस्थामा पनि कार्ल मार्क्स कहिल्यै विचलित हुनुभएन। आफ्नो सिद्धान्तलाई अगाडि बढाउन जस्तै आपत्ति परे पनि धैर्यपूर्वक काम गर्दै जानुभयो। सन् १८५२ देखि १८६१ सम्मको धेरै समय उहाँले 'न्युयोर्क ट्रिब्युन' मा लेखेर बिताउनुभयो। खास गरेर उहाँ आर्थिक लेखहरू लेख्नुहुन्थ्यो। सन् १८५७ मा पुँजीवादी संसारमा आर्थिक सङ्कट सुरु भयो। त्यसबेला उहाँले आर्थिक सङ्कटबाट हुने प्रभावहरूबारे ठुलो अनुभव प्राप्त गर्नुभयो। यसपछि उहाँले पुँजीवादी अर्थशास्त्रीहरूको सिद्धान्त र दृष्टिकोणलाई आलोचना गर्दै 'पुँजी' पुस्तकको प्रथम खण्डको लेखन सुरु गर्नुभयो र सन् १८६५ मा सकाउनुभयो। उहाँले यसलाई साथी एङ्गेल्सको विचारअनुसार हेरफेर गर्नुभयो। सन् १८६७ मा 'पुँजी' को प्रथम खण्ड पूर्णरूपले तयार भयो। उहाँले 'पुँजी' नामक किताबमा पुँजीवादको विकास र यसको पतन कसरी हुन्छ भन्ने स्पष्टरूपमा व्याख्या गर्नुभएको छ।


कार्ल मार्क्सले २८ सेप्टेम्बर सन् १८६४ मा 'अन्तर्राष्ट्रिय मजदुर सङ्घ' को स्थापना गर्नुभयो। एकातिर उहाँलाई पारिवारिक आर्थिक सङ्कटले सताएको थियो अर्कोतिर उहाँलाई 'पुँजी' को दोस्रो खण्ड सुरु गर्नु थियो। यतिमात्र नभएर 'अन्तर्राष्ट्रिय मजदुर सङ्घ' लाई उहाँ धेरै समय दिनुहुन्थ्यो। यसले गर्दा उहाँको शरीर दिन प्रतिदिन कमजोर हुँदै गयो। तर, मजदुर चेतना भने महासागरको छालजस्तै पुँजीवादको जरा उखेल्न अगाडि बढिरहेको थियो। सन् १८४८ देखि १८५२ सम्म भएको फ्रान्सको क्रान्तिमा पुँजीपतिवर्गले दिएको धोकालाई मजदुरवर्गले बिर्सेको थिएन। त्यस अनुभवले उहाँलाई एक व्यावहारिक ज्ञान दियो। पुँजीपतिवर्गले अब सामन्तवादको विरोधमा पुँजीवादी क्रान्ति पूरा गर्न सक्दैन भन्ने अनुभव गर्नुभयो। सर्वहारावर्गले मात्र क्रान्तिलाई पूरा गर्न सक्छ भनी उहाँले सर्वहारावर्गको अधिनायकत्व खडा हुने भविष्यवाणी गर्नुभयो। सर्वहारावर्गको निम्ति उहाँले आफ्ना लेखहरू लेख्नुभयो। उहाँका लेखहरू साँचो अर्थमा आगाका झिल्कासमान थिए। ती झिल्काहरूले पुँजीवादी समाजमा डढेलो लगाउन सक्थे। कार्ल मार्क्सलाई आर्थिक कठिनाइ हुँदा एङ्गेल्सले मद्दत गर्नुहुन्थ्यो र उहाँलाई काम गर्न सजिलो हुन्थ्यो। उहाँ दिनभरजसो 'लन्डन म्युजियम' पुस्तकालयमा अध्ययन गर्नुहुन्थ्यो।

सन् १८७१ मा फ्रान्सको राजधानी पेरिस मजदुरहरूले कब्जा गरे। तिनीहरूले 'पेरिस कम्युन' को स्थापना गरे। 'पेरिस कम्युन' मजदुरवर्गको पहिलो सरकार थियो। पुँजीपतिवर्ग पेरिस छोडेर भर्सेलिज सहरमा भागे। मजदुरहरूले पेरिसमा सर्वहारा अधिनायकत्व कायम गर्न सङ्घर्ष गरे। दृढ निश्चयी 'पेरिस कम्युन' अगाडि बढ्यो। पुँजीपतिवर्गको सत्ता 'पेरिस कम्युन' को हातमा पऱ्यो। संसारमा सर्वहारावर्गको रातो झन्डा पहिलोपटक पेरिसमा फर्फरायो। मार्क्सको सिद्धान्तले पेरिसमा साकार रूप लियो। सत्ता हातमा आएपछि 'पेरिस कम्युन' ले धेरै सुधारहरू गऱ्यो - नि:शुल्क शिक्षाको व्यवस्था गऱ्यो। त्यसताका विज्ञान पनि धर्मको अधीनमा थियो - इसाई

बाँकी पृष्ठ ५ मा

# शुक्रबार सम्पन्न १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका केही झलक


















**कार्ल...**

पादरीहरूले धर्मको नाममा सबै क्षेत्रमा शोषण गर्थे । धर्मले स्वतन्त्र विचारधाराको विकास हुन दिँदैनथ्यो, बौद्धिक विकास गर्न दिँदैनथ्यो । राष्ट्रको ठुलो सम्पत्ति धार्मिक संस्था वा गिर्जाघरको अधीनमा थियो । यसप्रकार, तिनीहरूले धर्मको नाममा शोषण गर्थे । संसारमा पहिलोपटक 'पेरिस कम्युन' ले धर्मको नाममा हुने शोषणलाई अन्त गरिदियो । गिर्जाघरको सम्पत्ति गरिब जनतालाई बाँडिदियो । प्रत्येक मजदुर पेरिसका रक्षक भए । शिक्षालाई धर्मबाट मुक्ति दिलाइयो । हरेकलाई शिक्षा दिन सार्वजनिक शिक्षा व्यवस्था सुरु गरियो । जनतामा रहेको अज्ञानतालाई हटाउन 'पेरिस कम्युन' ले हरेक क्षेत्रमा विभिन्न साहसिक कदमहरू चाल्यो । विवाह र अन्य सामाजिक कामहरू पनि कम्युनको हातमा गयो । संसारमा पहिलोपटक 'पेरिस कम्युन' ले जनताको जीवन सुरक्षाको गहन जिम्मेवारी आफ्नो हातमा लियो । मालिकले आफ्नो इच्छा वा स्वार्थअनुसार गरिब र मजदुर जनतालाई अनुचित काम गराउन नपाउने भए । 'पेरिस कम्युन' ले कामको निश्चित अवधि (आठ घण्टा) र उचित मजदुरी तोकिदियो । यसरी 'पेरिस कम्युन' ले जनतालाई साँचो अर्थमा रोजीरोटीको स्वतन्त्रता प्रदान गऱ्यो ।

विश्वको इतिहासमा 'पेरिस कम्युन' एकदम नौलो उद्देश्य लिएर खडा भएको सर्वहारावर्गको राज्य थियो । 'पेरिस कम्युन' को शिक्षा लिएर संसारका सबै मजदुर अगाडि बढ्ने डरले सबै देशका शासकवर्ग थर-थर काँपिसकेका थिए । सबैले 'पेरिस कम्युन' लाई एक खतराको रूपमा देख्न थाले । 'पेरिस कम्युन' को सुरक्षाको निम्ति मार्क्स अन्तर्राष्ट्रिय सङ्घर्षमा उत्रनुभयो । आफ्नो ज्यानलाई हत्केलामा राखेर उहाँले 'पेरिस कम्युन' को बचाउको निम्ति सङ्घर्ष गर्नुभयो ।

७२ दिनसम्म पेरिसमा 'कम्युन' को रातो झन्डा फरफराइरह्यो । तर, सबै पुँजीपतिवर्ग मिलेर 'पेरिस कम्युन' को निर्मम दमन गरे । 'पेरिस कम्युन' को रक्षाको निम्ति सर्वहारावर्गले आफ्नो सम्पूर्ण ताकत लगाएर लड्यो । अन्तिम बन्दुक भएसम्म मजदुरवर्गले पेरिसमा रातो झन्डा ढल्न दिएन ।

'पेरिस कम्युन'ले सबै राजनैतिक पक्षलाई एकगठ गर्न सकेन, एक केन्द्र हुनुपर्नेमा बहुकेन्द्र बन्यो । 'पेरिस कम्युन' ले पुँजीपतिवर्गलाई गिरफ्तार गर्नुपर्नेमा पादरीहरूमात्र पक्राउ गऱ्यो । पुँजीपतिवर्गलाई भाग्न दिनुहुने थिएन । गुप्तचरहरूमाथि निगरानी राखिएको थिएन । कुनै पालो पहरा नहुँदा कम्युनका नेताहरू मारिए । शत्रुहरूले बारुद खाना थाहा पाएर पहिले नै त्यहाँ आगो लगाइदिए । सैनिकरूपले कामदारवर्गको बस्तीमात्र होइन ठुल्ठुला घर भएका बस्तीहरूमा समेत शत्रुको बाटो छेक्ने काम भएन, त्यहीँबाट शत्रु सेना पेरिस घुस्यो । पेरिसका कम्युनार्डहरूको बैठकमा तुरुन्तै भर्सेलिज वा शत्रुहरूको गढमा हमला गर्नुपर्ने नत्र पछि ढिलो हुने सल्लाह दिइएको थियो । तर, त्यसबारे कम्युनार्डहरू गम्भीर भएनन् । पुँजीपतिहरूले किसानहरूमा मजदुरविरोधी भावना जगाए र लडाइँमा मरे स्वर्ग पुगिन्छ भनी पादरीहरूले किसानलाई विश्वास दिलाएर शत्रु सेनामा भर्ती गराए ।

यसरी मजदुरवर्गमा क्रान्ति, राज्य सत्ता टिकाउने राजनैतिक र सैनिक ज्ञान आदि अनुभवको कमीले फ्रान्सको पुँजीवादी सरकारले जर्मन सरकारलाई पेरिसमा हमला गर्न बाटो खुला गरिदियो । देशी र विदेशी प्रतिक्रियावादी शक्ति मिलेर पेरिस कम्युन दबाए ।

संसारका सर्वहारावर्गले पुँजीपतिहरूको त्यस घोर अत्याचारलाई कहिल्यै बिर्सेनन् । 'पेरिस कम्युन' को निर्मम दमनपछि सर्वहारावर्गका जन्मदातामाथि चारैतिरबाट प्रहार सुरु भयो । तैपनि मार्क्सलाई कसैले विचलित पार्न सकेनन् । उहाँले यस सङ्कटको घडीमा पनि दृढतापूर्वक भन्नुभयो, "'पेरिस कम्युन' लाई आफ्नो गौरवपूर्ण अगुवाको रूपमा सधैँ नै याद गरिनेछ" ।

'पेरिस कम्युन' को हारबाट मार्क्सलाई ठुलो दुःखको अनुभव भयो । उहाँको शारीरिक अवस्था दुर्बल हुँदै गइरहेको थियो । 'पुँजी' को दोस्रो र तेस्रो खण्ड समाप्त गर्ने उहाँको सपना सफल हुने सम्भावना भएन । २ डिसेम्बर १८८१ मा जेनी मार्क्सको क्यान्सर रोगले निधन भयो । जेनी मार्क्सको निधनले उहाँलाई अझ ठुलो धक्का लाग्यो । यस्तै बेला उहाँकी जेठी छोरी 'जेनी लाङ्गे' को निधनले उहाँलाई थप पीडा भयो । शरीर कमजोर भए पनि आफ्नो आदर्शप्रति उहाँलाई ठुलो विश्वास थियो । लामो अवधिसम्मको प्रवासको कष्टपूर्ण दिनहरूमा 'पुँजी' लाई पूरा गर्नुभयो । 'अन्तर्राष्ट्रिय मजदुर सङ्घ' का लक्ष्यहरू पूरा गर्नको लागि दिलोज्यानले काम गर्नुभयो । पारिवारिक आर्थिक समस्या र अरू विभिन्न महत्त्वपूर्ण कामहरूलाई पूरा गर्नुपर्दा उहाँले आराम गर्न पाउनुभएन । आखिर मानव शरीर पनि एक मेसिनसमान नै हो । काम गर्दा-गर्दा पुरानो भएपछि काम गर्न नसक्ने हुँदोरहेछ !

मार्च १४ सन् १८८३ मा ६५ वर्षको उमेरमा वैज्ञानिक कम्युनिज्मका जन्मदाता कार्ल मार्क्स सदाको निम्ति अस्ताउनुभयो । उहाँ संसारका सर्वहारावर्गका नेता हुनुहुन्थ्यो । उहाँले एक नौलो युगको जग बसाल्नुभयो । उहाँको शवलाई १७ मार्च सन् १८८३ मा पत्नी जेनीसँगै लन्डनको 'हाइगेट' नामक समाधिमा समाधिस्थ गरियो । मार्क्सका घनिष्ट मित्र एङ्गेल्सले उहाँको समाधिको छेउमा उभिएर मुटु छुने भाषणमा भविष्यवाणी गर्नुभयो, "उहाँको नाम युगौँ - युगसम्म अमर रहनेछ; उहाँको कीर्ति पनि अमर रहनेछ ।"

मार्क्सको निधनको खबरले संसारका कामदार जनतालाई शोकमा डुबायो । जर्मनी, फ्रान्स, बेल्जियम, स्पेन, नेदरल्यान्ड, रुसलगायत विभिन्न देशका मजदुर नेताहरूले लन्डनमा शोक सन्देश पठाए । न्युयोर्कदेखि लन्डनसम्म संसारको कुना-कुनामा मार्क्सको स्मृतिमा भएका बैठक र ऱ्यालीहरूमा समाजवादी नेताहरूले मार्क्सका विचारहरू अमर रहने र मार्क्सले जुन उद्देश्यको निम्ति आफ्नो जीवन समर्पित गर्नुभयो, त्यो उद्देश्य पूरा हुनेमा दृढ विश्वास व्यक्त गरे । मार्क्स र एङ्गेल्सका साथी लेसनरले मार्क्सकी छोरी इलेनरलाई पठाउनुभएको चिठीमा लेखिएको छ - "मार्क्सको नाम र शिक्षा यस धर्तीमा मानव जाति अस्तित्वमा रहेसम्म रहनेछ ! सूर्यले जस्तै उहाँको विचारले मानव जातिलाई उज्यालो दिइरहनेछ, यसलाई कसैले पनि रोक्न सक्नेछैन ।" त्यस्तै बर्लिनको कृषि एकेडेमीका एक विद्यार्थीले एङ्गेल्सलाई पठाएको चिठीमा लेखिएको थियो, "मार्क्सको विचार युगौँसम्म सम्मानित रहनेछ र १९ औं शताब्दी मार्क्सको नाममा रहनेछ !"

मार्क्स र एङ्गेल्सको शिक्षालाई मार्क्सवाद भनिन्छ । मार्क्सका कति रचनाहरू एङ्गेल्सकै सल्लाहअनुसार परिमार्जन भएको बताइन्छ । 'कम्युनिस्ट घोषणापत्र' मा समेत प्रश्न-उत्तरको भाग एङ्गेल्सकै शैली बताइन्छ । त्यस्तै मार्क्सका अन्य रचनाहरूमा समेत मार्क्स र एङ्गेल्सको संयुक्त चिन्तन भएको अनुभव पाठकहरू गर्छन् । मार्क्स बित्नुभएपछि एङ्गेल्सले मार्क्सका अधुरा रचनाहरू पूरा गर्नुभयो । मार्क्सको मृत्युपछि एङ्गेल्सले 'पुँजी' को दोस्रो र तेस्रो भाग प्रकाशन गर्ने अभिभारा पूरा गर्नुभयो ।

# हर्मुजदेखि पनामासम्म अमेरिकाको डकैती

✍ गेरी विल्सन

अप्रिल १९ गते हर्मुज जलनाकानिर अमेरिकी सेनाले इरानी झन्डावाहक कार्गो जहाज कब्जा गर्‍यो। त्यस यता इरानी सेनाले हर्मुज जलनाकाबाट आउजाउ गर्ने कार्गो जहाजहरूलाई अवैध रूपमा कब्जा गर्दै आएको छ। अप्रिल २४ गते ट्रम्पले अमेरिकी जलसेनालाई इरानी डुङ्गाहरूलाई 'गोली ठोक्न र मार्न' आदेश दिए। हर्मुज जलनाकामा ती डुङ्गाले माइन (धराप) बिछ्याएको आरोप थियो उनको।

इरानले अमेरिकी आरोप स्वीकारेको छैन। अमेरिकी आरोप निराधार छ। किनभने, अमेरिकी सेनाले यस्तै आरोप पहिले पनि लगाएको इतिहास छ। कुनै बेला उसले 'लागूऔषध युद्ध' को झन्डा बोकेका जलबेडा क्यारिबियासागरमा पठाएको थियो। त्यहाँ लागूऔषध बोकेको आरोप लगाएर उसले ससाना डुङ्गाहरूमाथि बमबारी गरेको थियो। आजसम्म पनि उसको त्यो आरोप पुष्टि भएको छ। अमेरिकी तरिका पुरानै हो - पहिले आरोप लगाउने, शत्रुलाई ध्वस्त पार्ने, प्रत्यक्ष प्रमाणहरू नष्ट गर्ने र बाँकी रहेको भग्नावशेषलाई प्रमाणको रूपमा पेस गर्ने।

दशकौंदेखि वासिङटनले जलसेना, आर्थिक प्रतिबन्ध र डलर प्रणालीमाथिको पकडका बलमा समुद्री मार्गलाई मुट्ठीमा राख्न सकिने दाबी गर्‍यो। हर्मुजले उसको त्यो दाबीलाई फिक्का बनाइदिएको छ। युद्धका कारण इरानले नाका बन्द गरेपछि वासिङटन अहिले 'पारवहन स्वतन्त्रता' को नारा फलाक्दै छ। शक्ति गुमेपछि उसले 'कानुनको रक्षा' गर्ने नाटक गर्दै छ।

**कानुनी कथा**

राष्ट्रसङ्घको एउटा कानुन छ - समुद्री अभिसन्धि। वासिङटन र तेहरान दुवैले त्यसमा सही गरेका छैनन्। त्यसैले वासिङटनले 'पारवहन स्वतन्त्रता' भन्ने कानुनी आधार नै छैन। 'पारवहन स्वतन्त्रता' तटस्थ कानुन नै होइन। वासिङटनले बलजफ्ती जलसेना, डलरनिर्भर व्यापार र राज्यहरूको पदानुक्रमअनुसार 'पारवहन स्वतन्त्रता' लाई एक सर्वव्यापी नियमको रूप दिँदै आएको मात्र हो।

समुद्रमा जे अभ्यास भइरहेको थियो त्यो एकदम सरल छ। अमेरिकी जलबेडाहरू समुद्रमा आफूखुसी हिँड्थे र अमेरिकी आडमा विभिन्न देशका कार्गोहरू यताउता जान्थे। वासिङटनले निसाना साँधेका देशहरूले अमेरिकी नियम मान्नुपर्थ्यो। आफ्नो जलबेडा, प्रतिबन्ध र बीमा दबाबको बलमा अमेरिकाले यो नियम लागू गर्थ्यो। नियम मान्न अस्वीकार गर्ने देशलाई अमेरिकाले 'कानुन मिचेको' आरोप लगाउँथ्यो र प्रतिकारमा उत्रिन्थ्यो।

एक व्यवसायिक जहाज प्रणालीका विज्ञले समुद्री कानुन शान्तिपूर्ण समयका लागि मात्र हुन् भने। युद्धको बेला जहाज रोक्ने, अर्काको जहाजमा घुस्ने र जहाजै कब्जा गर्ने काम हुँदै आएको छ। यस्ता कार्यलाई राष्ट्रिय सुरक्षाको नाममा उचित देखाउने गरिन्छ। इरानी विदेशमन्त्री अब्बास अरागचीले अप्रिल २२ गते इरानको अडान स्पष्ट पारे। दक्षिण कोरियाली दूतसँग उनले आफ्नो धारणा प्रस्ट पारेका थिए। फेब्रुअरी २८ गते अमेरिकाले आक्रमण गरेपछि इरानले एक तटवर्ती देशको रूपमा अन्तर्राष्ट्रिय कानुन पालन गर्दै आएको तथा आफ्नो सुरक्षा एवम् राष्ट्रिय हितको रक्षार्थ स्वदेशी कानुनलाई पनि नछोडेको उनको विचार थियो।

तसर्थ, वासिङटनले एकातिर हर्मुज नाकामा युद्ध गर्ने र अर्कोतिर शान्तिपूर्ण कालको जस्तो पारवहन नियमको माग गर्न मिल्दैन। यो दोहोरो चरित्र हो।

**अमेरिकाले के गर्न मिल्दैन ?**

ट्रम्पको 'ठोक र मार' आदेश इरानका तथाकथित माइन बिछ्याउने डुङ्गाहरूतिर लक्षित छ। तर, खाडी क्षेत्रको हकमा माइन युद्धमा नै अमेरिकी जलसेना सबैभन्दा कमजोर रहेको स्थिति छ।

सन् २०२५ मा अमेरिकी जलसेनाले खाडी क्षेत्रमा माइन हटाउने धेरै 'स्वीपर्सहरू' हटाएको थियो। यो काम लिटोरल लडाकु जहाजलाई सुम्पिएको थियो। यसको कमजोर क्षमता देखेर जलसैनिकहरू यसलाई जिस्काउने गर्छन्। त्यसैले यो जहाजसँग इरानी सेनाको नाकैमुनि रहेको हर्मुज जलनाका खोल्ने क्षमता छैन।

अभाव 'स्वीपर्स' हरूको मात्र होइन। अप्रिल २१ गते अमेरिकी हिन्द-प्रशान्त कमान्डका प्रमुख एडमिरल सामुयल पापारोले सिनेट समितिमा भने, "मसँग पर्याप्त जल-थल जहाज छैन। हामीसँग पर्याप्त थल-ध्वसंक छैन। हामीसँग पर्याप्त पनडुब्बी त छँदै छैन।"

हाल अमेरिकाका तीन विमानवाहक जलबेडाले इरानलाई तीनतिरबाट घेरिरहेको अवस्था छ - भूमध्यसागर, लालसागर र हिन्द महासागरबाट। 'यूएसएस जर्ज एचडब्लु बुश' अप्रिल २३ गते हिन्द महासागरमा पस्यो। त्यहाँ पहिले नै 'यूएसएस अब्राहम लिङ्कन' जलबेडा थियो। त्यस्तै, 'यूएसएस जेराल्ड आर फोर्ड' आपत्कालीन मर्मतपछि पुनः लालसागरमा फर्केको छ। यी तीन जलबेडाले इरानलाई समुद्रबाट तर्साउन सक्छन्। तर, इरानी मिसाइल, ब्यालेस्टिक लन्चर र चुस्त आक्रमण गर्न सक्ने डुङ्गाका अगाडि तिनको केही सीप चल्दैन। आफ्नो तटवर्ती क्षेत्रको रक्षाका लागि इरानले दशकौं अगाडिदेखि यो भौतिक पूर्वाधार निर्माण गरेका छन्। यो सुरक्षा घेरा नाघेर अमेरिकी जलबेडाले हर्मुज नाका खुलाउन सक्दैनन्।

अमेरिकी जलबेडाका अन्य सीमा पनि छन्। वालस्ट्रिट जर्नलको एक अध्ययनअनुसार फेब्रुअरी २८ यता अमेरिकाले खाडी क्षेत्रमा राखेको धेरै हतियार खर्च गरिसकेको छ। त्यसको सट्टाभर्ना गर्नका लागि अमेरिकालाई ६ वर्ष लाग्नेछ।

विश्वकै सबैभन्दा खर्चिलो जलसेना अहिले माछा मार्ने डुङ्गा आकार जहाजलाई तर्साउनुपर्ने स्थितिमा पुगेको छ। त्यो पनि 'तिनीहरूले माइन बिछ्याए' भन्ने पेन्टागनको झूटो दाबीको आड लिएर।

**भत्किसकेको छ अमेरिकी व्यवस्था**

हर्मुज निकै ठुलो मोड हो। तर, पहिलो मोड होइन।

गाजाका जनताप्रति ऐक्यबद्धता जनाउँदै यमनी सेनाले सन् २०२३ मा लालसागरबाट आउजाउ गर्ने जहाजहरूमाथि आक्रमण गर्न थाल्यो। अमेरिकाले हस्तक्षेप गर्‍यो र सन् २०२५ मा युद्धविराम भयो। तैपनि, बाब अल-मन्दाब क्षेत्रबाट हुने ट्याङ्करको आवागमन पहिलेभन्दा न्यून छ। यमनी विदेशमन्त्रीले अप्रिल १३ गते एउटा चेतावनी दिए। अमेरिका र इजरायलले इरानविरुद्ध युद्ध चर्काए भने आफूले पनि सैन्य कारबाही बढाउने उनले बताए। अमेरिकी जलसेनाले तनाब चर्कायो भने आपूर्ति शृङ्खला, ऊर्जाको मूल्य र विश्व अर्थतन्त्रमाथि नै प्रहार हुने यमनको तर्क थियो।

रुसविरुद्ध नेटोको छद्म युद्धका कारण कालासागर अहिले कोही पनि जान नमिल्ने स्थान बनेको छ। पहिले डेनिस जलनाकामा रुसको पहुँच थियो। त्यसलाई पनि पश्चिमा मुलुकहरूले प्रतिबन्ध लगाएका छन्। सन् १९४५ पछि अमेरिकाको नेतृत्वमा जसले पारवाहन व्यवस्था निर्माण गरेको थियो, त्यही गठबन्धनले (रुसविरुद्ध युद्ध गर्न) अहिले आफैले बनाएका नियमहरू भत्काउँदै छ। फेरि यो युद्धका आफ्नै सीमा पनि छन्।

**पनामा : जहाँ वित्ततन्त्र क्रियाशील छ**

पनामाको सर्वोच्च अदालतले सन् २०२६ जनवरीमा त्यहाँका दुई नाकामा सिके हचिसनको 'पनामा बन्दरगाह कम्पनी' ले पाएको ठेक्कालाई अवैधानिक घोषणा गर्‍यो। (यो कम्पनीले बालबोआ र क्रिस्टोबल टर्मिनल सञ्चालन गर्दै आएको थियो।) अमेरिकाले महिनौंसम्म दबाब दिएपछि यो फैसला गरिएको थियो। ट्रम्पले पनामा नहर 'फिर्ता लिने' धम्की दिनुका साथै चीनलाई त्यो नहर नियन्त्रणमा राखेको आरोप लगाएका छन्। यसले गर्दा सिके हचिसनमाथि दबाब बढ्यो। यो कम्पनीको मुख्यालय हङकङमा छ भने यसले नहरमा पस्ने र बाहिरिने दुवै नाका (टर्मिनल) सञ्चालन गर्दै आएको छ।

सिके हचिसनलाई यसअघि नै आफ्नो टर्मिनल बेच्न दबाब आइसकेको थियो। सन् २०२५ मार्चमा कम्पनीले 'पनामा पोर्ट कम्पनी' कमा रहेको आफ्नो हिस्सेदारी र विश्वभरि रहेका आफ्ना धेरै जसो गैरचिनियाँ बन्दरगाह 'ब्ल्याक-रक' कम्पनीलाई बेच्ने घोषणा गरेको थियो। (यसमा एमएससी कम्पनीको 'टर्मिनल इन्भेस्टमेन्ट लिमिटेड' ले मध्यस्थता गर्ने थियो।) यो सम्झौतामार्फत पनामाका दुई 'टर्मिनल' अमेरिका पक्षधर वित्त कम्पनी 'ब्ल्याक-रक' लाई हस्तान्तरण गर्ने तय भयो।

पनामा सरकार र अदालतले पछि यो हस्तान्तरणलाई रोक्का गरिदियो। तर, लडाइँ यत्तिकै टुङ्गिएन। पनामाले मार्स्क र एमएससीलाई अस्थायी सञ्चालनको लाइसेन्स दियो। उता सिके हचिसनले ब्ल्याक-रक-एमएससीसँग बन्दरगाहको लेनदेन प्रक्रिया अघि बढाइरह्यो। परिस्थिति फेरियो। तर, हचिसनलाई पनामा नहरबाट हटाउने दबाब फेरिएन।

संसारको झन्डै ५-६ प्रतिशत पारवहन व्यापार पनामा नहरबाट हुन्छ। जल-नाकाहरूमा कसको स्वामित्व रहने भनी निर्णय गर्न सक्ने वासिङटनको स्वतन्त्रतालाई नै आजसम्म 'खुला व्यापार' भनिएको अवस्था हो।

वासिङटनले हर्मुज नाका खुला गर्न सक्दैन। पनामा नहरको हकमा समेत अमेरिका अझै पनि चीनसम्बद्ध कम्पनीको नियन्त्रण खोसेर अमेरिका पक्षधर कम्पनीको हातमा ल्याउन मरिहत्ते गर्दै छ।

**पुरानो व्यवस्थाको ठाउँ कसले लिँदै छ ?**

चीनका सरकारी कम्पनीहरूले सन् २०००-२०२५ बिच विश्वका ९० देशका ३६३ बन्दरगाहमा २४ अर्ब डलर लगानी गरे। यो सन् २०२६ मार्चको तथ्याङ्क हो। 'एङ्करिङ ग्लोबल एम्बिसन' रिपोर्टमा यो तथ्याङ्क पढ्न पाइन्छ। एक रिपोर्ट (UNCTAD) अनुसार चीनका व्यवसायिक जहाजहरूको सङ्ख्या सन् २०२५ मा १० हजार ४४० थियो। यी जहाजहरू प्रत्यक्ष-परोक्ष चिनियाँ हितसँग जोडिएका थिए। अमेरिकी व्यापारिक जहाजको सङ्ख्या १ हजार ७०२ छ। अमेरिकाले आफ्नो जहाजी लगानीको आधा रकम क्रुज जहाजमा लगाएको छ। (त्यो भनेको १११ अर्बमध्ये ६० अर्ब डलर क्रुज जहाजमा लगानी गरिएको छ।) तीमध्ये अधिकांश जहाज पनामा, बहामास र लाइबेरियामा छन्। किन ? अमेरिकी कर प्रणाली र श्रम कानुन छल्न।

अमेरिकी जहाजी बेडाको व्यवसाय खुम्चिँदै छ। अमेरिकी शासकहरूले यो उद्योगलाई यत्तिकै मर्न छोडेका छन्। अमेरिकी झन्डावाहक कार्गो जहाजको निर्माण गर्दा र त्यसको जनशक्ति निर्माण गर्दा धेरै नाफा आउँदैन। यो अमेरिकी वित्तपतिहरूको ठहर हो। जहाजको क्षेत्रमा पनि अमेरिकी वित्तपतिहरूले त्यही काम गरे जून उनीहरूले आवास र औषधि कारोबारमा गरेका थिए। अर्थात् - नाफा सोहोर्ने, लागत घटाउने र उत्पादनबाट बाहिरिने। यही ढाँचा अनुसार ब्ल्याक-रकले पनामाका दुई नाका खरिद गर्न खोजेको हो। यही ढाँचाअनुसार उसले अमेरिकी जहाज उद्योगलाई खोक्रो पारेको हो। अमेरिकी पुँजीवादले आफ्नो उत्पादन क्षेत्रलाई खोक्रो बनाउँछ र अन्य देशले निर्माण गरेको पूर्वाधार किनेर नियन्त्रण जमाउन आफ्नो वित्त व्यवस्थालाई पठाउँछ।

चीनको ढाँचा भने फरक छ। दशकौं लगाएर विश्वका ९० देशमा बन्दरगाह निर्माण गर्नु चानचुने काम होइन। निजी पुँजीले यो काम गर्न सक्दैन, किनभने उसलाई तात्तातो नाफा चाहिन्छ। चीनले जे गर्‍यो, त्यसका लागि तात्तातो नाफाभन्दा पर गएर योजना बनाउने सरकारी कम्पनीहरू, बलियो राष्ट्रिय बैङ्क र राज्यको स्पष्ट निर्देशन चाहिन्छ।

यो क्षमता चीनमा यत्तिकै आएको होइन; क्रान्तिबाट आएको हो। सन् १९४९ को चिनियाँ क्रान्तिले साम्राज्यवाद, स्वदेशी जमिनदार वर्ग र चिनियाँ पुँजीवादको जरा उखेल्यो। तिनको स्थानमा एउटा मजदुर राज्यको स्थापना भयो। सन् १९७८ मा गरिएको सुधारले केही स्थानमा बजार व्यवस्थाको अभ्यास सुरु भयो। तर, चीनले सरकारी बैङ्कका साथै वित्त, ऊर्जा, भारी उद्योग, यातायातजस्ता क्षेत्रका प्रमुख सरकारी कम्पनीलाई निजीकरण गरेनन्। भूमिमाथिको राज्यको स्वामित्वलाई पनि चीनले यथावत राख्यो। यसकारण, चीनले बन्दरगाह, रेल तथा जहाजको क्षेत्रमा अरबौं डलर लगानी गर्न सकेको हो। जब कि अमेरिकी पुँजीवादले यस्तो रकम सेयर किन्न, कम्पनी गाभ्न र वित्ततन्त्र हडप्नमा लगाउँछ।

चीन र अमेरिकाका यी दुई व्यवस्था एकदम विपरीत वर्गीय सिद्धान्तमा आधारित छन्।

इरानको तेलको पैठारी रोकिएको छैन। यो पैठारी एउटा नाकाबाट मात्र हुँदैन। केही तेल जमिनको बाटो हुँदै हर्मुजको पूर्वी भेगसम्म जान्छ। त्यहाँ एउटा टर्मिनल छ, जसबाट दैनिक साढे ३ लाख ब्यारल तेल बाहिरिन्छ। अरू कार्गो छाया जहाज विधिबाट बाहिरिन्छ। त्यो भनेको कार्गोहरू एउटा जहाजबाट अर्को जहाज हुँदै, जहाजमा नयाँ-नयाँ लेबल लगाउँदै र मध्यस्थकर्ताहरूको सहयोगमा अघि बढ्छन्। यसले गर्दा तेल बोकेका जहाजलाई कब्जामा लिन वा तिनको बाटो पहिल्याउन मुस्किल पर्छ। फेरि चिनियाँ खरिदकर्ताहरूले वासिङटनको नीतिभन्दा बाहिर गएर युआनमा व्यापार गर्छन्। यसरी इरानी तेलको कारोबारले डलरको बाटो छल्न पुग्छ।

पश्चिमा विश्लेषकहरूले सन् २०२२ तिर यो प्रणालीलाई आर्थिक प्रतिबन्ध छल्ने अस्थायी उपाय भनेका थिए। आज यो उपाय स्थायी पूर्वाधारमा फेरिएको छ।

पुरानो प्रणाली (अमेरिकी व्यवस्था) लाई वासिङटनले ब्रह्मास्त्रको रूपमा प्रयोग गर्‍यो। त्यसैले इरान, चीन र (अमेरिकाबाट प्रतिबन्धित) आफ्नै तेलमार्ग, जहाजी पैठारीको विधि र भुक्तानी मार्ग निर्माण गरे। अमेरिकाले नियन्त्रण गर्ने समुद्री मार्ग, डलर भुक्तानी, बीमा व्यवस्था र आर्थिक प्रतिबन्धलाई छल्ने गरी ती देशले अलग्गै उपाय खोजे। वासिङटनले यसलाई 'अस्थिरता' भन्छ। तर, उसले कुन देशले व्यापार गर्ने, जहाज कुन बाटो चल्ने र व्यापारको भुक्तानी कसरी गर्ने भनी तय गर्ने शक्ति गुमाउँदै छ।

यहाँनिर खतरनाक बिन्दु पनि छ। वासिङटन पुरानो व्यवस्थालाई बलप्रयोगमार्फत जोगाउन चाहन्छ। यसको लागि उसले हर्मुज जल-नाका, लालसागर र कालासागरमा ऊ बल प्रयोग गर्ने ताकमा छ।

उसको यस्तो हर्कतका कारण अरूले मूल्य चुकाउँछन्। दैनिक जीवन चलाउनका लागि चाहिने तेल, कृषि मल, हिलियम र आल्मुनियमजस्ता पदार्थको मूल्य बढ्छ। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका फातिह बिरोलले वर्तमान समस्यालाई इतिहासकै सबैभन्दा ठुलो ऊर्जा सङ्कट भनेका छन्। एसियाली विकास बैङ्कले यो सङ्कटका कारण एसियाभरि नै उत्पादन, रोजगारी र जीवनस्तर खस्किने चेतावनी दिएको छ।

अमेरिकाको जलसैन्य शक्ति र डलर प्रभुत्वले सधैं मिलेर काम गरेका छन्। जलसेनाले समुद्री मार्गहरूको निगरानी गर्छ भने डलर प्रभुत्वले भुक्तानी, बीमा, ऋण तथा प्रतिबन्धमा नियन्त्रण जमाउँछ। हाल अमेरिकाका यी यी दुवै अस्त्रलाई एकैचोटि चुनौती दिइएको छ।

ट्रम्पको 'ठोक र मार' आदेश र पनामाका बन्दरगाहको लडाइँ एउटै सङ्कटका उपज हुन्। वासिङटनको एउटा खराब बानी छ। ऊ आदेश दिन र अन्य देशका जहाज, बैङ्क र सरकारहरूलाई आफूले भने जस्तो बनाउन अभ्यस्त छ। यसैकारण, अहिले ऊ हर्मुजमा इरानलाई धम्क्याउन र पनामामा बलात बन्दरगाह लुट्न अघि सरेको छ। आफूले भने जस्तो नगर्ने वा आफ्नो तखतमा नआउने देखेपछि ऊ इरान र पनामालाई 'ठोक्छु, मार्छु र ध्वस्त पार्छु' भन्दै छ।

***(स्रोत : एमआर अनलाइन। सम्यक)***



# इरानलाई ताक्दै चीनलाई हानिरहेछ अमेरिका




अमेरिकी अर्थ मन्त्रालयले अप्रिल २४ मा चिनियाँ कम्पनीविरुद्ध दोस्रो दर्जाको प्रतिबन्ध लगाउने घोषणा गर्‍यो। हेङ्ली पेट्रोकेमिकल चीनको निजी तेल प्रशोधन कम्पनी हो। यसले दैनिक ४ लाख ब्यारेल तेल प्रशोधन गर्दै आएको छ। यसैगरी उक्त मन्त्रालयले इरानसँग तेल व्यापार गरिरहेका झन्डै ४० जहाज कम्पनी र जलबेडामाथि पनि प्रतिबन्ध लगाएको छ। सोही दिन मन्त्रालयले इरानसँग जोडिएका क्रिप्टोकरेन्सी वालेटलाई पनि प्रतिबन्ध लगाएको छ। यसले गर्दा झन्डै ३४.४ करोड डिजिटल धन रोक्का भएको छ।

अर्थ मन्त्रालयले यी प्रतिबन्धलाई 'आर्थिक क्रोध' को नाम दिएको छ। इरानविरुद्ध पेन्टागनले चलाइरहेको युद्धको नाम पनि 'पौराणिक क्रोध अपरेशन' छ।

अप्रिल २६ मा हेङ्लीले आफूमाथि लगाइएको आरोपको खण्डन गर्‍यो। उसले 'इरानसँग आफ्नो कम्पनीले कहिल्यै व्यापार नगरेको' बतायो। कम्पनीले आफ्नो कच्चा तेलका आपूर्तिकर्ताले लगातार तेल दिइरहेको र आफ्नो काम निर्बाध चलिरहेको बतायो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमणभन्दा ठिक दुई हप्ताअघि पछिल्लो निर्णय आएको हो। सो भ्रमणमा ट्रम्पले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई भेट्ने कार्यक्रम छ।

अमेरिकाको पछिल्लो प्रतिबन्धले इरानविरोधी नाकाबन्दीलाई चीनसम्म विस्तार गरेको छ। यसले इरानी कच्चा तेलमाथि चीनको पहुँचमाथि प्रहार गरेको छ। चीन इरानी तेलको सबैभन्दा ठुलो खरिदकर्ता हो। इरानको कच्चा तेलले समुद्रबाट आयात गरिने चीनको कच्चा तेलको १० प्रतिशत ओगट्छ।

अप्रिल ५ मा अमेरिकी सेनाले तिफानी नामको ट्याङ्कर कब्जामा लियो। त्यसले इरानको खार्ग टापुबाट २० लाख ब्यारल कच्चा तेल भरेको थियो। त्यहाँबाट जहाज एसियाली र चिनियाँ खरिदकर्ताकहाँ जाँदै थियो। अमेरिकाले बङ्गालको खाडीभन्दा दक्षिणमा त्यसलाई कब्जामा लिएको थियो।

आर्गस मिडियामा तिफानी जहाजबारे खबर छापिएको छ। (ऊर्जा तथा वस्तु बजारबारे जानकारी दिने यो मिडिया लन्डनमा सक्रिय छ।) तिफानी बङ्गालको खाडीबाट मलेसियाको पानीमा पस्ने बेला अमेरिकाले कब्जामा लिएको थियो। उक्त स्थानमा प्रतिबन्धित तेल एक जहाजबाट अर्कोमा सार्ने गरिन्छ। यो ट्याङ्करले गत वर्ष दुई चिनियाँ बन्दरगाहमा तेल पुर्‍याएको थियो। सोही अवधिमा हिन्द महासागरमा दुई इरानी जहाज कब्जामा परेका थिए।

अप्रिल २४ गते पेन्टागतको ब्रिफिङमा रक्षामन्त्री पिट हेगसेथले पत्रकारहरूसँग भने, "हाम्रो नाकाबन्दी फैलिँदै छ र विश्वव्यापी बन्दै छ।" उनले भने, "अमेरिकी जलसेनाको अनुमति बेगर हर्मुज नाकाबाट कसैले पनि विश्वको अन्य स्थानमा जहाज लग्दैन।" अप्रिलमा नाकाबन्दी लगाए यता ३४ जहाजलाई फिर्ता पठाइएको हेगसेथले बताए।

अमेरिकाको मध्य कमान्डले इरानमा आउने वा इरानबाट बाहिरिने जुनसुकै देशका जहाजहरूविरुद्ध नाकाबन्दी लगाएको सेनापति जनरल केनले बताए। (जनरल डान केन अमेरिकाको संयुक्त सुरक्षा परिषद्का अध्यक्ष हुन्।) हेगसेथले भने, "आवश्यक परे ( जलसेनाले) घातक बल प्रयोग गर्नेछ।" त्यसपछि जनरल केनले भने, "राष्ट्रपतिको आदेश पालन गर्नका निम्ति (अमेरिकी सेना) पुन: ठुलो लडाइँ अपरेसन चलाउन समेत तयारी अवस्थामा छ।"

वासिङटनस्थित चिनियाँ दूतावासका प्रवक्ताले प्रतिबन्धले 'अन्तर्राष्ट्रिय व्यापार व्यवस्था र नियमलाई होच्याएको' बताए। प्रतिबन्धले 'चिनियाँ कम्पनी र व्यक्तिहरूको वैधानिक हकअधिकार र हितमा खलल पुर्‍याएको' उनले बताए।

अमेरिकी जलबेडा युएसएस जर्ज एच डब्लु बुश अप्रिल २४ मा युद्ध क्षेत्रमा प्रवेश गरेको थियो। त्यसमा तीन वटा गाइडेड मिसाइल ध्वंसक र ५ हजार जहाजीहरू छन्। ट्रम्प सरकारले पश्चिम एसियामा पठाएको यो तेस्रो जलबेडा हो। यी तीन जलबेडामा जम्मा २ सय विमान, १५ हजार जहाजी र मरिन अधिकारी छन्। अप्रिल ३० सम्म अमेरिकाको बक्सर समूह त्यहाँ पुग्नेछ। त्यसमा ४२ सय मरिन अधिकारी हुनेछन्। फिनान्सियल टाइम्सका अनुसार यो सन् २००३ मा अमेरिकाले इराकमा आक्रमण गरेपछिकै सबैभन्दा ठुलो जहाज तैनाथी हो।

चीनविरुद्ध खुला आर्थिक युद्ध घोषणा नगरी चुपचाप चीनलाई प्रहार गर्न वासिङटनले इरान युद्धलाई प्रयोग गर्दै छ। चिनियाँ प्रशोधन केन्द्रबाट इरानी कच्चा तेलको नाल काटेर अमेरिकाले चीनका सरकारी तेल कम्पनीहरूमाथि प्रतिबन्ध नलगाई पेइचिङको ऊर्जा सुरक्षामा दबाब दिँदै छ।

वासिङटनले यस्तो नीति लिनुको कारण छ। चीनमाथि पूर्ण नकाबन्दी लगाएको स्थितिमा अमेरिकी वित्त व्यवस्थामाथि भुइँचालो जाने भएकाले यस्तो नीति अपनाइएको हो। अमेरिकी अर्थ मन्त्रालयले चीनसँग खरबौं डलर ऋण लिएको छ। अमेरिकी कम्पनीहरू चीनको आपूर्ति शृङ्खलामाथि निर्भर छन्। त्यसैले इरानको निर्यातमाथि प्रहार गरेर वासिङटनले चीनलाई परोक्ष दबाब दिँदै छ।

अमेरिकी एकाधिकार पुँजीको विरोधाभाष हो यो। चीन अमेरिकाको ऋणदाता, आपूर्तिकर्ता र बजार हो। त्यसकारण, ऊ चीनमाथि निर्भर छ। तर, आफ्नो वर्चस्व कायम गर्ने बाटोमा उसले चीनलाई प्रमुख अवरोधको जस्तो व्यवहार गर्छ।

कुरा तेलको मात्र पनि होइन। विश्व बजारमा तेल पुर्‍याउनका लागि आपूर्तिको मार्ग, भुक्तानी, ट्याङ्कर र प्रशोधन केन्द्रहरूमा कसले नियन्त्रण गर्ने भन्ने प्रश्न पनि छ। आफूले आदेश दिएको बेला यो व्यवस्थालाई ठप्प पार्ने लगाम वासिङटन आफूसँगै राख्न चाहन्छ।
आदेश दिएको बेला यो व्यवस्थालाई ठप्प पार्ने सामर्थ्यको लगाम अमेरिका आफ्नो हातमा लिन चाहन्छ।




अमेरिकी अर्थमन्त्रालयले हेङ्ली कम्पनीलाई चीनको दोस्रो ठुलो स्वतन्त्र प्रशोधन केन्द्र भन्यो। इरानी कच्चा तेलको धेरै हिस्सा यही कम्पनीले किन्ने अमेरिकी मन्त्रालयको दाबी छ।

यसकारण, मन्त्रालयले हेङ्लीमाथि प्रतिबन्ध लगायो। चीनको सरकारी प्रशोधन कम्पनी सिनोपेक वा पेट्रोचाइनालाई नभई यसले एक निजी कम्पनीलाई सिकार बनायो। चीनका सरकारी तेल कम्पनीहरूमाथि प्रहार गरेको भए पेइचिङले खुला प्रतिवाद गर्ने निश्चित थियो। हेङ्लीलाई तारो बनाइएको हुनाले एकातिर वासिङटनले दनक दिएको दाबी गर्न मिल्यो भने अर्कोतिर चीनले प्रहार सहन पनि सक्ने भयो। अन्य माध्यमबाट तेलको आपूर्ति मिलान गर्न सक्ने ढोका पनि खुल्लै रह्यो।

समाचार संस्था रोयटर्सले प्रतिबन्धबारे जानकारहरूको भनाइ छापेको छ। हेङ्ली जस्ता साना प्रशोधन केन्द्रहरूले अमेरिकाबाट अपमानित महसुस गरेका छन्। किनभने, अमेरिकी वित्त व्यवस्थासँग उनीहरूको धेरै लिनुदिनु छैन। बरु, कारोबार मिलाउने चिनियाँ बैङ्कहरूमाथि प्रतिबन्ध लगाएको भए इरानी तेल व्यापारमा ठुलो असर पर्ने थियो।

वासिङटनले अहिले दुई मोर्चामा काम गर्दै छ। एकातिर उसले चीनलाई चाहिने तेलमा कटौती गर्न खोज्दै छ। अर्कोतिर उसले एसियाको विदेशी सञ्चिती, खाडीको तेलधन र चिनियाँ व्यापारको नाफालाई डलर प्रणालीसँग बाँधिराख्न खोज्दै छ। यही पृष्ठभूमिमा ट्रम्प-सी बैठक हुनेछ।

अमेरिकी अर्थमन्त्री बेसेन्टले अप्रिल २४ मा खाडी मुलुक तथा एसियाका केही सरकारसँग स्थायी डलरको 'स्वाप-लाइन' बनाउने वार्ता गरे। यसबाट माथिको कुरा पुष्टि हुन्छ। यस्तो 'लाइन' ले छनोट गरिएका केन्द्रीय बैङ्कहरूलाई सङ्कटको बेला डलरको पहुँच दिन्छ। यसले गर्दा अमेरिकी सम्पत्तिको जबर्जस्ती बेखबिखनबाट बच्न सकिन्छ अथवा प्रतिद्वन्द्वी भुक्तानी प्रणालीतर्फ जाने प्रवृत्तिलाई रोक्न सकिन्छ। (नेपाल भ्रमणमा आएका अमेरिकी मन्त्रीले प्रयोग गरेको शब्द 'अर्थराजनीतिक वार्ता' यही त होइन ?!)

नौ दिनअघि अमेरिकी अर्थ मन्त्रालयले चीन, हङकङ, युएई र ओमनका वित्तीय संस्थानहरूलाई पत्र पठाएको थियो। पत्रमा इरानसँग लेनदेनमा भाग लिए दोस्रो दर्जाको प्रतिबन्ध लगाउने धम्की दिइएको थियो। युएईलाई स्थायी डलरको स्वाप-लाइन प्रस्ताव गर्ने अमेरिकी मन्त्रालयले अप्रिल १५ मा इरानको मुद्दालाई लिएर युएईका बैङ्कहरूलाई डरधम्की देखायो !


नाकाबन्दी, प्रतिबन्ध र जलसेनाको शक्तिलाई प्रयोग गर्दै वासिङटनले अहिले कुन तेलको ढुवानी गर्ने र कुन प्रशोधन कम्पनीले किन्ने भनी निर्णय गर्दै छ। आफ्नो अर्थ मन्त्रालयले दिने ऋणलाई प्रयोग गर्दै उसले खाडी मुलुक र अन्य एसियाली सरकारहरूलाई तिनको डलर भन्डार अमेरिकी नियन्त्रणबाहिर लैजानबाट रोक्दै छ। दुई मोर्चामा अमेरिकी आदेश एउटै छ - वासिङटनले अनुमति दिने तेल मात्र किन, वासिङटनलाई चाहिने डलर आफैसँग राख र अमेरिकी कमान्डबाहिर गएर कुनै व्यापार मार्ग नबनाऊ।

***(स्रोत : एमआर अनलाइन । सम्यक)***

# सम्पादकीय सङ्कलन : मार्क्सवादी विचारको प्रतिध्वनि


✍ सृजना

पुस्तकले सन्देश दिन्छ – "देश र जनताको नि:स्वार्थ र इमानदारीपूर्वक सेवा गर्नु नै राजनीति हो। राजनीति आफ्नो मनको लड्डु होइन।" व्यक्तिगत स्वार्थ र विदेशी स्वार्थमा लीन मान्छे राजनीतिक कार्यकर्ता बन्न सक्दैनन्, सुहाउँदैन। शासक दल यहीनेर चुकेको बुझ्न पुस्तकले सघाउँछ। तिनले राजनीतिलाई धमिल्याएर जनताको भावना मारे, मन मारे। तिनले भ्रष्टाचार र बेइमानीको पराकाष्ठा नाघे। तिनको सङ्कीर्णता, फासीवादी व्यवहार, सिद्धान्तहीनता, पथभ्रष्ट र अवसरवादी व्यवहारको फेहरिष्ट निकै लामो छ। निर्वाचनलाई समेत तिनले जुवाको खेल बनाए। जित्नकै लागि कहिले सिद्धान्तहीन गठबन्धन त कहिले फुटको कुसंस्कृति हुर्काए। ३५ वर्षमा देशलाई सम्पूर्ण रूपमा परनिर्भर बनाए। त्यसैले शासक दलप्रति जनताको वितृष्णा विस्फोट हुन्छ एकदिन, पापको घैंटो भरिन्छ एकदिन भनेर सम्पादकीयहरूले सचेत बनाएकै हो। तर ती सुध्रिएनन्। आज त्यसैको परिणाम देश भोग्दै छ।










हरेक मङ्गलबार हाम्रो निम्ति 'श्रमिक' बार। श्रमिक नसुम्सुम्याईकन, नपल्टाईकन हाम्रो मङ्गलबार अस्ताउँदैन। हामीमध्ये धेरैले सुरुमा सम्पादकीय नै पढ्छौं, त्यसपछि एकक्षण नहेरी अन्य लेखहरूतिर ध्यान जाँदैन सायद। ती सम्पादकीयहरूको सङ्कलनले पुस्तक आकार पाउनु नेपालको राजनीतिक र साहित्यिक जगतमा महत्त्वपूर्ण योगदान हो भन्ने लाग्दछ।

गत शनिबार सम्पादकीय सङ्कलनको तेस्रो खण्ड (२०७८ माघदेखि २०८० माघसम्म) र एकक्षण (समसामयिक टिप्पणी सङ्कलन) श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेंले सार्वजनिक गर्नुभयो। सम्पादकीय सङ्कलनको पहिलो खण्ड (२०७२ साल माघदेखि २०७६ साल माघसम्म) नेमकिपाको आठौं महाधिवेशनको उद्घाटन समारोहमा विमोचन भएको थियो भने दोस्रो खण्ड ( २०७६ माघदेखि २०७८ माघसम्म) पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा सार्वजनिक भयो।

सम्पादकीय सङ्कलनहरूमा हामी मार्क्सवादी, लेनिनवादी र माओ त्से तुङ विचारधाराको प्रतिध्वनि अनुभव गर्छौं। राष्ट्रिय–अन्तर्राष्ट्रिय परिस्थितिलाई हेर्ने आँखा या दृष्टिकोण भेट्छौं। तत्कालीन परिस्थिति या राजनीतिक घटना–परिघटनामा नेमकिपाको लाइन या स्ट्याण्ड थाहा पाउन सम्पादकीय नपढी हुँदैन। यसर्थ 'सम्पादकीय' श्रमिक साप्ताहिकको प्राण हो, नेमकिपाको आवाज हो, प्रतिपक्षी स्वर हो। समाज परिवर्तनको निम्ति अघि सर्ने जोकोहिका निम्ति सम्पादकीय सङ्कलनहरूले उज्यालो प्रकाश दिन्छ, बलियो सैद्धान्तिक आधारसँगै स्पष्ट दिशा प्रदान गर्छ। अझ भनौं एक कार्यकर्तालाई साँचैको राजनीतिक कार्यकर्ता बन्न, मान्छेलाई मान्छे बन्न सिकाउने मार्गदर्शन र जीवनदर्शन यसमा छ। आज यहाँ तेस्रो खण्डका सन्दर्भहरूबारे सङ्क्षिप्त चर्चा गर्नु समीचीन होला।

राजनीतिक दलहरू के हुन् के होइनन् ? भन्ने छलफल अहिलेको परिवेशमा अझ सामयिक लाग्छ। "राजनीतिक दलहरू एक न एक वर्ग आधार र राजनीतिक दर्शनको प्रेरणा पाएर नेपाल र नेपाली समाजलाई एक आदर्श समाजमा रूपान्तरण गर्ने उद्देश्य लिएर प्राज्ञिक क्षेत्रमा उत्रेका हुन्छन्" भनेको छ पुस्तकले। वर्ग आधार र राजनीतिक दर्शनविनाको राजनीति कस्तो हुन्छ ? यो प्रश्न समसामयिक छ।

"पार्टी चिन्तनको चौतारी हुनुपर्छ। एउटा विश्वविद्यालय जस्तै हो पार्टी।" भन्ने अध्यक्ष ज्यूको भावना पुस्तकमा अनुभव हुन्छ। अध्यक्षज्यूले भन्नुभएको विश्वविद्यालयमा मानिसलाई योग्य बनाइन्छ। विचारले शिक्षित बनाइन्छ। नैतिकता पढाइन्छ ( राजनीतिमा नैतिकताको खडेरीले नै आजको परिस्थिति आएको हो भन्दा अतिशयोक्ति हुँदैन)। राजनीतिक संस्कार सिकाइन्छ। समाजवादी आचरण, सर्वहारा वर्गीय भावना आत्मसात गराइन्छ। पेरिस कम्यूनको भावना, सोभियत रुसको भावना अर्थात् अन्तिम दमसम्म देश र आदर्श समाजको निम्ति लड्ने भावना सिकाइन्छ। यसर्थ यस विश्वविद्यालयका हरेक विद्यार्थीका लागि सम्पादकीय सङ्कलन पाठ्यपुस्तक हो।

पुस्तकभित्र मानवसमाजको विकासक्रम छ, हरेक युगमा भएका वर्गसङ्घर्षको जानकारी छ, विविध सभ्यताका कुरा छन्। प्लेटोको 'गणतन्त्र', थोमस मोरको 'स्वप्न लोक' देखि हडप्पा र मेहेन्जोदारो नगर सभ्यतासम्मका सन्दर्भ छन्। पश्चिमा र पूर्वी सभ्यताबीचको भिन्नता, चिनियाँ र मिश्रको सभ्यताबारे चर्चाले इतिहासको खसोखास अध्ययनतर्फ पाठकलाई उत्साही बनाउँछ। त्यतिमात्र होइन विश्वमा अहिले भइरहेको 'सभ्यता युद्ध या सङ्घर्ष' बुझ्न पुस्तकले सघाउँछ। पुस्तकभित्र विश्व राजनीति र इतिहास छ, पुँजीवादी क्रान्तिदेखि समाजवादी क्रान्ति, अफ्रिकादेखि युरोप, एसिया, अमेरिकासम्मका स्वतन्त्रता सङ्घर्ष र जनताका नायकहरूको बलिदानका कथा छन्। यसभित्र समाजशास्त्र छ, राजनीतिशास्त्र छ, अर्थशास्त्र छ। दर्शन, कुटनीति, कानुन र विज्ञानका कुरा छन्, भूगोल र भूराजनीति छ। सबैभन्दा महत्त्वपूर्ण त प्रत्येक लेखको शिरमा देश छ, जनता छन्। कम शब्दमा पनि संसारका जटिल कुरा सरस र सरल भाषामा पस्कन सक्नु सम्पादकीयहरूको विशेषता हो।

पुस्तकले सन्देश दिन्छ – "देश र जनताको नि:स्वार्थ र इमानदारीपूर्वक सेवा गर्नु नै राजनीति हो। राजनीति आफ्नो मनको लड्डु होइन।" व्यक्तिगत स्वार्थ र विदेशी स्वार्थमा लीन मान्छे राजनीतिक कार्यकर्ता बन्न सक्दैनन्, सुहाउँदैन। शासक दल यहीनेर चुकेको बुझ्न पुस्तकले सघाउँछ। तिनले राजनीतिलाई धमिल्याएर जनताको भावना मारे, मन मारे। तिनले भ्रष्टाचार र बेइमानीको पराकाष्ठा नाघे। तिनको सङ्कीर्णता, फासीवादी व्यवहार, सिद्धान्तहीनता, पथभ्रष्ट र अवसरवादी व्यवहारको फेहरिष्ट निकै लामो छ। निर्वाचनलाई समेत तिनले जुवाको खेल बनाए। जित्नकै लागि कहिले सिद्धान्तहीन गठबन्धन त कहिले फुटको कुसंस्कृति हुर्काए। ३५ वर्षमा देशलाई सम्पूर्ण रूपमा परनिर्भर बनाए। त्यसैले शासक दलप्रति जनताको वितृष्णा विस्फोट हुन्छ एकदिन, पापको घैंटो भरिन्छ एकदिन भनेर सम्पादकीयहरूले सचेत बनाएकै हो। तर ती सुध्रिएनन्। आज त्यसैको परिणाम देश भोग्दै छ।

चाणक्य नीतिका कुरा छन् पुस्तकमा – "कुनै पनि परचक्रीले छिमेकी देशमाथि कुदृष्टि राखेपछि सीमाका प्रहरी, गुप्तचर र भन्सारदेखिका कर्मचारीलाई आर्थिक रूपले भ्रष्ट बनाउँदै तिनीहरू सेना र सिंहदरबारसम्म पुग्छन्। देशलाई रक्षा गर्ने शक्ति नै विदेशीको सेवामा लागेपछि देशको स्थिति इराक, लिविया, सिरिया, श्रीलङ्का, पाकिस्तान र बङ्गलादेश जस्तो बन्छ। सार्वभौमिकता गुम्छ।" आज नेपाल फरक ढङ्गले त्यही अवस्थामा पुगेको या पुऱ्याइएको हो भन्दा फरक नपर्ला।

अर्थतन्त्रमा आत्मनिर्भरताको प्रश्न बलियोसँग पटकपटक उठेको छ। नेपालको उत्पादन, बजार र वित्तमा भारतीय एकाधिकार पुँजीको कब्जालाई भारतको नेपालविरुद्ध "आर्थिक युद्ध या हाइब्रिड युद्ध" भन्न मिल्छ। उत्पादन गर्ने युवालाई विदेश पठाउनुले युद्धमा हारमात्रैको यथार्थ बोध गराउँछ। आत्मनिर्भरताको लागि कृषिमा आधारित उद्योगधन्दा, यातायात, विद्युत्, शिक्षा–स्वास्थ्य, यन्त्र र प्रविधिको विकासमा जोड दिने उपाय पुस्तकमा छ।

अहिले पेट्रोलियम पदार्थ अभावको समस्या, महँगीको समस्या किन ? यो विषयमा लामो समयदेखि छलफल चलिरहेकै हो। नेपालमा व्यापार घाटाको प्रमुख कारण पेट्रोलियम पदार्थ आयात हो। त्यो पनि भारतबाट मात्रै आयात गर्नुपर्ने बाध्यताका कारण पनि अर्थतन्त्र खोक्रो बन्यो। पुस्तकमा यसको उपाय छ – "देशलाई विद्युतीकरण गर्ने, जलविद्युत्मा आत्मनिर्भर बन्ने।" (पश्चिमले अबको युद्ध पेट्रोलियमकै लागि हुन्छ अर्थात् पेट्रोल प्रभुत्वको लडाइँ हुन्छ भनिरहँदा चीनले विद्युत्, सोलार या नवीकरणीय ऊर्जा विकल्पको रुपमा संसारलाई दियो।) अर्को उपाय भनेको अन्य देशसँग कुटनीतिक पहल गर्नु हो। चीनबाट पेट्रोलियम पदार्थको आयातको प्रयास पछिल्लोपटक नेपालमाथि भारतको नाकाबन्दीताका भएको थियो तर रोकियो। पारवाहन अधिकारको सवाल त छँदै छ। नेपाल कपास, फलाम, तामामा आत्मनिर्भर बन्न सक्थ्यो तर चीनकै सहायतामा बनेका कपडा, कागज, कृषि औजार कारखाना नियतबस ध्वस्त बनाइयो। केही विज्ञहरूले यसलाई 'नेपालमा चीनको प्रभाव पर्ने डर' को संज्ञा दिएका छन्। यसरी नेपालमा भारतीय एकाधिकार पुँजीको हमला र कब्जा हुनुमा शासक दलको अकर्मण्यता जिम्मेवार छ। सुगौलि सन्धीदेखि विभिन्न असमान सन्धि सम्झौताले देशको सार्वभौमिकता पनि गुम्दै गएको यथार्थ पुस्तकले उजिल्याउँछ। नेपाल र नेपाली जनताका शत्रु फेरि पनि विदेशी शक्ति नै हुन् भन्छ यो पुस्तक।

बेलायतदेखि संरा अमेरिकी साम्राज्यवादको अपराधको फेहरिष्ट या इतिहास पुस्तकमा छ। संरा अमेरिकी साम्राज्यवाद रहेसम्म विश्वमा अन्यायपूर्ण युद्ध टुङ्गिँदैन तर साम्राज्यवाद पतनउन्मुख छ भन्ने अध्यक्ष रोहितको चिन्तन पुस्तकमा अनुभव हुन्छ।

पुस्तकमा एउटा वाक्य छ – "भियतनाम युद्धको कारण अमेरिकी डलरको मूल्य घट्दै जाँदा भियतनामबाट अमेरिकी साम्राज्यवाद भाग्न बाध्य भयो।" जसरी अहिले हर्मुज जलडमरुबाट संरा अमेरिका पछि हट्नु पऱ्यो। यथार्थ यही हो – डलर कमजोर बनेको दिनबाट अमेरिकी साम्राज्यवाद पतनको दिनगन्ती सुरु हुन्छ। सन् १९७० मा संरा अमेरिकाले पेट्रोडलर प्रणाली स्थापना गऱ्यो। साउदी अरबसँग सन् १९७४ मा सम्झौता गऱ्यो। विगत ५५ वर्षदेखि पेट्रोडलर अमेरिकी अर्थतन्त्रको मेरुदण्ड बन्यो। अमेरिकी सैन्य खर्च र घाटा खर्चलाई वित्तपोषण यसैले गऱ्यो। त्यसैले संरा अमेरिका डलर प्रणालीमा प्रश्न गर्ने जोकोहीलाई सिध्याइदिन खोज्छ। भेनेजुयलाले सन् २०१८ मा आफुलाई डलर कारोबारबाट मुक्त घोषणा गऱ्यो, चीनलाई युआनमा तेल बेच्यो। त्यसैले पनि राष्ट्रपति माडुरो दम्पती अपहरण गरेको विश्लेषण छ। सन् २००० मा सद्दाम हुसेन, सन् २००९ मा गद्दाफीको हत्यालाई यसैसँग जोडेर अध्ययन गर्न मिल्छ। हर्मुज जलडमरुमा तेलको कारोबार युआनमा गर्ने इरानको घोषणा र प्रतिकार युद्धले संरा अमेरिकालाई अहिले 'जिउँदो मान्छेको फेला' परेको अनुभव भइरहेको होला। ब्रिक्स मुद्राको कुरा उठ्नेबित्तिकै ब्रिक्स देशहरूमाथि व्यापार या भन्सार कर चर्को गरेको स्मरण छ। नेपाललाई संरा अमेरिकी डलर हमला या कूटनीतिबाट सचेत रहन पुस्तकले सुझाउँछ। डलर साम्राज्यको विरोधमा उभिन बलियो आधार प्रदान गर्छ।

आजको विश्वमा प्रभुत्व र युद्धको विकल्प सहकार्य र शान्ति हो। एकध्रुव या एकपक्षीयताको विकल्प बहुध्रुव या बहुपक्षीयता हो। डलर, एमसीसी, आइपीएस, एसपीपी सबै संरा अमेरिकी प्रभुत्व युद्धका हतियार हुन् भन्ने नबुझेका शासक दल सम्म यो पुस्तकको सन्देश पुगोस्। नेपालले विश्व शान्तिको पक्ष लिनुपर्ने पुस्तकको सुझाव सरकारसम्म पुगोस्। त्यसका लागि विशेषगरी बुद्धिजीवी र प्राज्ञहरूबिच यो पुस्तकको छलफल, अन्तरक्रिया जरुरी छ। समग्रमा पुस्तक निकै पठनीय एवम् सङ्ग्रहणीय छ। पुस्तकका स्रष्टाप्रति सम्मान छ। १०३ वटा सम्पादकीय सङ्कलित यस पुस्तकको आवरण अर्थपूर्ण छ। प्रकाशकप्रति साधुवाद छ।

# मजदुरको जीवन फेर्न राजनीतिक सचेतता र सङ्गठन आवश्यक



काठमाडौँ। नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस (मे १) वैशाख १९ गते मनाइयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले मजदुरहरूको विजयी भएको दिन मे १ को आन्दोलनबाट शिक्षा लिएर अगाडि बढ्नुपर्ने उल्लेख गर्दै देशमा शासकहरू पटक-पटक फेरिए पनि मजदुरहरूको जीवन नफेरिएको बताउनुभयो।

पुँजीवादी व्यवस्थामा कामदारवर्गको पक्षमा काम नगर्ने भएकोले समाजवादी व्यवस्थाको अवधारणा विकास भएको उल्लेख गर्दै उहाँले कामदारवर्गको हित र अधिकार सुनिश्चित समाजवादी व्यवस्थामा मात्र हुने भएकोले जनतालाई राजनैतिक रूपले सचेत र सङ्गठित पार्न जरुरी छ भन्नुभयो।

उहाँले नेमकिपाले निर्वाचनलाई उपयोग गर्ने नीतिअनुरूप वर्गीय र वैचारिक सङ्घर्षको रूपमा प्रयोग गरेको उल्लेख गर्दै पार्टीले सरकारको हरेक जनविरोधी क्रियाकलापको खबरदारी गर्ने बताउनुभयो।

नेमकिपा वैचारिकरूपले परिपक्व र स्पष्टता भएकोले कुनै पनि प्रतिक्रियावादीसामु झुक्न नपरेको विचार व्यक्त गर्दै उहाँले वैचारिकता शून्य पार्टीले देशलाई गलत बाटोमा लगेको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले विश्वका मजदुरहरूले ८ घण्टा काम, ८ घण्टा मनोरञ्जन, ८ घण्टा आराम र श्रमअनुसार पारिश्रमिकको व्यवस्था गर्न सफल भएको दिनको रूपमा मे १ लाई हरेक वर्ष स्मरण गर्दै आएको बताउनुभयो। उहाँले पुँजीवादी व्यवस्थामा श्रमको शोषणविरुद्ध सङ्घर्ष गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ काठमाडौँ जिल्ला समितिका अध्यक्ष धर्मसेन महर्जन, नेमकिपा काठमाडौँ जिल्ला समितिका शैलेश डंगोल, रमेश डंगोल, अनिल श्रेष्ठ, मदन श्रेष्ठ, हरिशरण श्रेष्ठ, बिन्द्रा महर्जनले पनि मजदुर आन्दोलन, त्यसको उपलब्धि र नेपालको मजदुरको अवस्थाबारे बोल्नुभएको थियो।

**वास्तविक सुकुम्बासीलाई विचल्ली पार्न नहुने**

नेमकिपा ४ वडा समितिको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा वैशाख १८ गते प्रवचन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले विचार र अभिव्यक्ति स्वतन्त्रतामाथि अङ्कुश लगाउने काम निरङ्कुशता हो भन्नुभयो। उहाँले एमाले काङ्ग्रेसको भोट बैङ्कको रूपमा रहेको सुकुमवासी समस्या समाधानका लागि जग्गा वितरण गरिएको तर वास्तविक सुकुमवासीहरू बिचल्लीमा परेको उल्लेख गर्दै सरकारमा जानु भनेको शासन गर्नेभन्दा पनि जनताको वास्तविक समस्यालाई समाधान गर्ने हो भन्नुभयो।

उहाँले ट्रेड युनियन र विद्यार्थी सङ्गठनहरू खारेज गर्नु भनेको पञ्चायतमा जस्तै निरङ्कुशता हाबी हुने सङ्केत गर्दै संविधानभन्दा माथि कोही नरहने दाबी गर्दै सरकारले हप्ताको दुई दिन बिदाको घोषणा गरे पनि शिक्षा नियमावलीमै २२० दिन स्कूल सञ्चालन हुने प्रावधान रहेको हुनाले भनपाले आइतबार बिदा नदिने निर्णय गरेपछि देशैभरका पालिकाहरूले सराहना गरेको उल्लेख गर्नुभयो।

ख्वप अस्पतालमा पहिलेभन्दा बढी सेवा सुविधा वृद्धि गरिरहेको बताउँदै उहाँले बीमा सेवाबापत सरकारसित करिब ४० करोड बराबरको रकम भुक्तानी गर्न बाँकी रहेको जानकारी गराउनुभयो।

उहाँले सरकारले दुवै सदन चलिरहेको बाहेकको अवस्थामा मात्र अध्यादेश जारी गर्न मिल्ने उल्लेख गर्नुभयो। उहाँले जनता सचेत र सङ्गठित हुन सके मौलिक हक हनन नहुने स्पष्ट पार्नुभयो।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले मजदुरवर्गको हितमा ऐन कानुन लेखाउनुपर्ने, पुरुष महिलाबिच समानताको लागि सङ्घर्ष गर्नुपर्ने, वर्ग रहेसम्म वर्गसङ्घर्ष चालु रहने बताउँदै मे दिवसको औचित्य र इतिहासबारे प्रस्ट पार्नुभयो।

कृष्णगोविन्द लाखाले सन् १८८६ मा अमेरिकाको शिकागो सहरमा मजदुर आन्दोलन भइरहँदा नेपालमा राणा शासकले जनतालाई गुमराहमा राखिरहेको उल्लेख गर्दै आर्थिक सक्षमताका लागि स्वदेशमै उत्पादनमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

नेमकिपा ४ वडा समितिका अध्यक्ष पशुपति प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा एच.एस. सुवालले पनि बोल्नुभयो।

# वर्गसङ्घर्षमा जोड



कैलाली। त्यसैगरी नेमकिपा कैलालीको आयोजनामा लम्कीचुहा नपा वडा नं. ५ तिलकपुरमा मतदाताहरूलाई धन्यवाद तथा केन्द्रीय समितिको बैठकको सन्देश तथा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले प्रतिनिधिसभा सदस्य निर्वाचनमा मादल चिन्हमा छाप हाल्ने मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले राजनीति हाम्रो जीवनसँग जोडिएको हुनाले सबैले बुझ्नुपर्ने बताउनुभयो।

उहाँले हाम्रो यात्रा समाजवादी आजुमा पुग्ने हो; हाम्रो लक्ष्यमा पुग्न आइलाग्ने बाधा, अड्चन कठिनाइलाई सङ्घर्ष र आन्दोलनको माध्यमबाट परास्त गर्न सकिन्छ भनी कार्यकर्तालाई उत्साहित पार्नुभयो।

उहाँले भन्नुभयो, "पुँजीवादी व्यवस्थामा पुँजीपतिले निर्वाचन जित्नु कुनै ठूलो कुरा होइन; राजनीतिक कार्यकर्ताले देश र विदेशको बारेमा जानकारी राख्न पार्टी प्रकाशन अध्ययन गर्नुपर्छ।"

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले केन्द्रीय समितिको बैठकको सन्देशबारे जानकारी दिँदै चुनाव हारे पनि समाजवादी विचार नहारेको बताउनुभयो। नेमकिपाले कामदार जनताको शासन व्यवस्था समाजवादका लागि सङ्घर्ष गरिरहेको उहाँले स्पष्ट पार्नुभयो।

नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र विचार सही र स्पष्ट भएकोले जनतालाई धोका नहुने स्पष्ट पार्दै उहाँले शासक पार्टीको गलत कार्यको विरोध गर्नुपर्ने प्रस्ट पार्नुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव लक्ष्मी पुनमगरले निर्वाचनबाट समाजवाद आउँदैन; समाजवादी व्यवस्थाबिना कामदार जनताको हित नहुने बताउनुभयो।

नेपाल मजदुर किसान पार्टी कैलालीका सदस्य ज्योति बडुवालले रास्वपाको सरकारले सुकुमवासीलाई पूर्वतयारीबिना उठीबास गर्नु गलत भएको बताउनुभयो।

जीवी शाही, एमवी र कैलालीका पार्टी सचिव गगनबहादुर थापामगरले मजदुरहरूले आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आरामको अवसर पाउनु नै 'मे' १ को ठुलो महत्त्व भएको प्रस्ट पार्नुभयो।

**मजदुरहरूलाई होच्याउनु सामन्ती संस्कार**

त्यसैगरी नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसर पारी कैलालीको लम्किचुहा नगरपालिका वडा नं.२ मोतिपुर बजारमा वैशाख १८ गते कोणसभा गरी लम्की बजारमा सभा भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा सुदूरपश्चिम प्रदेश संयोजक नवराज कोइरालाले देश तथा विदेशका सम्पूर्ण मजदुरलाई शुभकामना व्यक्त गर्नुभयो।

उहाँले मजदुरहरूलाई हेला गर्नु र होच्याउनु सामन्ती संस्कार भएको बताउनुभयो। उहाँले सन् १८८६ मे १ मा संरा अमेरिकाका मजदुरहरूले ८ घण्टा काम र ज्याला बढाउने माग राखी सुरू गरेको आन्दोलनको परिणामस्वरूप आज ८ घण्टा काम भएको बताउनुभयो।

उहाँले सन् १८८९ मे १ मा फ्रान्सको राजधानी पेरिसमा एङ्गेल्सको नेतृत्वमा मजदुरहरूको भेलाबाट अमेरिकाको शिकागो सहरबाट भएको मे १ को मजदुर आन्दोलनको दिनलाई अन्तर्राष्ट्रिय मजदुर दिवस मनाउन थालेको बताउनुभयो।

उहाँले पुँजीवादी व्यवस्थाले कहिल्यै पनि कामदारवर्गको हितमा काम नगर्ने उल्लेख गर्दै पुँजीवादले पुँजीपतिहरूकै हित गर्ने र पुँजीवादलाई टिकाइराख्न सामान्य सुधारका कार्यक्रमहरू ल्याई नागरिकमा परिवर्तन भएको भ्रम सिर्जना गर्ने बताउनुभयो।

उहाँले मुलुकमा मानव जातिको कल्याण गर्ने एक मात्र बाटो समाजवादी व्यवस्था भएकोले समाजवाद ल्याउन सम्पूर्ण कामदारवर्गलाई एक ठाउमा ल्याई सङ्गठित गर्नुपर्ने बताउनुभयो।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपाको मुख्य उद्देश्य भनेको किसान र मजदुरको राज्य व्यवस्था स्थापना गर्नु रहेको बताउनुभयो।

उहाँले मजदुर र किसानको राज्य व्यवस्था समाजवादी क्रान्तिबाट मात्र सम्भव भएकोले नेमकिपाले यस व्यवस्थाको लागि मजदुर र किसानलाई राजनीतिकरूपले सचेत र सङ्गठित पार्दै अघि बढेको बताउनुभयो।

नेमकिपा कैलाली संयोजक रमेशकुमार रावलले अहिलेको सरकार पनि हिजोको सरकारजस्तै पुँजीवादी भएको बताउनुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव तथा कैलाली अध्यक्ष लक्ष्मी पुन मगरले जेनी मार्क्सले मजदुरहरूको निम्ति गर्नुभएको त्याग र मजदुर आन्दोलनमा महिलाहरूको भूमिकाबारे चर्चा गर्नुभयो।

कार्यक्रममा गगनबहादुर थापा मगर, ज्योति बडुवाल, प्रेम सिजापति र सीताराम पण्डितलगायतले श्रमिक दिवसको अवसरमा शुभकामना दिनुभएको थियो।

# दुई दिने बिदाको मारमा गरिबका सन्तानहरू

भक्तपुर। नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति भक्तपुरको आयोजनामा १३७ औँ मे दिवस शिक्षक भेला गरी मनाइयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले देश विकासको लागि शिक्षा एक आधार हो भन्दै राज्य र समाजले शिक्षकप्रति उच्च सम्मान र उच्च मनोबल हुने कार्य गर्नुपर्छ भन्नुभयो। राज्यले शिक्षामा पहिलो प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले सरकारले अव्यावहारिक र अपरिपक्व निर्णय गरेर शैक्षिक क्षेत्रको विकास सम्भव नहुने बताउनुभयो। उहाँले सरकारको दुई दिनको बिदाबाट विशेषगरी गरिब वर्गका छोराछोरीहरूले मार खानुपर्ने हुन्छ भन्नुभयो।

अमेरिका सबभन्दा कमजोर बिन्दुमा पुगेको उल्लेख गर्दै उहाँले अमेरिकाले इजरायलबाहेक संसारमा कुनै मित्र नपाएको बताउनुभयो। अमेरिकाको काँध चढेर सरकारमा गएका दलहरूलाई खबरदारी उहाँले गर्नुभयो।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ केन्द्रीय समितिका कोषाध्यक्ष चक्रबहादुर चाकतुले बढीभन्दा बढी काम गराएर कम ज्याला दिनु एक प्रकारको शोषण हो भन्दै वर्तमान समयमा शारीरिकभन्दा बौद्धिक क्षेत्रमा काम गर्ने मजदुरहरूको सङ्ख्या बढ्दै गएको बताउनुभयो।

उहाँले शारीरिक र बौद्धिक मजदुरको एकता अति आवश्यक रहेको स्पष्ट पार्नुभयो।

उहाँले शक्ति राष्ट्रले प्राकृतिक स्रोतको साधनमा आफ्नो पक्कड जमाउन खोज्नु पनि वर्तमान युद्धको कारण हो भन्नुभयो। मजदुरहरू नै उत्पादनको मुख्य साधन हो भन्दै उहाँले ज्यालामा विभेदीकरण गरी मजदुरमाथि शोषण गरिरहेको बताउनुभयो। उहाँले ज्यालाको सिद्धान्तअनुसार योग्यताअनुसार काम र कामअनुसार ज्याला दिनुपर्ने बताउनुभयो।

कार्यक्रम नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष गणेशराम थुसाको सभापतिमा भएको थियो। उहाँले मे दिवसको महत्त्व अहिले पनि त्यति नै रहेको चर्चा गर्दै मजदुर आन्दोलनको उपलब्धिबाट मजदुरहरूले सुविधा पाएका हुन् भन्नुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति भक्तपुरका सचिव राजन लाखाले पनि बोल्नुभएको थियो।

**शिक्षा र स्वास्थ्य नि:शुल्क भए जनताको जीवनमा सकारात्मक प्रभाव पर्ने**

यसैगरी नेपाल मजदुर किसान पार्टी, भनपा ७ वडा समितिको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रवचन कार्यक्रम सोमबार सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले गत भदौ २३ र २४ गते भएको घटनाको परिणाम भनेको पुरानो जमिनदार शासकको ठाउँमा नयाँ जमिनदार तथा धनाढ्यहरूलाई शासन सत्तामा पुऱ्याउने बाहेक अरु केही हुन सकेन, काम गरी खाने जनताको शासन यो होइन भन्नुभयो। उहाँले सन् १९१७ को रुसी समाजवादी क्रान्तिको परिणामस्वरूप त्यहाँका मजदुर, किसानको जीवनलाई अत्यन्त सहज बनाउनुका साथै नि:शुल्क शिक्षाको बन्दोबस्त, नि:शुल्क स्वास्थ्यको बन्दोबस्त गरेर रुसी जनताको जीवनस्तरमा तत्काल सकारात्मक प्रभाव पार्ने कार्य भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "नयाँ बनेको सरकार जनताको सरकार भएको भए ३६५ दिन नै जनतालाई सरकारी अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्थ्यो। नि:शुल्क शिक्षाको सुनिश्चित गर्नुपर्थ्यो।"

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले वडामा आगामी दिनमा नसर्ने रोगसम्बन्धी परीक्षण, विभिन्न विकास निर्माणका विषयमा सार्वजनिक परीक्षण कार्यक्रमका साथै भक्तपुरका अस्पतालहरूको स्तरोन्नति गर्ने कार्यहरू भइरहेको बताउनुभयो। उहाँले देकोमिवा जग्गा एकीकरण आयोजनाका सरोकारवाला पक्षहरूसँग विभिन्न चरणमा छलफलहरू भई अधिकांश विषय टुङ्गोमा पुगिसकेको जानकारी गराउनुभयो।

नेमकिपा भक्तपुर नगर समितिका सदस्य नारायणप्रसाद त्वानाबासुले अमेरिकालगायतका देशहरूमा मजदुरहरूलाई अत्यन्त कम ज्याला दिएर राजनीतिक अधिकारबाट वञ्चित गरिराखेको कारण मजदुर आन्दोलन सफल भएको बताउनुभयो। उहाँले पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको कारण देखाई देशभरिका कार्यालय, अस्पताल र विद्यालयहरूलाई हप्ताको दुईदिन बिदा दिने निर्णय गरेर वर्तमान सरकारले काम गरी खाने मजदुरवर्गलाई अत्यन्त समस्यामा पार्ने काम गरेको छ भन्नुभयो।

उहाँले अस्पतालजस्तो संवेदनशील क्षेत्रमा दुई दिन बिदा हुँदा बिरामीको चाप बढेको र जनताको उपचारमा ढिलाइ हुन गएकोले यसबाट जनस्वास्थ्यमा नकारात्मक असर पर्ने विचार व्यक्त गर्नुभयो।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिका सदस्य बिक्रम ढुकुछुले मई दिवसको ऐतिहासिक पृष्ठभूमिबारे प्रकाश पार्दै वर्तमान सरकारले देशमाथि ऋणको भारी थपेको र भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादविरुद्ध कुनै आवाज नउठाएको विचार व्यक्त गर्नुभयो।

आयोजक समितिका अध्यक्ष कृष्णगोविन्द खाइजुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बद्रीराम छुस्याबाग, बलराम गोसाई र लक्ष्मीप्रसाद रंजितले पनि बोल्नुभएको थियो।

**सहकारीद्वारा श्रमिक दिवस**

भक्तपुर, १६ वैशाख। सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रवचन कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा वैशाख १६ गते सम्पन्न भयो।

कार्यक्रममा वाग्मती प्रदेश सांसद एवं नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले मई दिवस अमेरिकाबाट सुरू भएको स्मरण गर्दै हाल अमेरिकाको गलत नीति र सोचको कारण विश्वमा अशान्ति पैदा भएको बताउनुभयो।

अतिथि गोसाईले संस्था स्थापना हुन अगाडिको आर्थिक अवस्था, हालको र भविष्यमा हुनसक्ने अवस्थाको अनुमान लगाउनको लागि अर्थशास्त्रीहरूको सहायता लिन गर्न आग्रह गर्नुभयो।

समाजको लागि योगदान नगरेका तर लोकप्रियताको निम्ति उदाएका व्यक्तिहरूको बारेमा चर्चा गर्दै उहाँले परिवर्तनको आशामा देशलाई झन्झन् ऋणमा डुबाएको बताउनुभयो।

महँगीका कारण जनता समस्यामा परेको अवस्थामा पनि सरकार बजार व्यवस्थापन गर्नुको सट्टा अन्य प्रचारबाजी कार्यमा लागिरहेको उहाँले बताउनुभभो।

देशमा दक्ष जनशक्तिको अभाव हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै उहाँले सरकारले दक्ष जनशक्तिलाई रोजगारीको व्यवस्था गर्ने नीति निर्माण गर्नुपर्नेमा जोड दिनुभयो। किसानको उत्पादनको सुरक्षा गर्नु सरकारको दायित्व रहेको उल्लेख गर्दै उहाँले देश विकासको निम्ति उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो।

सांसद गोसाईले देशका सरकारी अस्पतालहरूमा ३६५ दिन नै सेवा प्रदान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले अध्ययनबाट थप जानकारी प्राप्त हुने हुँदा संस्थाका कर्मचारीहरू पनि अन्तरक्रियाहरूमा उत्सुकताका साथ सहभागी हुन आग्रह गर्नुभयो।

कार्यक्रममा संस्थाका उपाध्यक्ष विष्णुराम दुमरूले सन् १८८६ को मे १ मा संरा अमेरिकाका मजदुरहरूले ८ घण्टा कामको समय र ज्याला बढाउने माग राखी सुरू भएको आन्दोलनलाई नै मजदुर दिवसको रूपमा मनाइने गरेको जानकारी दिनुभयो।

"पुँजीवादी व्यवस्थामा मजदुरहरूको दमन र शोषण हुने भएकोले सोको समाधान समाजवादी व्यवस्थामा मात्र हुन्छ", उहाँले भन्नुभयो।


कार्यक्रममा संस्थाका सचिव विष्णुप्रसाद दुमरूले संस्था विगत ३२ वर्षदेखि श्रमिकवर्गको आर्थिक र सामाजिक विकासका लागि निरन्तर लागिरहेको बताउनुभयो। कार्यक्रममा संस्थाका कोषाध्यक्ष जयराम गोर्खाली र संस्थाका व्यवस्थापक शिला गोसाईले पनि बोल्नुभएको थियो।

# विभिन्न देशहरूमा १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस


सिड्नी, अस्ट्रेलिया



मोराकस, रुस


लियोन, फ्रान्स


श्रीलङ्का


फिलिपिन्स



पाकिस्तान


टर्की


ताइवान


बङ्गलादेश


भेनेजुयला


वासिङ्टन, संरा अमेरिका



एरिजोना



न्युयोर्क, संरा अमेरिका



क्यानाडा


क्याम्रोन

# श्रमको सम्मान हुनु आवश्यक



कालीकोट । १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी तिलागुफा नगर समिति कालिकोटले सोमबार राँचुलीमा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "मानिसले श्रम गर्ने हो । सबैले श्रमको सम्मान गर्नु आवश्यक छ । श्रम गर्नेहरूको मस्तिष्कको विकास हुँदै आउँछ । रास्वपाको विधानमा शोषणरहित समाज उल्लेख छ । यो समाज उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण हुने व्यवस्थामा मात्र सम्भव हुनेछ ।"

"रास्वपाले आफ्नो निर्वाचन वाचापत्रमा 'आर्थिक उदारीकरण' को विषय उल्लेख गरेको छ । यसले सार्वजनिक संस्थानहरू निजीकरण र विदेशी पुँजी लगानीको मार्गप्रशस्त गर्छ । यसले शोषणरहित समाज निर्माण सम्भव हुनेछैन । रास्वपाको शोषणरहित समाज पञ्चायतको जस्तै हो ।" सचिव सुवालले बताउनुभयो ।

अतिथि सुवालले उल्लेख गर्नुभयो, "रास्वपाको आर्थिक र विदेश मामिला पैँतीस वर्षयता सरकारमा गएका शासक दलहरूको भन्दा भिन्न छैन । यसकारण, नेपाली जनताले रास्वपा सरकारबाट थप अपेक्षा गर्नु व्यर्थ हुनेछ ।"

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले भ्रष्टाचारको निहुँ बनाएर विदेशीको इसारामा देश खरानी बनाउनेहरूले प्रतिक्रियावादी र विदेशी पुँजीपतिहरूलाई फाइदा पुऱ्याएको उल्लेख गर्दै पटक-पटक सरकारमा पुगेका शासक दलहरूले देशमा उद्योगधन्दा चलाएर युवाहरूलाई स्वदेशमै रोजगारी दिएका भए भदौ २३ र २४ गतेको अवस्था नआउने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "नेमकिपाले विदेशको मात्र कुरा गरेको भनेर आलोचना गर्नेहरूले अन्तर्राष्ट्रिय परिस्थितिको असर नेपालमा पनि पर्ने विषय बुझ्नु जरूरी छ । अमेरिकी साम्राज्यवादले छेडेको अमानवीय युद्धको कारण नेपालमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएर महँगी बढेको विषय पनि बुझ्नु जरुरी छ ।"

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईंले बालेन नेतृत्वको सरकारले विद्यार्थी सङ्गठन र ट्रेड युनियन खारेज गरेर जनताको प्रजातान्त्रिक अधिकार हनन गर्न खोजेको उल्लेख गर्दै रास्वपा सरकार निरङ्कुशता र फासीवादतर्फ उन्मुख भइरहेको विषयमा कार्यकर्ता चनाखो हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेमकिपा तिलागुफा नगर समितिका अध्यक्ष सूर्यबहादुर शाहीको सभापतित्वमा सम्पन्न उक्त प्रशिक्षण कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खड्गराज शाही, नेमकिपा कर्णाली प्रदेशका धनेन्द्र विक, नेक्रायुसङ्घका अध्यक्ष मिनबहादुर बाटा र एन. शाहीले पनि अन्तर्राष्ट्रिय श्रमिक दिवसको बारेमा चर्चा गर्नुभएको थियो ।

# नेक्राविसङ्घ नगर समिति भक्तपुर पुनर्गठन



भक्तपुर । १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भक्तपुर नगर समितिको आयोजनामा नगरस्तरीय विद्यार्थी भेला तथा अन्तरक्रिया कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले विद्यार्थीहरूले राखेका विभिन्न जिज्ञासालाई प्रस्ट पार्दै विद्यार्थी अध्ययनसँगै साङ्गठनिक गतिविधिमार्फत समुदायमा जानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले हरेक विद्यार्थीको समस्याबारे जानकारी राखेर काम गर्नुपर्नेमा जोड दिँदै विद्यार्थीले सरकारको हरेक गतिविधिको सही गलत छुट्याएर गलत कदम र देशघाती निर्णयको खबरदारी गरिरहनुपर्ने उल्लेख गर्नुभयो ।

हरेक कुरामा रोक लगाएर सरकार निरङ्कुशताको बाटोमा लागेको उल्लेख गर्दै उहाँले विद्यार्थीमाझ स्थानीय, प्रदेश र सङ्घीय सरकारको स्वायत्तताबारे जानकारी गराउनुभयो ।

मनिष गोराको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा अधिवक्ता सुस्मा बाटाले विद्यार्थीबिच श्रम ऐनबारे जानकारी गराउनुभयो । कार्यक्रममा प्रज्ज्वल खत्री, सुजी ह्योँगजु, विभु किजुलगायतले बोल्नुभएको थियो ।

विद्यार्थी भेलाले विभु किजुको अध्यक्षतामा ११ सदस्यीय नयाँ समिति गठन गऱ्यो ।

**१३७ औं ...**

हुँदा शान्तिको सन्देश छर्न युद्धबिनाको संसार आवश्यक भएको स्पष्ट पार्नुभयो ।

स्वतन्त्रता र समानताबिना शान्ति नहुने स्पष्ट पार्दै उहाँले संसारका न्यायप्रेमी जनताले साम्राज्यवादको विरोध गरिरहेको बताउनुभयो ।

सुशासन र भ्रष्टाचारको बखान गरेर देशको सम्पदा जलाउनेहरू देशभक्त नहुने उल्लेख गर्दै उहाँले चटकेपाराले शोषण अन्त्य हुनेछैन, जनताले न्याय पाउने छैनन् भन्नुभयो ।

उहाँले भन्नुभयो, "जनताको आवश्यकता भनेको गाँस, बास र कपास हो; देशको स्वतन्त्रता र स्वाधीनता हो; कसैलाई घरबारविहीन बनाएर देशमा सुशासन हुँदैन । लोकतन्त्र भनेको मौन बस्नु होइन; जनताको जल्दोबल्दो समस्याबारे बहस, छलफल र अन्तरक्रिया गरेर समस्याको समाधान खोज्नु हो ।"

साम्राज्यवादी देश अमेरिकाले क्युबामाथि लगाउँदै आएको नाकाबन्दी अन्त्य गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "अरु देशमा रहेका तेल खानी कब्जा गर्न या स्रोत र साधन कब्जा गर्न अमेरिकाले भेनेजुयला र इरानमा युद्ध छेडेको छ ।"

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले अन्याय अत्याचारको विरोधमा लडेर प्राप्त भएको न्यायोचित मागको स्मरण गर्न नै संसारका विभिन्न मुलुकमा मे दिवस मनाउँदै आएको बताउनुभयो ।

अहिले मजदुरहरूको जीवन जोहो गर्न समस्या परेको चर्चा गर्दै उहाँले श्रमअनुसार ज्याला नपाउने, कामको सुनिश्चित नहुने हुँदा मजदुर आन्दोलन आवश्यक भएको बताउनुभयो ।

सामाजिक सुरक्षा कोष ऐन पुँजीपतिवर्गकै पक्षमा रहेको उल्लेख गर्दै उहाँले दबिएका, पिल्सिएका मजदुरको न्यायोचित माग पूरा गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो ।

मजदुर आन्दोलन दबाउन प्रतिक्रियावादी मजदुर नेताहरूलाई जेलमा राखे पनि, फाँसी दिए पनि न्यायोचित आन्दोलन नदबेको उल्लेख गर्दै उहाँले सच्चा कम्युनिस्ट पार्टीको सरकार ल्याउन आन्दोलन आवश्यक छ भन्नुभयो ।

सिकर्मी सङ्घ भक्तपुरका अध्यक्ष विक्रम ढुकुछुले मजदुर सङ्घर्षकै कारण आठ घण्टा काम सुनिश्चित भएको स्पष्ट पार्दै देश विदेशमा मजदुरमाथि हुने दमन र शोषण तथा पुँजीवादको विरोधमा मजदुर आन्दोलन चालू राख्नुपर्नेमा जोड दिनुभयो ।

युवा र मजदुरहरू स्वदेशमै काम नपाउँदा बिदेसिन बाध्य भएको उल्लेख गर्दै उहाँले विदेशी पुँजीको सेवा गर्ने दलाल सरकारले जनताको सेवा नगर्ने बताउनुभयो ।

देशमा भएको मूल्यवृद्धिले निर्माण कार्यमा असर परेको कारण मजदुरहरू बेरोजगार र विस्थापित भएको चर्चा गर्दै उहाँले कामदार जनताको सङ्घर्ष चालू भइरहने बताउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ जिल्ला समिति भक्तपुरका सुजी ह्योँगोजुले देशमा शासकहरू फेरिए पनि जनताको जीवनस्तर नफेरिएको औंल्याउँदै प्रजातान्त्रिक आन्दोलनमा विद्यार्थी सङ्गठनको महत्त्वपूर्ण योगदान छ, सङ्गठन खोल्ने राजनीतिक अधिकार हो; सङ्गठन खोल्ने अधिकारबाट वञ्चित गर्ने काम असंवैधानिक कदम हो भन्नुभयो ।

पुँजीवादी व्यवस्था परिवर्तन नभएसम्म कामदार जनताको सेवा नहुने स्पष्ट पार्दै उहाँले वास्तविक अवस्थाको सही विश्लेषण नहुँदा देशमा अन्योल र समस्या थपिएको बताउनुभयो ।

वैदेशिक हस्तक्षेप, देशघाती एमसीसी, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोध गरेर देश बचाउन सङ्घर्षरत विद्यार्थी सङ्गठन खारेज गरेर सरकारले अप्रजातान्त्रिक कदम थाल्न नहुने उहाँले उल्लेख गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष विष्णुराम दुमरुले मजदुर आन्दोलनको सङ्क्षिप्त जानकारी दिँदै युवा मजदुरलाई स्वदेशमै कामको सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

मूल्यवृद्धिले निर्माण कार्यमा असर परेको उल्लेख गर्दै उहाँले सरकारले मजदुर र किसानको निम्ति काम गर्नुपर्ने बताउनुभयो ।

औद्योगिक मजदुर प्रतिनिधि पूजा खत्रीले मजदुरहरूले भोगेका समस्याबारे अवगत गराउँदै कामको सुनिश्चित नहुँदा मजदुरहरू अलपत्र परेको बताउनुभयो ।

मजदुरहरू स्थायी भएर पनि अस्थायी हुनुपर्ने बाध्यता औंल्याउँदै उहाँले मजदुरमाथि खेलबाड गर्न नहुने बताउनुभयो । कार्यक्रमको बिचबिचमा जनगायक विनोद विक र बाल विकास स्कूलका विद्यार्थीहरूले देशप्रेमयुक्त गीत गाउनुभएको थियो ।

प्रमुख अतिथि प्रजापतिले भनपा वडा नं. ९ स्थित पासा पुचः को बाँसुरीको धुनमा उद्घाटन गर्नुभएको सो सभामा गणेश मावि, बाल विकास र आस्था सांस्कृतिक परिवारको तर्फबाट नृत्य प्रस्तुत गरिएको थियो ।

मजदुर सङ्घका जिल्ला सचिव रमेश दुमरुले मे दिवसको आवश्यकताबारे चर्चा गर्नुभयो । दूधपाटीमा भएको भेलामा सूर्यनारायण फाँजु र पुण्यराम न्ह्छेले बोल्नुभएको थियो ।

***'श्रमिक'...***

'श्रमिक' साप्ताहिकले पनि साम्राज्यवाद, विस्तारवाद र फासीवादजस्ता प्रतिक्रियावादी विचारको विरोधमा नेमकिपाको सिद्धान्त र दर्शनलाई आफ्नो नीति तथा मार्गदर्शक बनाएको उहाँले प्रस्ट पार्नुभयो ।

उहाँले एकै दिनमा दुई पुस्तक सार्वजनिक गरिएकोमा खुसी व्यक्त गर्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य तथा नेमकिपा केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईंले पुस्तकले कामदार जनताको विचार निर्माणमा सहयोग गरिरहेको बताउनुभयो ।

नेपालमा राजनीतिक घटनाक्रम दोहोरिरहने हुनाले पुस्तकका कतिपय सन्दर्भ आज पनि उत्तिकै सदावहार भएको औंल्याउनुभयो ।

पुस्तकमा छोटोमा गहिरो विचार निकै सरल, शिष्ट र मिठासपूर्ण भाषामा अभिव्यक्त भएको उहाँले जिकिर गर्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य तथा नेमकिपा केन्द्रीय सदस्य सिर्जना सैँजूले 'श्रमिक' साप्ताहिकका 'सम्पादकीय' तथा 'एकक्षण' स्तम्भले राष्ट्रिय-अन्तर्राष्ट्रिय घटनाक्रमबारे पार्टीको अडान तथा दृष्टिकोण बताउँदै पार्टीका नेता-कार्यकर्तालाई राजनीतिक संस्कार सिकाउन एक पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको काम गरिरहेको चर्चा गर्नुभयो ।

'सम्पादकीय सङ्कलन' ले मजदुर र किसानको चेतनास्तर उकास्न मद्दत गरेको भन्दै भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले एक आदर्श समाजको निर्माणका लागि नगरपालिकाले आदर निकेतनलगायत कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो ।

विमोचित पुस्तक 'एकक्षण' बारे विचार राख्दै लेखक तथा वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले सम्पादकीयहरूले कुनै पनि पत्रिकाले कुन वर्गको पक्षपोषण गर्छ भनी दर्शाउने र यस अर्थमा पुस्तकले समाजवादको पक्ष तथा सत्तासीनहरूका दुष्कर्महरूविरुद्ध सचेतकको काम गरिरहेको बताउनुभयो ।

'सम्पादकीय सङ्कलन' बारे बोल्दै 'ख्वप कलेज अफ ल' का प्राचार्य अनिता जधारीले पुस्तकले नेपाली समाजको वर्गीय र ऐतिहासिक संरचनाबारे सूचना मात्र नभई वैकल्पिक दृष्टि तथा वैचारिक दिशा दिइरहेको बताउनुभयो ।

पुस्तकले पाठकलाई गम्भीर चिन्तनतर्फ अग्रसर गराउने उहाँको तर्क थियो ।

कार्यक्रमको अध्यक्षता ग्रहण गर्दै 'श्रमिक' साप्ताहिकका कार्यकारी सम्पादक अनुराधा थापामगरले 'श्रमिक' ले जनआवाजलाई स्वर दिएको तथा आस्थाको पत्रकारिता गरिरहेको बताउनुभयो ।

नेपालको जनपक्षीय इतिहास लेखनमा 'श्रमिक' साप्ताहिकको योगदान रहेको चर्चा गर्नुभयो ।

कार्यक्रम सञ्चालन सुजी ह्यङ्गोजूले गर्नुभएको थियो ।

***पार्टी...***

सचिव सुवालले भारतलाई दिइएको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको सम्झौता खारेज गरी नेपालीकै लगानीमा जलविद्युत् उत्पादन गर्नुपर्ने आवश्यकता औंल्याउँदै अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता र अमेरिकी सेना नेपाली सैनिक ब्यारेकमा बस्न आउने एसपीपी साझेदारी दुवै खारेज गर्नु जरुरी रहेको उल्लेख गर्नुभयो ।

सांसद सुवालले भन्नुभयो, "नेमकिपाका अध्यक्षज्यूले दुई-चार वर्षमा कुनै पार्टी र कोही नेता परिपक्व नहुने बताउनुभएको यथार्थ हो । फागुन २१ को निर्वाचनमा रास्वपालाई झन्डै दुईतिहाइ बहुमतसहित सरकारमा पठाउने काममा साम्राज्यवाद र विस्तारवादको पनि हात रहेको सार्वजनिक भइसकेको छ । यसकारण, रास्वपाको सरकारले पुरानो सरकारले जस्तै महिना दिनमै विदेशी ऋण ४०-५० अर्ब थपेको, ७० हजारभन्दा बढी युवालाई वैदेशिक रोजगारीमा पठाएको र इन्धनको मूल्य चारपटक वृद्धि गरेको हो ।"

सचिव सुवालले ट्रम्प प्रशासनले भेनेजुयलाका राष्ट्रपति दम्पतीलाई तत्काल फिर्ता गरेर इरानलाई क्षतिपूर्तिसहित आक्रमण नगर्ने प्रत्याभूति गर्नु जरूरी रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनको प्रकाशस्तम्भ रहेको चर्चा गर्दै कम्युनिस्टको खोल ओढेर नेपाली जनतामाथि शासन गरेका शासक दलहरूले नेपाली जनतामाथि भ्रम छरेको बताउनुभयो ।

उहाँले शासक दलहरूकै कारण कर्णालीका युवा आफ्नो श्रम बेच्न भारत जान बाध्य भएको उल्लेख गर्दै भन्नुभयो, "कर्णालीका जनतालाई उपचार गर्ने राम्रो स्वास्थ्य चौकी छैन, विद्यार्थी पढ्ने राम्रो विद्यालय छैन, कर्णालीका जनता आफ्नो थातथलोबाट विस्थापित हुन बाध्य छन् । गरिब र धनीले पढ्ने दुई किसिमको शिक्षा र दुईथरीको स्वास्थ्य उपचारको बन्दोबस्त रहेसम्म देश अगाडि बढ्दैन । यसकारण, नेपाली जनताले समाजवादी व्यवस्थाको निम्ति सङ्घर्ष गर्नु जरुरी छ ।"

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईंले अहिलेको सरकार मजदुर सङ्गठन, विद्यार्थी सङ्गठन, कर्मचारी युनियन खारेज गरेर फासीवादतर्फ उन्मुख भइरहेको चर्चा गर्दै सन् १८८६ मे १ मा संयुक्त राज्य अमेरिकाका मजदुरहरूले अधिकारको निम्ति रगत बगाएर सङ्घर्ष गरेको इतिहासबाट पाठ सिकेर निरङ्कुश शासनविरुद्ध एकजुट हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य जयबहादुर शाहीले स्रोत नखुलेको अकुत सम्पत्ति जोड्ने भ्रष्टहरूले सरकार चलाइरहेको उल्लेख गर्दै पुँजीवादी व्यवस्थामा जालीफटाहाले पनि शासन सञ्चालन गर्ने भएको हुँदा नेमकिपाले समाजवादी गणतन्त्रको प्रचार अभियानलाई अगाडि बढाएको चर्चा गर्नुभयो ।

कार्यक्रममा नेमकिपा कालीकोटका अध्यक्ष खड्गराज शाही, नेमकिपा अछामका अध्यक्ष झक्करबहादुर शाही, नेमकिपा कर्णाली प्रदेश समितिका धनेन्द्र विक, नेमकिपा बाँकेका प्रकाश शाही र नेक्रायुसङ्घका केन्द्रीय अध्यक्ष मीनबहादुर बाटाले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टी दैलेखको १५ औं जिल्ला सम्मेलन तयारी समितिका संयोजक जगत ओलीको सभापतित्वमा सम्पन्न उद्घाटन समारोहमा लक्ष्मी विक, सीता शाहीले पनि बोल्नुभएको थियो । जयबहादुर थापा, नवीन सिजापति, गणेश खड्का, पानसरा थापा र गोपीराम विकले देउडा गीत प्रस्तुत गर्नुभएको थियो ।

### शाहीको अध्यक्षतामा नयाँ जिल्ला समिति गठन

दैलेख । नेमकिपाको दैलेख जिल्लाको १५ औं जिल्ला सम्मेलन वैशाख २० गते सम्पन्न भयो ।

दुईदिने सो सम्मेलनले खगेन्द्रबहादुर शाहीको अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति गठन गऱ्यो ।

नेमकिपाका सचिव प्रेम सुवालले गठित जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूलाई बधाई दिँदै पार्टी अध्यक्ष रोहितले लेख्नुभएको 'राजनीतिक कार्यकर्ता बन्ने भाइ बहिनीहरूलाई चिठी' पुस्तक अध्ययन गरेर पार्टी जिल्ला समितिका साथीहरू पार्टी सङ्गठन विस्तारमा लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

त्यस्तै केन्द्रीय सदस्यहरू जयबहादुर शाही, सरोजराज गोसाईं, बखत थापाले पनि नेमकिपाको उद्देश्य र विचारअनुसार काम गर्न आग्रह गर्दै बधाई दिनुभयो ।

# कमजोर प्रतिपक्ष र भागबन्डाकै कारण भदौ २३-२४ को घटनालाई मौका




सुर्खेत । १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल क्रान्तिकारी मजदुर सङ्घ सुर्खेत जिल्ला समितिको आयोजनामा वैशाख १७ गते वीरेन्द्रनगरमा अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, “मानिस श्रम गरेर जिउने प्राणी हो । कोही शारीरिक श्रम गर्छन् भने कोही बौद्धिक श्रम । दुवै किसिमका श्रम गर्नेहरू श्रमिक हुन् । मे १ का दिन संसारभरि मनाइने अन्तर्राष्ट्रिय श्रमिक दिवस शारीरिक र बौद्धिक श्रम गर्नेहरूको विजयको दिन हो । यो दिवसमा हामी सहभागी हुनु जरुरी छ ।”

“नेका, एमाले, माओवादी, रास्वपा, राप्रपालगायत शासक दलहरू प्रमुख प्रतिपक्षीको भूमिकामा बस्न नचाहेको र सरकार भागबन्डामा लागेको हुँदा भदौ २३ र २४ गतेको घटना घटाउने तत्त्वहरूलाई मौका मिलेको हो । भदौ २३ गतेको हत्या र भदौ २४ गतेको हत्यामा संलग्नहरूलाई कारबाही हुनु आवश्यक छ,” उहाँले भन्नुभयो ।

नेमकिपाका अध्यक्ष रोहितले दुई-चार वर्षमा कुनै पार्टी र कोही नेता परिपक्व नहुने स्पष्ट पार्नुभएको उल्लेख गर्दै सचिव सुवालले थप्नुभयो, “नेपालमा निर्वाचनबाट सरकारमा गएका पार्टी र तिनका नेताहरू आफ्नो बलबुत्तामा नगएका प्रमाणहरू सार्वजनिक भइरहेको छ ।”

उहाँले भन्नुभयो, “भदौ २३ र २४ गतेको घटनाबारे छानबिन गर्न गठित आयोगसँगको बयानमा नेपाल प्रहरी अधिकारीहरूले प्रदर्शनकारीको नाममा भारतीय मूलका, जेलबाट भागेका, राजतन्त्रवादी, गुण्डाहरू, मादक पदार्थ र लागूपदार्थ सेवन गरेकाहरू भएको, सशस्त्र प्रहरी बल र नेपाली सेनाबाट घटना नियन्त्रणमा अपेक्षाकृत सहयोग र समन्वय नभएको बताए ।”

सचिव सुवालले भन्नुभयो, “वरिष्ठ पत्रकार अनिल गिरीले माउन्टेन टीभीसँगको अन्तर्वार्तामा एक लाख सेनामध्ये असी हजार सेना परिचालन गरी बालेनलाई प्रधानमन्त्री बनाउन सक्ने प्रधानसेनापतिले भदौ २४ गते सिंहदरबार आगजनी भएको निभाउन किन सकेनन् भनी प्रश्न गरे । यसरी नेपाली सेनाबारे प्रश्न उठ्नु देशको सार्वभौमिकता रक्षामा संशय पैदा हुनु हो । नेपाली जनताले इरानी जनताले जस्तै देशभक्तिको भावना देखाउनु जरूरी छ ।”

नेमकिपा कर्णाली प्रदेशका संयोजक सरोजराज गोसाईले अहिलेसम्म सरकारमा गएका शासकवर्गले कर्णालीको समस्याबारे कहिल्यै नसोचेको चर्चा गर्दै कर्णालीमा व्याप्त गरिबी, अन्धविश्वास हटाउन प्रविधि तथा श्रमसँग जोडिएको वैज्ञानिक शिक्षा जनताको पहुँचमा पुऱ्याउनु जरुरी भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “समाजवादी व्यवस्था स्थापनाको निम्ति शोषित पीडितवर्गले शोषकविरुद्ध सङ्घर्ष जारी राख्नुपर्छ ।”

पार्टीका केन्द्रीय सदस्य बखत थापाले पार्टी कार्यकर्ताहरूले साना साना कुरामा अल्भिनुभन्दा समाजवादी क्रान्तिको निम्ति जनतालाई सचेत पार्न लाग्नु जरुरी छ भन्नुभयो ।

नेक्रामसङ्घ सुर्खेतका अध्यक्ष निरकबहादुर शाहीको सभापतित्वमा सम्पन्न कार्यक्रममा पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्का, नेमकिपा सुर्खेतका अध्यक्ष हरिबहादुर बोहरा, नेक्रायुसङ्घका केन्द्रीय अध्यक्ष मीनबहादुर बाटा, नेमकिपा कर्णालीका धनेन्द्र विक, अङ्गबहादुर शाही, मनबहादुर विकले पनि बोल्नुभएको थियो ।

महेन्द्र सिजापति, शेरबहादुर शाही, रणबहादुर राना, प्रेम थापा, अकल राना, ऐनबहादुर शाही, टीका पोखरलले अन्तरक्रियामा भाग लिनुभएको थियो ।

कार्यक्रममा बिजुकला राना र शर्मिला विकले देउडा गीत र गजल प्रस्तुत गर्नुभयो भने छत्रिका रानाले देउडा, एमुना सुनार र सङ्गीता सुनारले नृत्य प्रस्तुत गर्नुभएको थियो ।

**विश्व...**

मजदुर आन्दोलनको स्मरणमा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउन थालेको बताउनुभयो ।

मे दिवसबाट मजदुर आन्दोलनमा प्रतिक्रियादीहरूको घुसपैठ हुनसक्नेतर्फ शिक्षा लिनुपर्ने उल्लेख गर्दै संयोजक वासीले सचेत र सङ्गठित मजदुर किसानहरूको आन्दोलनले मात्र जनताको समस्या समाधान गर्नसक्छ भन्नुभयो ।

सुकुमवासीलाई लालपुर्जाको भ्रूटा आश्वासन दिने एमाले, काङ्ग्रेस र माओवादीको कारण देशभर सुकुमवासी समस्या जकडिएको बताउँदै उहाँले शासक दलहरूबाट क्षतिपूर्ति दिलाउनुपर्छ भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समितिका सदस्य नवीनकुमार शाहीले कामदारवर्गको शासन व्यवस्था स्थापना गर्न नेमकिपाले सङ्घर्ष गरिरहेको बताउँदै नेमकिपाले कार्यकर्ताहरूको शिर निहुराउनुपर्ने कुनै काम गरेको छैन भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समितिका सदस्य नारायणी चौधरीले आफ्नो रोजीरोटीको निम्ति मजदुरहरूले आन्दोलन गर्दा प्रतिक्रियावादीहरूले मजदुरहरू सङ्गठित हुन नपाउने नियम बनाएका थिए भन्नुभयो ।

नेमकिपा बाँके जिल्ला अध्यक्ष शेरबहादुर विकले नेपाली जनता सचेत भएको भए भोट दिएको महिना दिनमै पछुताउनुपर्ने थिएन भन्नुभयो ।

नेमकिपा बाँके जिल्ला सचिव धनबहादुर सिजापतिको सञ्चालनमा सम्पन्न कार्यक्रममा सुर्जा थापा, वीरबहादुर चौधरी, प्रकाश शाह र दीपा बुढालगायतले नेमकिपाका अध्यक्ष रोहितद्वारा लिखित विश्व प्रशिद्ध मजदुर आन्दोलन तथा समाजवाद र सान्दर्भिक विषयवस्तुबारे टिप्पणी गर्नुभएको थियो ।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

सामाजिक सञ्जालमाः
❖जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
❖राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
❖कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
❖जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
❖शान्ति सुरक्षामा खलल पुग्ने,
❖प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
❖जनमानसमा भ्रम सिर्जना गर्ने,
जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन।
यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।
नेपाल सरकार
विज्ञापन बोर्ड

**एकक्षण** — प्रधान

# राजनैतिक दल कसैलाई संसद्, प्रदेशसभा, मेयर र वडाध्यक्ष पदमा पुऱ्याउने मेसिन (‘संयन्त्र’) मात्र होइन !

हरेक राजनैतिक दल एउटा दर्शन, वर्गीय दृष्टिकोण, राजनैतिक उद्देश्यअनुसार समाजलाई एक आदर्श समाजमा रूपान्तरण गर्नको निम्ति स्थापना गरिएको हुन्छ । त्यसको वर्षौंदेखि मात्र होइन पुस्तौंसम्म सैद्धान्तिक र राजनैतिक सङ्घर्ष गर्दै खारिएको दर्शनबाट निर्माण भएका २१ औं शताब्दीका आजका राजनैतिक दलहरू विभिन्न नाममा विद्यमान छन् ।

केही दलहरूले स्थापना गरेका सिद्धान्तहरूलाई सकारात्मक रूपले समृद्ध गरेका र व्यवहारमा लागू गरेका छन् भने केहीले संस्थापकहरूको विचार र सिद्धान्तलाई उल्टो दिशा दिएर विश्वासघात गरेका छन् । विश्व कम्युनिस्ट आन्दोलनमा कार्ल मार्क्सको निधनपछि जर्मनकै एक जना नेता वर्नस्टिनले सशस्त्र सङ्घर्षको मूल बाटो छोडी शान्तिपूर्ण र निर्वाचनबाट समाजवाद ‘आउन’ उपायको पतनको बाटो अघि सारे ।

त्यस खोटो विचारको विरोधमा रुसी कम्युनिस्ट पार्टीमा नेता लेनिन, पूर्वी युरोपेली कम्युनिस्ट पार्टीहरूकै नेताहरूमध्ये एक जना रोजा लक्जेम्बर आदिले बर्नस्टिनको खोटो उपायलाई ‘विश्वासघाती’ को रूपमा उदाङ्ग्याए र आफ्नो मार्क्सवादी भ्रन्डालाई अगाडि उठाउँदै लगे । सन् १९१७ अक्टोबरमा लेनिनको नेतृत्वमा सशस्त्र क्रान्तिकै उपायबाट समाजवादको विजय गराइएको एक उदाहरण प्रस्तुत गऱ्यो । दोस्रो विश्व युद्धमा रुस (सोभियत सङ्घ) ले लेनिनको क्रान्तिकारी सिलसिलालाई अगाडि बढाउँदै स्तालिनको नेतृत्वमा साढे दुई करोड जनताको बलिदानको बलमा हिटलर, मुसोलिनी र जापानी सैन्यवादजस्ता पुँजीवादी तानाशाहीहरू क्रूर आक्रमणलाई मित्र राष्ट्रसँग मिलेर पराजीत गऱ्यो ।

त्यस्तो बलिदानीपूर्ण समाजवादलाई अमेरिकी साम्राज्यवादको नेतृत्वमा र पश्चिमी पुँजीवादको ‘आणविक लडाइँको धम्कीको अगाडि घुँडा टेकेर, सोभियत रुसमा पुनः पुँजीवादी व्यवस्था ल्याउने उद्देश्यले खुश्चेभदेखि गोर्भाचोभसम्मको नेतृत्वले एक एक पाइला गरी पूर्वी युरोपेली समाजवादी देशहरूलाई नाटोको पोल्टामा सुम्पे तथा सोभियत सङ्घका १४ गणतन्त्रलाई समेत विघटन गर्न राजी भए । यसरी सोभियत समाजवादको नयाँ नेतृत्व पुस्ताले अमेरिकी र नाटो साम्राज्यवादको अगाडि घुँडा टेक्यो । युक्रेनको लडाइँ त्यसैको एक परिणाम हो ।

मार्क्स र एङ्गेल्सको शिक्षालाई बङ्ग्याउने मार्क्सवाद बर्नस्टिन र खुश्चेभ र गोर्भाचोभदेखि नेपालसम्म पुग्दा डा. माभ्ही, मनमोहन र ‘बहुदलीय जनवाद’ भनी समाजवाद र नयाँ जनवादी क्रान्तिलाई बङ्ग्याउने एमाले, एमाओवादी र पुँजीवादी सरकारमा जाने सबै कम्युनिस्ट नाउँका मोर्चाहरू एक एक पाइला गर्दै पतनको बाटोमा पुगे । देशको वर्तमान अमेरिकी साम्राज्यवाद र भारतीय उग्र दक्षिणपन्थी विस्तारवादमाथिका पुँजीवादी कम्युनिस्टहरू र प्रजातान्त्रिक समाजवादको वकालत गर्ने नेपाली काङ्ग्रेसकै कारण ‘घण्टी’ को सरकारलाई आउने बाटो तयार गरेको प्रस्ट छ ।

XXX

मानिसहरू साम्यवादी सरकारहरूमा सबै कुरा माथिको आदेशबाट हुन्छ, अरू राज्यका संस्थाहरू कर्मचारीहरू सबै ‘एउटा मेसिनको कलपुर्जाको दाँतीमात्रै हुन्’ भन्ने आरोप लगाउँछन् । सारमा, सोभियत सङ्घमा ‘समाजवादको पतनमा’ नेतृत्वले तल्लो वर्ग र समाजलाई नै पुँजीवादी विचार र प्रभावबाट विकृत गर्नको निम्ति ‘योग्यताअनुसारको काम’ र ‘कामअनुसारको ज्याला’ को नीतिलाई उल्ट्याई खान-लाउन र मनोरञ्जन गरेरै पनि पैसा धेरै बाँकी हुने बढी सहुलियत दिई समाजवादी सिद्धान्तलाई नै व्यवहारमा विकृत गर्दै लग्यो । सिद्धान्तमा छलफल गर्ने, परम्पराको ठाउँमा व्यवहारमा प्रजातन्त्र दिने नाउँमा ‘शान्तिपूर्ण ढङ्गले विरोध’ हडताल र बिदा बढी दिएर राष्ट्रिय उत्पादन घटाउने, कारखानाका विभिन्न विभागमा बिदा लिने नाममा कहिले कुन विभाग र कहिले कुन विभागका मजदुरहरूलाई बिदा दिएर वा ‘दिन लगाएर’ उत्पादनलाई घट्दै जाने जुक्ति लगायो । भित्रभित्र हरेक कारखाना र विभागमा स-साना ‘पुँजीवादी समूह’ बनाई शान्तिपूर्ण र मौन ‘विध्वंश’ गर्ने कामहरू गर्न लगाए । देशको जुनसुकै ठाउँमा, जहाँबाट गए पनि २-४ रुपैयाँमात्र खर्च लाग्ने तथा जसले जति लिए पनि खाए पनि हुने जस्ता ‘साम्यवादी वितरण भन्दै पूर्णरूपले अर्थतन्त्र ध्वस्त हुने गरी हरेक क्षेत्रमा ‘मौन अराजकता’ फैलाउन लागे । सिद्धान्त, व्यवहार, उत्पादन र अर्थतन्त्रलाई ध्वस्त पार्ने काम नेतृत्वले नै गर्न दियो । अन्ततः हरेक क्षेत्रमा संसारको सबभन्दा अगाडि बढेको देशलाई युद्धले भन्दा अमेरिकासँगको मित्रताले ध्वस्त पाऱ्यो । त्यसको निम्ति नेतृत्वले देशको शिक्षा, स्वास्थ्य, राजनीति, अर्थतन्त्र, घरेलु र परराष्ट्र नीति हाँक्न सबै सल्लाहकारहरू लाखौं ‘गैरसरकारी संस्थाहरू’ मार्फत अमेरिकी विशेषज्ञहरूले स्थान लिए । सोभियत सङ्घको मुद्रा ‘रुबल’ लाई अमेरिकी ‘डलर’ को तुलनामा मूल्यहीन बनाइयो ।

नेपाली काङ्ग्रेस, एमाले, माओवादी र अन्य कम्युनिस्ट भन्ने र राप्रपाजस्ता शासक दलहरूले ती उपायलाई नै पछ्याउँदै आज नेपालको अर्थतन्त्र ध्वस्त पार्दै ‘डलर’ को ‘शरण’ मा पुऱ्याउँदै छन् । एकतिहाइ देशका युवाहरूलाई विदेश पठाउने, पश्चिमी देशहरूबाट तालिम प्राप्त प्राध्यापकहरू भएको विश्वविद्यालयका कलेजहरूमार्फत ‘परीक्षा’ नलिएरै विद्यार्थीलाई उत्तीर्ण गराउँदै, विदेशी विश्वविद्यालयमा पठाउँदै विदेशी मुद्रा विदेशमै पुऱ्याउने नीति सरकारले लियो । कर्मचारीको तलब बढाउने, विदेश घुमाउने, भ्रष्टाचार गराउने, विदेशमा सम्पत्ति थुपार्ने, विदेशी पुँजीलाई ल्याउँदै देश नै सुम्पने जस्ता खोटपूर्ण नीतिले आज देशले बर्बादीको स्थिति भोग्दै छ ।

हो, अमेरिकामा ट्रम्पजस्ता नेता राष्ट्रपति हुन्छन्, त्यहाँका दलका नेता र कार्यकर्ता दर्शक मात्र बन्छन् । भारतमा प्रधानमन्त्रीहरू नेहरू र मोदीसम्मको हातमा बागडोर, तर पार्टी नेता र कार्यकर्ताहरू मूकदर्शक हुन्छन् । पार्टीहरू कमजोर बन्ने शासनमा बस्ने नेताहरू एक एक पाइला गर्दै व्यक्तिवादी बन्दै जाने पुँजीवादी व्यवस्थाकै दोष देखिँदै छ । दलहरूप्रति वा जनताप्रति उत्तरदायी नहुने पार्टी व्यवस्थाले समाजवादको सफलता प्राप्त गर्ने सपना मृगतृष्णा साबित हुनेछ । हरेक विषयमा आलोचना र आत्मा-आलोचनाको दृष्टिकोणलाई व्यवहारमा दलहरूले लागू गर्दा समस्याको समाधान सजिलो हुनेबारे सबैले मनन गरौं !

**सुकुमवासी...**

बसोबासको तयारी गरेको भए सहज समाधान निस्किन्थ्यो । अब त भ्रन् रास्वपाका सांसदहरू केपी खनाल, सागर ढकाल, भरत पराजुलीलगायतले पर्ती जग्गा, खोला मिचेर नक्सापास विना घर बनाइएको भनेर सामाजिक सञ्जालमा छ्यापछ्याप्ति आइसकेको छ । उनीहरूका घरहरू भत्काउन सरकारलाई ठूलो दबाब परेको छ । घर भत्काउँ भने आफ्नै सांसदको घर, नभत्काउँ अब जनताको आलोचना, विरोध र आक्रोशबाट बच्न नसक्ने अवस्था ।

यसअघिका सरकारहरूले सुकुमवासी समस्या समाधान आयोग पटक पटक गठन गरेका थिए । २०४७ साल यता मात्र त्यस्ता आयोगहरू १९ वटा गठन भइसकेका छन् । सुकुमवासी समस्या समाधान हुनुको सट्टा भ्रन् भ्रन् बढ्दै छ । पछिल्लो तथ्याङ्कअनुसार भूमि आयोगमा १२ लाख १३ हजारभन्दा बढीको निवेदन दर्ता भएका छन् । त्यसमध्ये ९८ हजार ८ सय बढी भूमिहीन दलित, १ लाख ८१ हजार ३ सय भूमिहीन सुकुमवासी, ९ लाख ३३ हजार ५ सय बढी अव्यवस्थित बसोबासीहरू छन् । ती सबैको लागि उचित व्यवस्थापन गर्नु सरकारको लागि ठूलो चुनौती हो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पर्ती र सार्वजनिक जग्गा संरक्षण गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हो । अहिले केन्द्र सरकारले धमाधम डोजर चलाउन थालेपछि सङ्घ र स्थानीय सरकारबीचको सम्बन्धमा पनि समस्या आउन सक्छ । हाल विस्थापनमा परेका जनतालाई कहीं न कहीं जग्गाको बन्दोबस्त गर्नुपर्ने हुन्छ । काठमाडौँलगायत विभिन्न ठाउँबाट हटाइएका सुकुमवासीहरूलाई आफ्नो पालिकामा बसोबासका लागि के पालिका तयार होलान् ? समन्वयविना अघि बढ्यो भने त्यो जटिल बन्न सक्छ ।

अहिले काठमाडौँलगायतका विभिन्न ठाउँमा बसोबास गरेकाहरूको अन्यत्र सार्ने बित्तिकै रोजगारी गुम्नेछन्, बालबच्चाहरूको पढाइ छुट्नेछन् र नयाँ ठाउँमा बसोबासको लागि समय लाग्नेछ । त्यतिबेलासम्म धेरैले आफ्नो जीवन बर्बाद भएको महसुस गर्नेछन् ।

गरिब परिवारको दुःख के हो भने थाहा नपाएका धनी मन्त्रीहरूलाई केही नहोला तर त्यहाँ बसोबास गरेका वृद्ध आमा बुबा, बालबच्चाहरूको चित्कार र रोदनले पक्कै पनि पोल्नेछ । चुनावमा भोट दिएर जिताएकाहरूले फेरि हराउन पनि सक्छन् भन्ने शिक्षा लिएनन् भने जनताको मतबाट निरङ्कुशताको जन्म हुन सक्छ । जुनसुकै निरङ्कुशता पनि जनताको लागि स्विकार्य हुने छैन । त्यसैले सुकुमवासी र भूमिहीनहरूको पहिले उचित व्यवस्थापन नीति र त्यसपछि मात्रै विस्थापन गर्न ढिलो गर्नु हुँदैन । आफ्नै नागरिकलाई विदेशीको व्यवहार गर्नु निर्वाचित सरकारको लागि सुहाउने विषय होइन ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३